असोज - १

सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३०, अङ्क ११ | २०७८, असोज १-१५ | पूर्णाङ्क ७०१



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.ब.नं. २०४३८

Email: info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत	**- अध्यक्ष**
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत	**- सदस्य**
मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत	**- सदस्य**
नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	**- सदस्य**
रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत	**- सदस्य**
अधिवक्ता श्री रूद्रप्रसाद पोखेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन	**- सदस्य**
अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन	**- सदस्य**
प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय	**- सदस्य**
सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत	**- सदस्य सचिव**

सम्पादक : श्री ध्रुवकुमार ढकाल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री रुद्र आचार्य
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखा

नायब सुब्बा श्री निलदेव रिजाल

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर बुकबाइन्डर श्री रत्नमाया महर्जन
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

इजलास नं. १	१३	इजलास नं. ८	२
इजलास नं. २	११	इजलास नं. ९	४
इजलास नं. ३	५	इजलास नं. १०	४
इजलास नं. ४	४	इजलास नं. ११	२
इजलास नं. ५	५	इजलास नं. १३	१
इजलास नं. ६	७		
इजलास नं. ७	६		
जम्मा	**५१**	**जम्मा**	**१३**

कूल जम्मा ५१ + १३ = ६४

नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

www.nkp.gov.np

मा जानुहोला ।

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन, २०७..., ... – १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७८, असोज – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सूचना

"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन" को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

मूल्य रू.४०।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
इजलास नं. १			**१ – १५**
१.	कर्तव्य ज्यान	नेपाल सरकार वि. मलाहा भन्ने रामसुवास राय	१
२.	जग्गा खिचोला चलन	गोपालप्रसाद कोइराला वि. ममता कोइराला	२
३.	निर्णय दर्ता बदर	हरि महर्जनसमेत वि. जगमाया महर्जन	३
४.	निषेधाज्ञा / परमादेश	विश्वराम नगरकोटी वि. कमला कार्की	५
५.	उत्प्रेषण / परमादेश	नरबहादुर ठाडा थापा मगरसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत	
६.	भ्रष्टाचार (घुस / रिसवत)	कोमलनाथ घिमिरे वि. नेपाल सरकार	८
७.	उत्प्रेषण	बुद्धिराज सुवेदी वि. उच्च अदालत पाटनसमेत	९
८.	उत्प्रेषण / परमादेश	राधा पोखरेल वि. शान्ति तथा पुन: निर्माण मन्त्रालय, सिंहदरबारसमेत	१०
९.	बन्दी प्रत्यक्षीकरण	छेवाङ मोक्तान वि. जिल्ला सरकारी वकिल कार्यालय, रामेछापसमेत	११
१०.	उत्प्रेषण / परमादेश	सीताराम महतो कोइरी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	१३
११.	कर्तव्य ज्यान	नेपाल सरकार वि. राधे भन्ने राजकुमार बस्नेत	१४
इजलास नं. २			**१५ – २०**
१२.	अन्तःशुल्क (०६७/०६८/०६९)	आन्तरिक राजस्व कार्यालय, हेटौंडा वि. एम.एम. पोलिमर्स प्रा.लि.	१५
१३.	लेनदेन	राजेन्द्र कसजु वि. विष्णु महर्जन	१६
१४.	प्रतिषेध / उत्प्रेषण / परमादेश	सौरभ जयसवालसमेत वि. विराटनगर उपमहानगरपालिकाको कार्यालय, विराटनगरसमेत	१७
१५.	जबरजस्ती करणी	राम सिंह साउद वि. नेपाल सरकार	१९

इजलास नं. ३			**२० – २५**
१६.	परमादेश	परिवर्तित नाम २०(क)३०.१ वि. श्री जिल्ला प्रहरी कार्यालय, धनुषासमेत	**२०**
१७.	जबरजस्ती करणी	हरिकृष्ण बाईजु वि. नेपाल सरकार	**२१**
१८.	लिखत बदर	आनन्द राय यादवसमेत वि. रामबाबु राय यादव	**२२**
१९.	उत्प्रेषण	हयात रिजेन्सी होटलमा सञ्चालित क्यासिनो प्राइड नेपालको व्यवस्थापकसमेत वि. श्रम अदालतसमेत	**२४**
इजलास नं. ४			**२५ – २७**
२०.	उत्प्रेषण	आनन्दकुमार वली वि. शिक्षा विकास तथा समन्वय इकाई, रोल्पासमेत	**२५**
२१.	निषेधाज्ञा	भिखारी महतो धानुक वि. जिल्ला प्रशासन कार्यालय, पर्सासमेत	**२७**
इजलास नं. ५			**२७ – ३६**
२२.	उत्प्रेषण / परमादेश	गमबहादुर तामाङ वि. सूचना तथा सञ्चार मन्त्रालयसमेत	**२७**
२३.	उत्प्रेषण / परमादेश	झापा स्थित शेर्पा ओरियन्टेसन कन्सल्टेन्सी प्रा.लि. वि. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसमेत	**३०**
२४.	जबरजस्ती करणी उद्योग	हरिनारायण मानन्धर वि. नेपाल सरकार	**३१**
२५.	कर्तव्य ज्यान र जबरजस्ती चोरी (साधक)	नेपाल सरकार वि. धनबहादुर गुरूङ	**३३**
२६.	कर्तव्य ज्यान	नेपाल सरकार वि. जितबहादुर भण्डारी	**३५**
इजलास नं. ६			**३६ – ४६**
२७.	परमादेश	गणेशप्रसाद सिग्देल वि. अर्थ मन्त्रालयसमेत	**३६**
२८.	उत्प्रेषण	नारायणप्रसाद देवकोटा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत	**३९**
२९.	उत्प्रेषण / परमादेश	गजेन्द्रराज शर्मा वि. मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत	**४०**

३०.	उत्प्रेषण / परमादेश	कर्णबहादुर भट्टराई वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथसमेत	४१
३१.	उत्प्रेषण	अधिवक्ता पुष्पराज पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	४२
३२.	अरूको नामबाट परीक्षा दिएको	नेपाल सरकार वि. सुरज पौडेलसमेत	४३
३३.	राजीनामा लिखत बदर दर्ता बदर दर्ता कायम	साधनी राजवंशी वि. मनोजकुमार राजवंशी	४५
इजलास नं. ७			**४६ – ५१**
३४.	बन्दी प्रत्यक्षीकरण	भोजवीर राना मगर वि. कारागार कार्यालय भरतपुरसमेत	४६
३५.	बन्दी प्रत्यक्षीकरण	श्यामप्रसाद अर्याल वि. जिल्ला प्रहरी कार्यालय, म्याग्दीसमेत	४७
३६.	बन्दी प्रत्यक्षीकरण	भिमप्रसाद अधिकारीसमेत वि. महानगरीय प्रहरी वृत्त, सोह्रखुट्टेसमेत	४९
३७.	ज्यान मार्ने उद्योग	नेपाल सरकार वि. सुभानसिं तामाङसमेत	५०
३८.	उत्प्रेषण	अलिशान अख्तरसमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौंसमेत	५१
इजलास नं. ८			**५१ – ५५**
३९.	जबरजस्ती करणी	बिक्रम कुमाल वि. नेपाल सरकार	५१
४०.	उत्प्रेषण / परमादेश	भेषराज खतिवडा वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत	५४
इजलास नं.९			**५५ - ६०**
४१.	लागु औषध (अफिम)	रोशन थापासमेत वि. नेपाल सरकार	५५
४२.	करकाप	बालकृष्ण कुस्ले वि. रामशरण धितालसमेत	५७
४३.	लेनदेन	लक्ष्मी कपाली वि. सूर्य विलास देवकोटा	५८
४४.	बन्दी प्रत्यक्षीकरण	मणीकुमार राई वि. जिल्ला प्रहरी कार्यालय, उदयपुरसमेत	६०
इजलास नं.१०			**६० - ६६**
४५.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. दयाराम पुडासैनी	६०

४६.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. जहानसिंह कार्कीसमेत	६१
४७.	उत्प्रेषण	अधिवक्ता सन्तोष बस्नेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	६३
४८.	कर्तव्य ज्यान	रूद्रबहादुर गुरूङ र नेपाल सरकार	६५
इजलास नं.११			६६ - ६८
४९.	उत्प्रेषण / परमादेश	अर्जुनकुमार खड्का वि. राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगञ्ज, काठमाडौंसमेत	६६
५०.	उत्प्रेषण	भगवान थापा क्षेत्री वि. सशस्त्र प्रहरी बल, प्रधान कार्यालय, हलचोकसमेत	६७
इजलास नं.१३			६८
५१.	बन्दी प्रत्यक्षीकरण	चन्द्रबहादुर बुढासमेत वि. इलाका प्रहरी कार्यालय, मोतिपुर बर्दियासमेत	६८

इजलास नं.१

१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, *०७१-CR-०८६५, ०७४-RC-०१३३, कर्तव्य ज्यान, नेपाल सरकार वि. मलाहा भन्ने रामसुवास राय, नेपाल सरकार वि. खहेरू राय यादव*

मिति २०६७।०६।१० मा धान काट्न पञ्जाव गएका व्यक्ति धान काट्न सकिने बित्तिकै नेपाल फर्कनुपर्ने भन्ने मनासिब आधार हुँदैन । कुनै व्यक्ति उसको इच्छा खुसीले जतिसुकै समयको लागि जहाँ पनि बस्न सक्ने हुन्छ। यो यति समयभित्र निज व्यक्ति फर्किनु नै पर्छ भन्ने तर्क गर्नु कानूनसम्मत हुँदैन। प्रमाण ऐन, २०३१ को दफा २५ मा ***"फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने छ"*** भन्ने व्यवस्था रहेको पाइन्छ। फौजदारी न्यायको सिद्धान्तअनुसार फौजदारी मुद्दामा जसले आरोप लगाउँछ, आरोप साबित गर्ने प्रमाणको भार स्वयम् उसैमा हुन्छ। शंकारहित तवरले आरोपीलाई कसुरदार साबित गर्नुपर्ने हुन्छ। आरोपीले आफू बेकसुर छु भनेर साबित गर्ने नभई आरोपकर्ताले आरोपीको आरोप साबित गर्नुपर्ने हुन्छ । यसर्थ, प्रतिवादी मलाहा भन्ने राम सुवास राय यादवले आरोपित कसुरबाट बच्न झुट्टा बयान लेखाएको भन्ने तथ्यलाई साबित गर्ने वस्तुनिष्ठ, आधारभूत ठोस प्रमाण नेपाल सरकारको तर्फबाट पेस गर्न सकेको नदेखिँदा, मात्र जाहेरीलाई आधार बनाई कुनै व्यक्तिलाई कसुरदार साबित गर्न कानूनत: मिल्दैन। अतः पुनरावेदन अदालत हेटौंडाबाट मिति ०७१।०५।२४ मा भएको फैसला प्रतिवादी मलाहा भन्ने रामसुवास रायका हकमा उल्टी गरी निजलाई समेत अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र विद्वान् सहन्यायाधिवक्ताको बहससँग सहमत हुन नसकिने।

प्रतिवादी खहेरू राय यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैद हुने ठहरी मिति २०६९।०३।२० मा सुरू रौतहट जिल्ला अदालतबाट फैसला भई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।०५।२४ मा सुरू फैसला सदर हुने ठहरी फैसला भएकोमा म्यादभित्र प्रतिवादी खहेरू राय यादवको पुनरावेदन नपरेकोले साधक दायरीमा दर्ता गर्नु भन्ने मिति २०७५।०२।१८ को टिप्पणी आदेशअनुसार साधक दायरीमा दर्ता हुन आएको देखिने।

प्रतिवादी खहेरू राय यादवले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष बयान गर्दा घौरीदेवीले राम नरेश राय यादवसँग मेरी श्रीमतीलाई ललाईफकाई पोइल लगाई दिएकीले मलाई रिस उठी उक्त मिति र समयमा म एक्लै घौरीदेवीको घरमा रातिको अँध्यारोको समयमा कसैले नदेख्ने गरी गई मैले नै हँसियाले निजको घाँटी रेटी मारेको हुँ भनी बयान गरेका छन् । निजले आफ्नो बयानमा उल्लेख गरेका तथ्यहरूमा हँसियाले प्रहार गरेको तथ्य मृतकको घाँटीमा धारिलो हतियारको चोट देखिएको लास प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनसमेतले पुष्टि गरेको पाइन्छ। अनुसन्धानको क्रममा बुझिएकी सुनैना देवीले समेत निजले मारेको भनी बकपत्र गरिदिएको देखिने।

प्रतिवादी स्वयम्ले आरोपित कसुर अपराध गरेको भनी स्वीकार गरेको अवस्था र सो स्वीकारोक्तिलाई पुष्टि गर्ने गरी भएको लास जाँच प्रकृति मुचुल्का र शव परीक्षणबाट प्रतिवादीले दबाबमा आएर आफू विरूद्धको कसुर स्वीकार गरी बयान गरेको भन्न मिल्ने अवस्था रहेन । प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम ***"मुद्दाका कुनै पक्षले व्यक्त गरेका कुनै कुरा निजका विरूद्ध प्रमाणमा लिन हुन्छ"*** भन्ने व्यवस्थाबमोजिम पनि निज प्रतिवादी खहेरू राय यादवले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष

गरेको बयानलाई निज विरूद्ध प्रमाणमा लाग्ने नै देखिने।

प्रतिवादी खहेरू राय यादवले हँसिया जस्तो जोखिमी हतियारले मृतक घौरीदेवीलाई हिर्काएको र सोही हँसियाको प्रहारले गर्दा मृतकको मृत्यु भएको भन्ने कुरा शव परीक्षण प्रतिवेदनसमेतबाट पुष्टि भइरहेको स्थितिमा निज प्रतिवादी खहेरू रायलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति ०७१।०५।२४ मा भएको फैसला मनासिब देखिने।

तसर्थ, प्रतिवादी मलाहा भन्ने राम सुवास राय यादवलाई ज्यानसम्बन्धी महलको १३(४) नं. को कसुरबाट सफाइ दिई रौतहट जिल्ला अदालतबाट मिति २०६९/१०/१० मा भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति ०७१।०५।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रतिवादी खहेरू राय यादवलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरी पुनरावेदन अदालत हेटौंडाबाट मिति ०७१।०५।२४ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: हिरा डंगोल

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७५ साल भाद्र ५ गते रोज ३ शुभम्।

२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा, *०६८-CI-०८९१, जग्गा खिचोला चलन, गोपालप्रसाद कोइराला वि. ममता कोइराला*

प्रत्यर्थी वादी निज ममता कोइरालाको नाम दर्ताको सुनसरी जिल्ला, इनरूवा गा.वि.स, वडा नं. ६/ख स्थित कि.नं. १२२२ जग्गाको क्षेत्रफल ०-०-१० रहेको भन्ने कुरा मालपोत कार्यालय, सुनसरीबाट प्राप्त जग्गाधनी दर्ता स्रेस्ताबाट देखिन्छ भने सुरू अदालतको आदेशबाट भएको मिति २०६३।९।२० को नक्सा कुण्डली हेर्दा, निज प्रत्यर्थी वादीको न.नं. १०, कि.नं. १२२२ को जग्गाको क्षे.फ ज.वि. ०-०-४$^{१}/_{४}$ मात्र देखिन्छ। त्यसैगरी निज पुनरावेदक प्रतिवादीको नाम दर्ताको कि.नं २९७ को जग्गाको क्षे.फ स्रेस्तामा ज.वि. ०-०-१० देखिन्छ भने अदालतबाट भएको नक्सा मुचुल्कामा नक्सा नं. ४ जनिई उक्त कि.नं. २९७ मा ज.वि. ०-०-९$^{१}/_{४}$ क्षे.फ रही निजको जग्गा स्रेस्ताभन्दा ०-०-$^{३}/_{४}$ धुरसम्म नपुग देखिन्छ। प्रस्तुत विवादको एवं झगडा जनिएको नक्सा नं. ६ को जग्गाको क्षे.फ. ज.वि. ०-०-४ रहेको भन्ने कुरा अदालतको आदेशबाट भई आएको नक्साबाट देखिन्छ भने उक्त जग्गासमेत निज पुनरावेदक प्रतिवादी गोपालप्रसाद कोइरालाको भोगमा रहेको भन्ने कुरासमेत नक्सामा उल्लेख भएको देखिन्छ। प्रत्यर्थी वादीको कि.नं. १२२२ को ट्रायल चेकबाट कायम भएको ०-०-८$^{३}/_{४}$ जग्गा नक्सा नं. १० मा ०-०-४$^{१}/_{२}$ मात्र भई स्रेस्तामा देखिएको भन्दा ज्यादै कम क्षेत्रफल देखिइरहेको अवस्था छ भने पुनरावेदक प्रतिवादीले आफ्नो नाम दर्ताको कि.नं. २९७ को कूल क्षे.फ ज.वि. ०-०-१० को जग्गाभन्दा बढी जग्गाको भोग गरिरहेको तथ्य मिसिल संलग्न नक्सा मुचुल्काबाट देखिने।

यसरी निज पुनरावेदकको जग्गाको क्षे.फ दर्ता स्रेस्ताभन्दा बढी देखिई सोको भोगचलनसमेत निज पुनरावेदक प्रतिवादीले गरिरहेको साथै प्रत्यर्थी वादीको जग्गा स्रेस्ताभन्दा ज्यादै न्यून रहेको भन्ने बेहोरा सुरू अदालतबाट भई आएको नक्साबाट देखिन्छ। उक्त नक्साउपर निज प्रतिवादीको कुनै प्रकारको चुनौती रहे भएको नदेखिएको स्थिति छ भने वादीको जग्गा ज्यादै न्यून हुनुको कारण प्रतिवादीले दिन सकेको पनि देखिँदैन। यसरी सँगैको सँधियार प्रत्यर्थी वादीको जग्गा स्रेस्ताभन्दा घटी देखिरहेको र निज सँधियारका

रूपमा रहेका पुनरावेदकले स्रेस्तामा देखिएकोभन्दा बढी जग्गाको भोग गरेको देखिएको र नापी नक्साको स्वरूपसमेतका आधारमा पुनरावेदक प्रतिवादीको नाम दर्ताको कि.नं २९७ को ज.वि. ०-०-१० जग्गाबाहेक गरी अर्थात् निजको स्रेस्ताअनुसारको जग्गा पुऱ्याई / छुट्ट्याई झगडा जनिएको न.नं ६ को क्षेत्रफल ज.वि. ०-०-४ मध्ये ०-०-३१/४ जग्गा प्रतिवादीले खिचोला गरेको ठहर गर्ने गरी भएको पुनरावेदन अदालत विराटनगरको फैसला अन्यथा नदेखिने।

उल्लिखित आधार, कारणबाट अदालतको आदेशबाट भएको नक्सा कुण्डलीमा पुनरावेदक प्रतिवादीको जग्गा दर्ता स्रेस्ताभन्दा बढी भई प्रत्यर्थी वादीको घटी देखिइरहेको स्थितिमा नापी नक्साको स्वरूपसमेतको आधारमा पुनरावेदक प्रतिवादीको नाम दर्ताको कि.नं. २९७ को ०-०-१० जग्गाबाहेक गरी झगडा जनिएको ०-०-४ जग्गामध्ये ०-०-३१/४ जग्गासम्म खिचोला ठहर गर्नुपर्नेमा ०-०-४ जग्गा खिचोला गरेको ठहर गरी सुरू सुनसरी जिल्ला अदालतबाट भएको मिति २०६४।१।१० को फैसला सो हदसम्म केही उल्टी गरी झगडा जनिएको न.नं. ६ को क्षेत्रफल ज.वि. ०-०-४ मध्ये ०-०-३१/४ जग्गा प्रतिवादीले खिचोला गरेको ठहर गर्ने गरी भएको पुनरावेदन अदालत विराटनगरको मिति २०६६।९।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कमलकान्त जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७५ साल पौष १८ गते रोज ४ शुभम्।

३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा, *०७०-CI-१०७५, निर्णय दर्ता बदर, हरि महर्जनसमेत वि. जगमाया महर्जन*

मूल पुरूष जोगनारायण महर्जनका चार भाइ छोराहरूमा जेठा यी पुनरावेदक बाबुकाजी महर्जन, माहिला प्रत्यर्थी तिर्थमान ज्यापु, साहिलो साहिला महर्जन, कान्छा पुष्पमान रहेको र यी दाजुभाइमा २०३० सालमा अंशबन्डा भइसकेपश्चात् सम्पूर्ण दाजुभाइको मन्जुरीमा मेरो भागमा परी २०३० सालको बन्डा र २०४०।१।१४ को का.जि.अ.को मिलापत्रबमोजिम मैले एकलौटी भोग चलन गरी आएको कि.नं. ५६ को जग्गा बुबाको मृत्युपछि मेरा नाउँमा दर्ता नामसारी गरी ज.ध.प्र.पुर्जा पाउँ भनी प्रत्यर्थी तिर्थमान ज्यापुले मालपोत कार्यालय काठमाडौंमा मिति ०४१।१२।२९ मा दिएको निवेदन तामेलीमा रहेकोमा पुनः मिति ०५०।३।२२ मा निज तिर्थमानले मालपोत कार्यालय काठमाडौंमा सोही बेहोराको निवेदन दिँदा उक्त कि.नं. ५६ को जग्गामा अरू हकदार भए ३५ दिनभित्र स-प्रमाण दाबी गर्नु भन्ने मा.पो.का. काठमाडौंले गोरखापत्रमा प्रकाशित गरेको सूचनामा कसैको हक दाबी नपरेको, उक्त कि.नं. ५६ को जग्गा निवेदक तिर्थमान ज्यापुका नाउँमा दर्ता भएमा केही फरक पर्दैन भनी तुलारत्न तुलाधरसमेतका जना ७ ले सर्जमिन कागज गरिदिएको समेतका कारणले उक्त गोंगबु गा.वि.स. वडा नं.५(ख) कि.नं. ५६ क्षेत्रफल १–६–२ को जग्गा मालपोत ऐन, २०३४ को दफा ७(२) र ८(१) अनुसार तिर्थमान ज्यापुका नाउँमा दर्ता नामसारी हुने ठहर्छ भन्ने मा.पो.का. काठमाडौंको मिति २०५८।४।३१ को निर्णयबाट प्रस्तुत मुद्दाको उठान भएको पाइने।

पुनरावेदक बाबुकाजी र प्रत्यर्थी तिर्थमान एवं साहिला महर्जन र पुष्पमानसमेत ४ दाजुभाइका बिचमा मिति २०४०।१।१४ मा काठमाडौं जिल्ला अदालतबाट अंश लिनेदिने गरी भएको मिलापत्र हेर्दा पुनरावेदक बाबुकाजीको भागमा घर तथा कि.नं. १९३ र ७४ का २ कित्ता जग्गा, तिर्थमानको भागमा घर तथा कि.नं. २६ र सितापाइला वडा नं. १ को कि.नं. नखुलेको जग्गा ३–८–० मध्येबाट ३ भागको १ भाग पाउने, साइला महर्जनको भागमा घर तथा कि.नं. ००७ सितापाइलाको ३–८–० जग्गामध्ये ३ खण्डको १

खण्ड र कान्छा पुष्पमानको भागमा घर र कि.नं. ३६४ र सितापाइलाको ३–८–० जग्गामध्ये ३ खण्डको १ खण्ड अंश पाउने गरी मिलापत्र भएको देखिन्छ । सो मिलापत्रमा पुनरावेदक बाबुकाजीको भागमा परेको जग्गा गोंगबु वडा नं. ४ कि.नं. १९३ भनी र प्रत्यर्थी तिर्थमानको भागमा परेको जग्गा बालाजु गा.वि.स. वडा नं. ५(ख) को कि.नं. २६ भनी उल्लेख भएको पाइने।

बाबुकाजी महर्जनले मिलापत्रमा उल्लेख भएको जग्गा गोंगबु गा.वि.स. वडा नं. ४(क) कि.नं. १९३ नभई धापासी गा.वि.स. वडा नं. ८(क) कि.नं.१९३ को जग्गा हो भनी तिर्थमान ज्यापुसमेतलाई विपक्षी बनाई दायर गरेको निर्णय बदरसमेत मुद्दामा यसै अदालतबाट विवादित जग्गा नै मिति २०४०।१।१४ को मिलापत्रले आफ्नो भागमा परेको भनी वादीले दाबी लिएकोमा सो विवादको कि.नं. १९३ को जग्गा वादीको भागमा परेको होइन मिलापत्रमा उल्लेख गरिएको कि.नं. १९३ को जग्गा यो हो भनी प्रतिवादीहरूले भन्न देखाउन सकेको पाइँदैन। विवादित जग्गा पुनरावेदक वादीकै नाउँमा दर्ता रही निजले नै भोग चलन गरी तिरो तिरानसमेत गरी आएको देखिँदा मिलापत्रमा पञ्चायत र वडा नं. फरक परेको भन्ने आधारमा मात्र मिलापत्रबाट पुनरावेदक वादीले पाएको होइन भन्न मिल्ने देखिन नआउने।

गोंगबु कि.नं. ५६ को जग्गा २०४० सालको मिलापत्रबाट प्रत्यर्थी तिर्थमानको भागमा परेको देखिँदा सो कि.नं. ५६ को जग्गा निज तिर्थमानको नाउँमा दर्तासमेत हुने ठहऱ्याई मालपोत कार्यालय काठमाडौंबाट मिति ०५८।४।३१ मा भएको निर्णय सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६७।०९।१२ मा भएको फैसला मिलेको छ वा छैन भन्नेतर्फ विचार गर्दा, मिलापत्रमा उल्लिखित कि.नं. २६ को जग्गा यी वादी र प्रत्यर्थी र निजका पिता जोगनारायणसमेतको नाउँमा सुरूदेखि दर्ता रहेको भन्ने मा.पो.का. काठमाडौंको मिति ०६७।४।२८ को पत्रबाट नदेखिने।

पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरबमोजिम यदि गोंगबु वडा नं. ५(ख) कि.नं. ५६ को जग्गा नभई मिलापत्रमा उल्लिखित बालाजु वडा नं. ५(ख) कि.नं. २६ को जग्गा मात्र प्रत्यर्थी तिर्थमानको अंश भागमा परेको हो भने निजको अंश भागमा परेको भन्ने बालाजु वडा नं. ५(ख) कि.नं. २६ को जग्गा कहाँ छ र कसको नाममा छ भन्ने तथ्य प्रमाण पुनरावेदक पक्षले स्पष्टसँग खुलाउन सकेको नपाइने।

एउटै मिति २०४०।१।१४ को मिलापत्रले बाबुकाजी महर्जनको भागमा परेको जग्गा गोंगबु गा.वि.स. वडा नं. ४(क) कि.नं. १९३ को नभई धापासी गा.वि.स. वडा नं. ८(क) कि.नं.१९३ को जग्गा हो भनी तिर्थमान ज्यापुसमेतलाई विपक्षी बनाई दायर गरेको निर्णय बदरसमेत मुद्दामा यसै अदालतबाट मिलापत्रमा पञ्चायत र वडा नं. फरक परेको भन्ने आधारमा मात्र मिलापत्रबाट पुनरावेदक वादीले पाएको होइन भन्न मिल्ने देखिन आएन भन्ने आधार लिई धापासी गा.वि.स. वडा नं. ८(क) कि.नं.१९३ को जग्गा बाबुकाजी महर्जनको भागमा पर्ने ठहरी फैसला भइसकेको परिस्थितिमा समेत प्रत्यर्थी तिर्थमानको अंश भागमा परेको बालाजु वडा नं. ५(ख) कि.नं. २६ नभई गोंगबु वडा नं. ५(ख) कि.नं. ५६ नै हो भन्नेमा कुनै दुविधा छैन । किनभने एउटै मिलापत्रमा एक जनाको भागमा परेको अंशको गा.वि.स. र वडा नं. फरक पर्न सक्छ भने अर्को व्यक्तिको भागमा परेको अंशको गा.वि.स. र कि.नं. फरक नपर्ला भन्न सकिने अवस्था नरहने।

मिलापत्रमा उल्लिखित कि.नं. २६ को जग्गा यो यस ठाउँमा पर्दछ, यो हो भनी पुनरावेदकले देखाउन, भन्न सकेको पाइएन। मिति २०४०।१।१४ को मिलापत्रमा बालाजु कि.नं. २६ लेखिन गएको जग्गा वास्तवमा गोंगबु ५(ख) कि.नं. ५६ हुनुपर्नेमा फरक लेखिन गएको भन्ने देखिन आएको छ। अर्थात् २०४० सालको मिलापत्रमा गा.वि.स.को नाउँ र कित्ता

नम्बर फरक पर्न गएको भन्ने स्पष्ट देखिन आयो। त्यस्तै, प्रत्यर्थी तिर्थमानले मिलापत्रबमोजिम जग्गा दर्ता गरिपाउँ भनी मिति ०४१।१२।२९ मा निवेदन दिई हकदाबीसम्बन्धी सूचना मिति ०५७।८।३० को गोरखापत्रमा प्रकाशित भएको सूचनामा कसैको हकदाबी उजुरीसमेत परेको नदेखिने।

२०४० सालमा अंश मुद्दाको मिलापत्रमा रहेकै व्यक्तिमध्ये साइला महर्जनले यस अदालतमा आई प्रत्यर्थी तिर्थमानको नाममा गोंगबु वडा नं. ५(ख) कि.नं. ५६ कै जग्गा परेकोले अरू अंशियारलाई छुट्याएको होइन र कि.नं. २६ को जग्गा हामी कुनै अंशियारभित्रको अंश लाग्ने जग्गा होइन भनी बयान गरिदिएको देखिन्छ। आफ्ना बाबुको नाउँमा दर्ता भई नसकेका जग्गाहरू क्षेत्रफलसमेत नखुलाई २०४० सालमा मिलापत्र हुन गएको देखिन्छ। दर्ता नै हुन बाँकी जग्गा हुँदा दुवै पक्षको नाममा परेको जग्गाको कित्ता नम्बर, गा.वि.स. वडा नं.हरू मिलापत्रमा फरक पर्न गएको स्वाभाविक मान्नुपर्ने देखिने।

२०४० सालको मिलापत्र अंशियारहरूको बिचमा जग्गाहरूको बाँडफाँट तथा प्रत्यर्थी तिर्थमानले सो मिलापत्रमा उल्लिखित बालाजु कि.नं. २६ को जग्गा अन्यत्र कहीँ दर्ता गराएको नभई अंशियारबाहेकको अन्य व्यक्तिको दर्ता रहेको पुष्टि हुन आएको २०४६ सालमा डोरमा कि.नं. ५६ को जग्गा अबन्डा भनी पुनरावेदकले निवेदन दिए तापनि सो निवेदनको कारबाही प्रक्रिया अघि बढेको नदेखिएको र सो निवेदन मालपोत कार्यालयमा दर्ता नै नरहेको भन्ने मालपोत कार्यालय काठमाडौंको मिति ०६७।६।५, च.नं. १८३९ को पत्रबाट देखिन आउने।

मिलापत्रमा भएको जग्गा कि.नं. २६ नै कि.नं. ५६ को जग्गा हो यदि होइन भने मिलापत्रमा लेखिएको कि.नं. ५६ को जग्गा नभए अर्को कुन हो भनी पुनरावेदक पक्षले स्पष्ट रूपमा पुष्टि गराउन सक्नुपर्छ। अतः २०४० सालको अंश मिलापत्रबाट नै कि.नं. ५६ को जग्गा प्रत्यर्थी तिर्थमानको भागमा परेको तथ्य पुष्टि भएको देखिने।

तसर्थ, विवेचित गरिएका आधार, प्रमाणहरूबाट गोंगबु कि.नं. ५६ को जग्गा २०४० सालको मिलापत्रबाट प्रत्यर्थी तिर्थमानको भागमा परेको देखिँदा सो कि.नं. ५६ को जग्गा निज तिर्थमानको नाउँमा दर्तासमेत हुने ठहऱ्याई मालपोत कार्यालय, काठमाडौंबाट मिति ०५८।४।३१ मा भएको निर्णय सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६७।०९।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हिरा डंगोल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल जेठ २५ गते रोज ६ शुभम्।

यसमा यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-CR-११२७, जालसाजी, नारायण महर्जन वि. जगमाया महर्जनसमेत
- ०७२-CI-१०४७, लिखत बदर, नारायण महर्जन वि. जगमाया महर्जनसमेत

४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल, *०७२-CI-०१९५, ०२५५, निषेधाज्ञा / परमादेश, विश्वराम नगरकोटी वि. कमला कार्की, पिताम्बर अधिकारी वि. कमला कार्की*

प्रत्यर्थी निवेदकले हाल कच्ची घर टहरा बनाई बसेको ललितपुर जिल्ला साबिक सैबु आदर्श गाउँ पञ्चायत वडा नं.४(ख) भैँसेपाटीस्थित जग्गा निजलाई तत्कालीन गाउँ पञ्चायतको मिति २०३७।९।६ गतेको निर्णयबाट घरबास प्रयोजनार्थ उपलब्ध गराएको देखिन आयो। प्रत्यर्थी निवेदकलाई पूर्वपट्टि लम्बाइ २४ फिट र उत्तर दक्षिण चौडाइ १५ फिट बराबरको जग्गा उपलब्ध गराउन स्वीकृति प्रदान गरेको गाउँ पञ्चायतले यसरी जग्गा उपलब्ध गराएबापत सालिन्दा ६/६ रूपैयाँका

दरले तिरो बुझाउनुपर्ने सर्त रहेबमोजिम नै निर्णय मितिभन्दा पछिका मितिमा निवेदकबाट तिरो लिए बुझेको भन्ने पनि मिसिल संलग्न कागजातबाट देखिन आयो । उक्त जग्गामा निवेदकले मिति २०३८।२।६ मा खानेपानी तथा मिति २०३९।६।१५ मा बिजुली बत्तीको लाइन जोडी हालसम्म निरन्तर बसोबास गरिआएको समेत कागजातहरूबाट देखिने।

नक्सा मुचुल्काबाट प्रत्यर्थीको जग्गाको क्षेत्रफल पनि सामान्य घरबास गर्न मिल्ने घडेरीभन्दा बढिरहेको भन्ने नदेखिएको र पुनरावेदकहरूले दाबी गरेको कि.नं ४२४ को जग्गाको परिधिभित्र प्रत्यर्थीले घरबास गरी भोग गरेको जग्गा रहेको भन्नेसमेत देखिन आएन । पुनरावेदन अदालत पाटनले जारी गरेको निषेधाज्ञा आदेशले यी पुनरावेदकहरूको हकमा आघात परे नपरेतर्फ हेर्दा पुनरावेदकहरूले निर्माण गर्ने भनी उल्लेख गरेको भवन प्रत्यर्थीको घरटहरा नहटाईकन नै निर्माण भइसकेको भन्ने कुरा आजै बहसका क्रममा इजलाससमक्ष प्रस्तुत तस्बिरहरूबाट समेत देखिन आयो। पुनरावेदकको कार्यालय भवन नै निर्माण भइसकेको अवस्थामा सो निवेदिकाको घरले पुनरावेदकहरूको उक्त कार्यालयलाई असर परेको भन्ने पनि नदेखिने।

प्रत्यर्थी निवेदकले घरबास प्रयोजनार्थ तत्कालीन गाउँ पञ्चायतबाट घडेरी जग्गा प्राप्त गरी सोही घडेरीमा कच्ची घर बनाई २०३७ सालदेखि हालसम्म निरन्तर भोग गरी आएको तथा पूर्वसर्तअनुसार तिरोसमेत बुझाएको देखिन आयो । उक्त जग्गामा प्रत्यर्थीको भोग नरहेको भन्ने कुरा पुनरावेदकहरूका तर्फबाट भन्न सकेको देखिएन । नक्सा मुचुल्काबाट पुनरावेदकले दाबी लिएको कि.नं ४२४ को जग्गाअन्तर्गत प्रत्यर्थीले बसोबास गरिआएको जग्गा पर्न आउनेसमेत नदेखिएको अवस्थामा हाल निवेदक एकल महिला रहेकी र आर्थिक अवस्थासमेतलाई दृष्टिगत गरी तत्कालीन गाउँ पञ्चायतले उपलब्ध गराएको जग्गामा २०३७ सालदेखि निरन्तर बसोबास गरी चीरभोग कायम गरेकी प्रत्यर्थी निवेदकले पर्ती जग्गामा घर बनाएको भन्दैमा निजको घरबास नै उठाउनु न्यायोचित नदेखिने।

अत: उपर्युक्तबमोजिम माथि विवेचित तथ्य एवं प्रमाणसमेतका आधारमा निवेदिकाले निर्माण गरी भोगचलन गर्दै आएको दाबीको घर जग्गा र भोगाधिकारमा आघात पर्ने गरी कुनै कार्य नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाउँमा नागरिक अधिकार ऐन, २०१२ को दफा १७(२) नं. अनुसार निषेधाज्ञाको आदेश जारी हुने ठहराई पुनरावेदन अदालत पाटनले मिति २०७१।४।२१ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुभाषचन्द्र दाहाल
कम्प्युटर: कृष्णमाया खतिवडा
इति संवत् २०७५ साल माघ ६ गते रोज १ शुभम्।

५

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल, *०७३-WO-००४०, उत्प्रेषण / परमादेश, नरबहादुर ठाडा थापा मगरसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*

श्री कुमारी निजी शैक्षिक गुठीका संस्थापक गुठियारहरू फर्शुराम शर्मालगायत विरूद्ध गोश्वारा दर्ता नम्बर २४६२३/२०७१/१०/२७ तथा नयाँ गुठियारा नरबहादुर ढाडा मगरलगायत विरूद्ध उजुरी दर्ता नम्बर १२४५०/२०७१/३/१७ मा परेको आर्थिक अनियमितता तथा विधान / नियमविपरीत संस्था पुनर्गठित गरेको भन्नेलगायत बेहोराका उजुरीहरूको सम्बन्धमा छानबिन हुँदा उक्त संस्था एक निजी शैक्षिक गुठीको रूपमा मिति २०६१।२।२५ मा क्षेत्रीय शिक्षा निर्देशनालय, पश्चिमाञ्चलमा दर्ता भई सञ्चालनमा रहेको देखिएको तथा उक्त संस्थाको दर्ता, आर्थिक सहयोग लिने प्रक्रिया, संस्थाको बजेट सङ्कलन, खर्च गर्ने पद्धति, गुठियारहरूको हैसियत, विधान

संशोधन, कार्यक्रम सञ्चालन, संस्थाको बैंक खाता सञ्चालनलगायतका विषयमा थप छानबिन गर्नुपर्ने देखिएको हुँदा उल्लिखित विषयहरूउपर आवश्यक छानबिन नियमन गर्न शिक्षा मन्त्रालयको मिति २०७२।८।२८ को निर्णय तथा मिति २०७२।१०।७ को पत्रबाट छानबिन समिति गठन भई उक्त समितिको प्रतिवेदनको आधारमा शिक्षा विभागबाट मिति २०७३।१।१६ मा उक्त विद्यालयको सम्बन्धमा क्षेत्रीय शिक्षा निर्देशनालयलाई पत्राचार गरिएको भन्ने देखिन्छ । यसरी आर्थिक अनियमितता तथा विधान / नियमविपरीत संस्था पुनर्गठित गरेको भन्नेलगायत बेहोराका उजुरीहरू परिसकेपछि सो सम्बन्धमा छानबिन तथा regulating र monitoring पनि गर्न नपाउने भन्ने हुँदैन। उक्त निर्णयबाट रिट निवेदकले रिट निवेदनमा उल्लेख गरेजस्तो संविधान र कानूनविपरीत कुनै कार्य भएको भन्ने नदेखिने।

नेदरल्याण्डस्थित तम्सरीया फाउन्डेसनको प्रत्यक्ष सहयोगमा श्री कुमारी प्राथमिक विद्यालय स्थापना भएको, पछि संस्थागत विद्यालयले कम्पनी वा शैक्षिक गुठीअन्तर्गत सञ्चालन गर्नुपर्ने कानूनी व्यवस्थानुसार यो विद्यालय २०६० सालमा निजी शैक्षिक गुठीअन्तर्गत सञ्चालन गर्न क्षे.शि.नि. पश्चिमाञ्चलले दर्ता गरेको विधानलाई यो विद्यालयको प्राप्त आर्थिक स्रोत र कुमारी गुठीले गरेको चौतर्फी सामाजिक लगानी / कार्यसमेतलाई दृष्टिगत गर्दा कुमारी निजी शैक्षिक गुठीलाई गुठीको विधान संशोधन गरी सार्वजनिक शैक्षिक गुठीमा परिवर्तन गर्दा यसले गर्दै आइरहेको काम कर्तव्यमा कुनै प्रकारको कमी आउँछ वा कसैको हक अधिकार हनन् हुन पुग्छ भन्ने कहीँकतैबाट देखिन नआउने।

पर्यटक भिषामा नेपाल आउने विदेशी पर्यटकलाई प्रचलित अध्यागमन नियमावली, २०५१ (संशोधनसहित) मा व्यापार, व्यवसाय तथा रोजगारी गर्न पाउने व्यवस्था उल्लेख नभएकोले गुठीको संशोधित विधानअनुसार श्री कुमारी गुठीका संस्थापक भई कार्य गर्दै आउनु भएकी नेदरल्याण्ड निवासी श्री टेरेसा भान रजवाइकले विद्यालयलगायत उक्त क्षेत्रमा गर्नुभएको योगदानको कदर गर्दै निजलाई गुठीको संस्थापक रहने गरी गरिएको व्यवस्थाको सट्टा संरक्षकको रूपमा रहने गरी विधान संशोधन हुँदा श्री कुमारी गुठीमा उहाँले पुऱ्याउने योगदानमा फरक पर्छ भन्ने देखिँदैन किनभने निज श्री टेरेसा भान रजवाइक मिति २०६६।२।१४ को श्री कुमारी निजी शैक्षिक गुठीको बैठक संस्थापक एवं गुठियार प्रमुख श्री महेशप्रसाद पाण्डेको अध्यक्षतामा बसेको बैठकले विधान संशोधन गरी विपक्षी टेरेसाभान रेजवाइकलाई संरक्षकबाट संस्थापक बनाउने निर्णय गर्नुपूर्व संरक्षकमै बसेको देखिने।

कुनै पनि विदेशी व्यक्तिले आफ्नो निस्वार्थ भावनाले कुनै संस्थालाई सहयोग गर्छ वा गर्न इच्छुक छ भने निजलाई सम्बन्धित संस्थाको संस्थापक रहन दिए मात्र विदेशी सहयोग प्राप्त हुने अन्यथा नहुने भन्ने नहुने।

कुमारी निजी शैक्षिक गुठीको विधानमा संशोधन गर्दा प्रचलित कानूनी व्यवस्थाको विपरीत हुने गरी संशोधन गर्न मिल्ने देखिँदैन। त्यसैगरी विधान संशोधन गर्दा सञ्चालक समितिको बैठकबाट दुई तिहाई बहुमतबाट प्रस्ताव पारित गर्नुपर्ने प्रावधानविपरीत गुठियारद्वारा भएको निर्णयलाई पनि विधान अनुकूल मान्न नसकिने।

श्री कुमारी निजी गुठीको सञ्चालन सम्बन्धमा उजुर परी सो सम्बन्धमा विस्तृत जाँचबुझ भई प्रतिवेदनसमेत पेस भएको भन्ने लिखित जवाफ तथा संलग्न कागजातबाट देखिन्छ। उक्त जाँचबुझ समिति गठनको निर्णयमा रिट निवेदकको कुनै दाबी नरहेको अवस्थामा सो समितिले दिएको सुझावको सम्बन्धमा मात्र लिएको दाबी आफैँमा अपूर्ण रहेको देखिने।

यसरी श्री कुमारी निजी गुठीको विधानमा संशोधन गर्दा नै प्रचलित कानून तथा उक्त गुठीको

विधानद्वारा निर्धारित प्रक्रियाअनुसार भएको नदेखिएको र छानबिन समिति गठन गर्ने गरी भएको निर्णय बदर नभई यथावत् रहेको र सो छानबिन समितिद्वारा दिइएको सुझावहरू कार्यान्वयनबाट निवेदकहरूको हकमा गम्भीर संवैधानिक तथा कानूनी हक अधिकारको हनन भएको देखिन नआएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन तसर्थ, प्रस्तुत निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत रिट निवेदन खारेज हुने ठहरेकोले मिति २०७३।०४।१८ मा यस अदालतबाट जारी भएको अन्तरिम आदेश स्वतः निस्क्रिय हुने ।

इजलास अधिकृत: हिरा डंगोल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल चैत २२ गते रोज ५ शुभम् ।

६

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., *०७३-CR-११३२, भ्रष्टाचार (घुस / रिसवत), कोमलनाथ घिमिरे वि. नेपाल सरकार*

प्रस्तुत मुद्दाको अनुसन्धानको सिलसिलामा सङ्कलित भई आएका मिसिल संलग्न कागजातहरू, शोभा न्यौपाने र विनय महतको संयुक्त निवेदन, बरामदी मुचुल्का, प्रहरी नायब उपरीक्षक राजेन्द्रकुमार थापा क्षेत्रीसमेतको प्रतिवेदन, प्रतिवादी कोमलनाथ घिमिरेको बयान, निवेदकद्वय शोभा न्यौपाने र विनय महतको बयान, निवेदकद्वयले पेस गरेको घुस रकम लिएको देखिएको भिडियो सिडीसमेतका आधार प्रमाणलाई समष्टीगत रूपमा अध्ययन विश्लेषण गर्दा जिल्ला भक्तपुर सूर्यविनायक न.पा. वडा नं. ११ पलाँसे स्थित हाल कक्षा ५ सम्म सञ्चालन भइरहेको बाल गणेश इङ्लिस स्कुलको कक्षा ६ सम्मको स्तरोन्नतिका लागि जिल्ला शिक्षा कार्यालय भक्तपुरका विद्यालय निरीक्षक कोमलनाथ घिमिरेले रू.३०,०००।- (तिस हजार) घुस रिसवत माग गरेको हुँदा निजलाई घुस रिसवत दिनका लागि रू.३०,०००।– आयोगबाटै उपलब्ध गराई पाउँ भनी शोभा न्यौपाने र विनय महतको आयोगमा संयुक्त निवेदन परी सो निवेदनको कारबाहीको क्रममा निवेदकसँग समन्वय गरी घुस रिसवत लिएको पाइएमा दशी प्रमाणसहित मानिस पक्राउ गरी दाखिला गर्नको लागि आयोगका प्रहरी नायब उपरीक्षक राजेन्द्रकुमार थापा क्षेत्रीलाई खटाई पठाइएकोमा मिति २०७१।११।२७ गतेका दिन जिल्ला भक्तपुर मध्यपुर ठिमी नगरपालिका वडा नं. १५ ठिमी स्थित शैलुङ्गेश्वरी डेरी एण्ड बेकरी सप अगाडिको सडकबाट कोमलनाथ घिमिरेले निवेदकसँग रू.३०,०००।- (तिस हजार) घुस / रिसवत लिइसकेको अवस्थामा पक्राउ गरी दशी प्रमाणसहित प्रतिवेदनसाथ आयोगमा दाखिला गरेको देखिन आउने ।

निवेदकहरूसँग पुनरावेदक प्रतिवादी कोमलनाथ घिमिरेले विद्यालयको स्तरउन्नतिको लागि रकम माग गरेको हुनाले पुनरावेदक प्रतिवादीलाई दिन रू.३०,०००।– अख्तियार दुरूपयोग अनुसन्धानबाट नै उपलब्ध गराइपाउँ भनी आयोगमा निवेदन दिई उक्त नोटहरूका नम्बरसमेत उल्लेख गरी भर्पाई गरी निवेदकहरूले बुझिलिएको रकम पुनरावेदक प्रतिवादी कोमलनाथ घिमिरेको साथबाट बरामद भएको मिसिल संलग्न मिति ०७१।११।२७ गतेको बरामदी मुचुल्काबाट देखिन आएको र सो बरामदी मुचुल्काको रोहबरमा प्रतिवादी पुनरावेदक स्वयम् बसेको तथा निज निवेदकहरूले प्रतिवादीलाई दिन बुझी लिएको नोटहरूका नम्बर र बरामद भएको नोटहरूका नम्बरहरू एक आपसमा मिलेभिडेको देखिने ।

बरामदी मुचुल्काबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएका नोटहरू बरामद भएको देखिएको छ र सो तथ्यलाई मिसिल संलग्न रहेको सिडीमा भएको श्रव्यदृश्यले समेत पुष्टि गरेको छ । सो बरामदी रकम प्रतिवादीको साथमा अन्य कारणबाट रहन पुगेको भन्नेतर्फ कुनै तथ्यगत बेहोरा खुल्न आएको देखिँदैन । बरामदी मुचुल्का, सि.डी.

बाट देखिएको श्रव्यदृश्यलगायतका स्वतन्त्र प्रमाणबाट प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान समर्थित भएको देखिने।

बरामदी मुचुल्कामा बस्ने विश्वकुमार कार्की, किशोरकुमार धानुकलगायतले प्रतिवादीको साथबाट रू.३०,०००।- बरामद भएको र प्रतिवेदनको बेहोरा ठिक सत्य साँचो हो भनी अदालतसमक्ष गरेको बकपत्र, उजुरवाला निवेदकहरू विनय महत र सोभा न्यौपानेले अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट रू.४०,०००।- बुझी लिएकोमध्ये रू.३०,०००।- यी पुनरावेदक प्रतिवादी कोमलनाथ घिमिरेको साथबाट बरामद भएको र मिसिल संलग्न रहेको पुनरावेदक प्रतिवादी कोमलनाथ घिमिरे र निवेदक विनय महतबिच गणेश इङ्लिस स्कुलको कक्षा ६ सम्मको स्तरोन्नतिका लागि घुस रिसवत लेनदेन गर्ने विषयमा कुराकानी भएको सि.डि.को रेकर्डबाट समेत पुनरावेदक प्रतिवादीले उजुरकर्ताहरूसँग रिसवत लिएकोमा शंका रहेको नदेखिँदा पुनरावेदन जिकिर र पुनरावेदकतर्फका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादी कोमलनाथ घिमिरेको साथबाट बरामद भएको रू.३०,०००।- (तिस हजार रूपैयाँ) निवेदकहरूले अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भरपाई गरी लिएको नम्बर नोटका रकम बरामद भएको बरामदी मुचुल्का, उजुरवाला निवेदकहरू र बरामदी मुचुल्काका व्यक्तिहरूले गरेको बकपत्र तथा मिसिल संलग्न सिडी (श्रव्यदृश्य) समेतका प्रमाणहरूबाट प्रतिवादी कोमलनाथ घिमिरेले अभियोग मागदाबीअनुरूप निवेदकहरूबाट रू.३०,०००।- रिसवत लिएको पुष्टि भएको देखिँदा निज प्रतिवादी कोमलनाथ घिमिरेले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुर गरेको देखिन आउँदा निज प्रतिवादीलाई ऐ. ऐनको दफा ३(१) बमोजिम रू.३०,०००।- (तिस हजार) रूपैयाँ जरिवाना र ऐ. ऐनको दफा ३(१)(ख) बमोजिम ३(तीन) महिना कैदसमेत हुने ठहऱ्याई विशेष अदालत काठमाडौंबाट मिति २०७३।०९।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हिरा डंगोल

इति संवत् २०७४ साल मङ्सिर १२ गते रोज ३ शुभम्।

७

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७५-WO-०२४७, उत्प्रेषण, बुद्धिराज सुवेदी वि. उच्च अदालत पाटनसमेत*

प्रत्यर्थीमध्येका नरमकाजी श्रेष्ठ र दुर्गादेवी हलुवाईको बिच मिति २०६८।०२।१९ मा काठमाडौं जिल्ला अदालतबाट मिलापत्र भई पति पत्नीको सम्बन्ध विच्छेद भएको तथ्यमा कुनै विवाद देखिँदैन। सो तथ्य निजहरू दुवैले लिखित जवाफमा स्वीकार गरेको तथा सो कुरा मिसिल संलग्न मिलापत्रको कागजातबाट समेत देखिन्छ। यसरी कानूनबमोजिम जिल्ला अदालतबाट सम्बन्ध विच्छेद हुने गरी भएको मिलापत्रलाई अन्यथा मान्न मिल्ने अवस्था देखिँदैन। कानूनबमोजिम सम्बन्ध विच्छेद भइसकेको अवस्थामा अझै निजहरूबिच सम्बन्ध कायम नै छ भन्ने अवस्था हुँदैन। तसर्थ, पति पत्नीको नाता सम्बन्ध विच्छेदपश्चात् नरमकाजी श्रेष्ठ र दुर्गादेवी हलुवाई एकासगोलको पति पत्नी नभई अलग अलग कानूनी हैसियत रहेको कुरामा विवाद नदेखिने।

रिट निवेदकले निज वादी र प्रतिवादी नरमकाजी श्रेष्ठ भएको लेनदेन मुद्दामा फैसलाबमोजिम बिगो असुल गर्ने प्रयोजनार्थ काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १० को कित्ता नं. ८४ र काठमाडौं जिल्ला, चपली भद्रकाली गा.वि.स., वडा नं. ४(क), कित्ता नं.१६ को जग्गाहरू रोक्का रही रहेकोमा सोही जग्गाबाट बिगो असुलउपर गरी पाउन माग गरेको देखिन्छ। सो जग्गाहरू दुर्गादेवी हलुवाईको नाउँ दर्तामा रहेको कुरा रिट निवेदक स्वयम्ले समेत

स्वीकार गरेको देखिँदा सो कित्ताका जग्गाहरू निज दुर्गादेवी हलुवाईको एकल हकभोगको जग्गाहरू रहेकोमा कुनै विवाद देखिँदैन। मिति २०६८।०२।१९ मा नै मिलापत्रबाट विधिवत् नरमकाजी श्रेष्ठ र दुर्गादेवी हलुवाईबिच पतिपत्नीको नाता सम्बन्ध विच्छेद भइसकेको अवस्थामा नरमकाजी श्रेष्ठले मिति २०७०।०७।१२ मा दुर्गादेवी हलुवाईको नाउँमा दर्ता रहेको जग्गा खरिद बिक्री गर्ने प्रयोजनार्थ गरेको बैना कागज कारोबारका सम्बन्धमा चलेको मुद्दाबाट सिर्जना भएको बिगो दायित्व बेहोर्ने प्रयोजनार्थ निजको पूर्वपत्नी दुर्गादेवी हलुवाईको नाउँमा दर्ता रहेको जग्गाहरू रोक्का राख्न कानूनतः मिल्ने नदेखिने।

तसर्थ, विवेचित आधार, कारणहरूबाट दुर्गादेवी हलुवाईका नाममा दर्ता रहेका कित्ता नं.१६ र ८४ का जग्गाहरू अन्य प्रयोजनबाट रोक्का राख्नुपर्ने अवस्थाका नभए बुद्धिराज सुवेदी वादी र नरमकाजी श्रेष्ठ प्रतिवादी भई चलेको लेनदेन बिगो मुद्दाबाट रहन गएको रोक्का फुकुवा गरिदिनु भनी सम्बन्धित मालपोत कार्यालयलाई लेखी पठाइदिनु भनी मिति २०७५।०४।१७ मा उच्च अदालत पाटनबाट भएको आदेशबाट रिट निवेदकको कुनै संवैधानिक तथा कानूनी हक हनन् भएको अवस्था नदेखिई सो आदेश मिलेकै देखिँदा अन्यथा गरिरहन परेन। रिट निवेदन माग दाबीबमोजिम आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। सो अवस्थामा प्रस्तुत मुद्दाका सम्बन्धमा यस अदालतबाट मिति २०७५।०५।२० मा जारी भएको अन्तरिम आदेशसमेत निष्क्रिय हुने।

इजलास अधिकृत: दीपिका थापा मगर

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७५ साल पुस २ गते रोज २ शुभम्।

८

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७४-WO-०२१५, उत्प्रेषण / परमादेश, राधा पोखरेल वि. शान्ति तथा पुन: निर्माण मन्त्रालय, सिंहदरबारसमेत*

विपक्षी स्थानीय शान्ति समितिको कार्यालय, सप्तरी, राजविराजले निवेदिका राधा पोखरेलको घरको माथिल्लो तल्लामा २०७४ आषाढ मसान्तसम्मको घर बहाल सम्झौता गरी आफ्नो कार्यालय चलाउँदै आएकोमा मधेश आन्दोलनका क्रममा मिति २०७३।११।२३ मा आन्दोलनकारीबाट सो शान्ति समितिको कार्यालयमा आगजनी तोडफोड हुँदा निवेदिकाको घरको उक्त तल्ला क्षतिग्रस्त भएको र क्षतिग्रस्त भएपश्चात् शान्ति समितिको कार्यालय त्यहाँबाट अन्यत्र सरेको भन्ने देखिन्छ । शान्ति समितिको कार्यालय निवेदिकाको घरमा रहेको र सो कार्यालयलाई लक्षित गरी तोडफोड हुँदा निवेदिकाको घर क्षतिग्रस्त भएको तथ्यमा विवाद नदेखिने।

आन्दोलन, नागरिक उपद्रवका कारणले कसैको व्यक्तिगत सम्पत्तिमा असर परेमा त्यसको कानूनबमोजिमको क्षतिपूर्ति प्रदान गरिनुपर्ने राज्यको दायित्व हुन जान्छ । राज्य मातहतको कुनै अङ्ग नागरिकको घरमा कार्यालय स्थापना, सञ्चालन गरी बस्छ र सो क्रममा सोही कार्यालयमा कुनै आन्दोलन, नागरिक उपद्रवको कारण क्षति पुग्न गएको छ भने सोको जिम्मेवारी सरकारी संयन्त्रको हुनेमा सन्देह नरहने।

नागरिकको सम्पत्तिप्रतिको हकको सुरक्षा राज्यको जिम्मेवारी रहेको र राज्य त्यसबाट पन्छिन सक्तैन । रिट निवेदिकाले विपक्षी जिल्ला प्रशासन कार्यालय सप्तरीमा द.नं.१९००, मिति २०७३।१२।१ मा निवेदन दर्ता गरेकोमा जि.प्र.का. सप्तरीले आवश्यक कारबाहीका लागि अन्य विपक्षीहरू शान्ति तथा पुन: निर्माण मन्त्रालय र गृह मन्त्रालय, शान्ति सुरक्षा शाखा, सिंहदरबार काठमाडौंमा च.नं.३७२७, मिति २०७३।१२।२ मा पत्राचार गरेको भन्ने निवेदन बेहोरा तथा मिसिल संलग्न कागजातबाट देखिने।

नागरिकले राज्य भनेर विश्वास गरी आफ्नो सम्पत्तिमा राज्यको कुनै कार्यालय सञ्चालन गर्न घर

भाडामा दिँदा कहीँ कुनै समस्या नपर्ला झन् आफ्नो सम्पत्तिको राम्रो सुरक्षा हुन्छ भन्ने ठानी आफ्नो घरमा राज्यको कार्यालय सञ्चालन गर्न कोठा भाडामा दिँदा सोही कार्यालयलाई लक्षित गरी अन्दोलनकारीहरूले त्यस घरमा आक्रमण गरी नागरिकको सम्पत्तिमा क्षति पुऱ्याउँछ भने त्यस स्थितिमा राज्यले नागरिकलाई उसले बेहोरेको क्षति भराई राज्य भएको अनुभूति गराउनुपर्नेमा सो कार्य गरेको नपाइने।

रिट निवेदिकाले आफ्नो घर स्थानीय शान्ति समितिलाई भाडामा दिएको अवस्था छ। आन्दोलनका क्रममा निवेदिकाको घरमा तोडफोड भई क्षतिग्रस्त भएको छ। सो अवस्थामा निवेदिकालाई घरमा भएको क्षतिपूर्ति निर्विवाद रूपमा र सम्मानपूर्वक दिनुपर्नेमा नदिई अनेक प्रकारबाट झुलाई मुद्दा गर्नसमेत बाध्य बनाउनु राज्यको लागि शर्मनाक कुरा हो। आफूहरूबाट गम्भीर गल्ती भएकोलाई विपक्षीहरूको लिखित जवाफबाट आफैँ स्वीकार गर्न नसक्नु अझै दु:खद विषय हुने।

क्षति हुने पक्षले एकातिर क्षतिपूर्ति पाउने कुरामा विवाद देखिँदैन भने अर्कातर्फ क्षतिपूर्तिबापतको रकमसमेत उचित हुनुपर्ने हुन्छ । क्षतिपूर्तिको रकम ज्यादै न्यून र अस्वाभाविक हुँदा क्षतिपूर्तिको अर्थ नै प्रयोजनहीन हुन जान्छ। त्यसतर्फसमेत विपक्षीहरूबाट समुचित ध्यान पुऱ्याइएको पाइएन । तसर्थ, स्थानीय क्षति मूल्याङ्कन समितिको मिति २०७४।२।१८ को निर्णय र सोबमोजिम जिल्ला प्रशासन कार्यालयको मिति २०७४।२।२५ को पत्राचारसमेत कानूनसम्मत् नहुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

तसर्थ, निवेदिकाको घरमा आन्दोलनका क्रममा भएको क्षतिपूर्तिका लागि मिति २०७३।११।२९ र २०७४।३।८ मा निवेदन परेकोसमेत हुँदा निवेदकको घरको वास्तविक क्षति मूल्याङ्कन गरी क्षतिपूर्ति भराउनेतर्फ यथाशीघ्र पहल गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: हिरा डंगोल
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७५ साल भदौ ७ गते रोज ५ शुभम्।

९

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री डम्बरबहादुर शाही, *०७५-WH-००४४, बन्दीप्रत्यक्षीकरण, छेवाङ मोक्तान वि. जिल्ला सरकारी वकिल कार्यालय, रामेछापसमेत*

निवेदक वारदातमा संलग्न रहेको र निजका नाममा कैदको लगत बेरूजु रहेकोले सो असुल गर्न भनी निवेदकलाई कैदी पुर्जी दिने रामेछाप जिल्ला अदालतले यी निवेदकउपर बलबहादुर श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी भिमबहादुर लामासमेत जना २ भएको कर्तव्य ज्यान मुद्दामा मिति २०४०।३।२० मा जिल्ला अदालतबाट ठहर भएको फैसलाबमोजिम ठेकिएको कैद लगत असुल गर्ने क्रममा फैसला कार्यान्वयनका निम्ति खटिएको टोलीले २०७५।४।२९ मा पक्राउ गरी अदालतमा उपस्थित गराएको र बेरूजु कैदी उपस्थित गराइएपछि रामेछाप जिल्ला अदालतबाट कैद भुक्तानका निम्ति यी निवेदकलाई नियमानुसार कैदी पुर्जी दिई कारागार कार्यालय रामेछाप पठाएको देखिन आउने।

निवेदकले आफू रामेछाप जिल्ला राकाथुम गा.वि.स. ६ बस्ने दुर्जबहादुरको छोरा छेवाङ मोक्तान भएको तर छेवाङ तामाङ नभएको सो कुरा आफूले २०४७ सालमा लिएको नागरिकताबाट नै पुष्टि हुने भन्ने जिकिर लिएको देखियो । यी निवेदकले आफू दुर्जबहादुरको छोरा हुँ भन्ने जिकिर लिए पनि निजले लिएको नागरिकता प्रमाण पत्रमा नै बुबाको नाम दुर्जमान उल्लेख भएबाट यी निवेदक दुर्जबहादुरको नभई दुर्जमानको छोरा भएको कुरामा विवाद रहेन। निवेदकले पाएको नागरिकतामा रामेछाप जिल्ला

राकाथुम गा.वि.स. ६ उल्लेख भए पनि कैदी पुर्जीमा अन्यथा ठेगाना रहेको भन्ने सन्दर्भमा रामेछाप जिल्ला अदालतको लिखित जवाफमा मुद्दा चल्दाका बखत यी निवेदकको ठेगाना रामेछाप जिल्ला खनियापानी रहेको र पछि नागरिकता बनाउँदा ऐ.राकाथुम गा.वि.स. भनी ठेगाना फरक उल्लेख गरी नागरिकता बनाएको हुन सक्ने भन्ने उल्लेख भएको देखिन आउने।

रामेछाप जिल्ला अदालतको लिखित जवाफ तथा मिसिल संलग्न कागजातसमेतबाट यी निवेदकको कैद लगत बेरूजु रहेको कर्तव्य ज्यान मुद्दाको वारदात २०३१।६।१५ मा भएको र उक्त मुद्दाको फैसला २०४०।३।२० मा भएको देखियो भने निवेदकले २०४७ सालमा मात्रै नागरिकता प्रमाण-पत्र बनाएको देखिन आयो। विपक्षी अदालतको लिखित जवाफमा कर्तव्य ज्यान मुद्दामा कैदको लगत ठेकिएका छेवाङ तामाङ र यी निवेदक छेवाङ मोक्तान एकै व्यक्ति हुन्, उक्त कुरा निवेदकले स्विकारी कैदी पुर्जी बुझेको भन्ने पनि देखियो। यसलाई पुष्टि गर्ने प्रमाणको रूपमा निवेदकले २०७५।५।११ मा रामेछाप जिल्ला अदालतमा पेस गरेको फैसलाको नक्कल सारी पाउन दिएको निवेदनमा आफ्नो नाम छेवाङ तामाङ र वतन रामेछाप जिल्ला खनियापानी-२ भनिएको राकाथुम-६ हाल खाँडादेवी गाउँपालिका १ भनी लेखाई सहीछाप गरेको देखियो भने मिति २०७५।५।११ मा निवेदक स्वयम्ले रामेछाप जिल्ला अदालतमा पेस गरेको वकालतनामामा पक्षको नाम छेवाङ तामाङ र विपक्ष बलबहादुर श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार भनी कर्तव्य ज्यान मुद्दामा हस्ताक्षर र ल्याप्चे छापसमेत लगाएको देखिन आएबाट अन्य कुराले समर्थन गरिरहेको अवस्थामा मुद्दा फैसलासमेत भइसकेपछि पछि आएर फरक वतन देखाई बनाएको नागरिकताको वतनले यी निवेदकलाई प्रस्तुत मुद्दामा कुनै मद्दत गर्न सक्ने नदेखिने।

यसरी आफैँले स्वतन्त्र ढङ्गले कानून व्यवसायी छनौट गरी निजको वकालतनामा पेस गर्ने सन्दर्भमा अभियोग दाबीबमोजिमको वतन आफैँले उल्लेख गर्ने, नक्कल सारी पाउन दिएको निवेदनमा पनि सो नाम वतन स्वीकार गर्ने तर पछि आएर सोही नाम वतन उल्लेख गरिएको वतनबाट जारी कैदी पुर्जीलाई इन्कार गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी निवेदनसमेत दिएको देखिन आयो। यसबाट पनि कैदी पुर्जी ठेकिएका छेवाङ तामाङ र यी निवेदक छेवाङ मोक्तान एकै व्यक्ति रहेको कुरामा विवाद नरहने।

यसरी निवेदकले जे जुन मुद्दासँग सम्बन्धित वारदातमा आफू असंलग्न रहेको भनी जिकिर लिएका हुन् सो वारदातमा निज असंलग्न रहेको भन्ने मिसिल संलग्न कागजातहरूबाट देखिएन। स्वतन्त्र प्रमाणहरूबाट यी निवेदकको संलग्नता वारदातमा रहेभएकै देखिँदा सोही वारदातउपरको जाहेरी दरखास्तबमोजिमको फैसलाबाट लागेको बेरूजु कैद भुक्तान नगरी निजले कुनै बेहोराबाट पनि उन्मुक्ति पाउने भन्ने अवस्था रहेन। आफू कैद लागेको व्यक्ति नभएको भनी निवेदकले लिएको जिकिर निज स्वयंले दिएका निवेदन, वकालतनामालगायतका लिखत प्रमाणबाट खण्डित भइरहेको अवस्थामा प्रचलित कानून तथा कार्यविधि पूरा गरी साधिकार निकायबाट भएको फैसला अन्तिम भई सोही फैसलाका आधारमा कसिएको कैदको लगत असुल तहसिल गर्ने सिलसिलामा पक्राउ गरी कानूनले तोकिएको अवधिभित्रै नियमानुसारको कैदी पुर्जीसमेत दिई कैद भुक्तान गर्नका निम्ति विपक्षी अदालतले निवेदकलाई कारागार कार्यालय चलान गरेको देखिन आउने।

कुनै पनि निकायले व्यक्तिको वैयक्तिक स्वतन्त्रताको हनन गर्न नपाओस् भनी राज्य विरूद्धसमेत दायर हुने प्रकृतिको प्रस्तुत निवेदनअनुसारको आदेश जारी हुन यी निवेदकलाई निजले निवेदनमा उठाएको विपक्षले गैरकानूनी थुनामा राखेको हुनुपर्नेमा सोको

अवस्था कहीँकतैबाट देखिएन । विपक्षीमध्येका जिल्ला सरकारी वकिल कार्यालयलाई विपक्षी बनाउनुपर्ने कारणसमेत निवेदकले स्पष्ट गर्न सकेको देखिएन भने रामेछाप जिल्ला अदालतले सम्बद्ध प्रमाणको मूल्याङ्कन गरी भएको फैसलाअनुरूप ठेकिएको कैद लगतका आधारमा निवेदकलाई नियमानुसारको कैदी पुर्जी दिएर कैदमा पठाएको अवस्थामा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था नदेखिने ।

निवेदकले निवेदनमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन नसकेको अवस्थामा आफू विरूद्ध २०४०।३।२० मा सुरू जिल्ला अदालतबाट फैसला भएको कर्तव्य ज्यान मुद्दामा आफ्नो हकमा तामेल म्यादसम्म बदर गरी आफ्नो बयान लिई आफ्नो हकमा इन्साफ गर्नु, गराउनु भनी परमादेशलगायतको आदेश जारी गरी पाउन माग गरेको भए पनि २०३१।६।१५ मा भएको वारदातउपर निवेदक विरूद्ध जारी म्याद निवेदककै एकाघरकी आमाले बुझिलिई २०४०।३।२० मा सुरू रामेछाप जिल्ला अदालतबाट तथा २०४१।१।७ मा मध्यमाञ्चल क्षेत्रीय अदालतबाट समेत फैसला भई अन्तिम भइसकेको अवस्थामा एकाघरका उमेर पुगेका सदस्यले बुझेको, म्याद बुझ्ने राम्री तामाङ आफ्नी आमा होइनन् भनी देखाउन नसकेको र आवश्यक अन्य प्रक्रिया पूरा भई तामेल भएको म्यादलाई रीतपूर्वक तामेल नभएको मान्न मिल्ने देखिएन । जारी म्यादमा स्थानीय निकायको छाप नलागेको भन्ने आधारमा मात्र तत्कालीन अवस्थाको प्रचलनसमेतका आधारमा तामेली म्याद रीतपूर्वक नभएको भन्न सक्ने अवस्था नभएबाट निवेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः उपर्युक्त विवेचित तथ्य एवं प्रमाणसमेतका आधारमा प्रस्तुत निवेदनमा माग गरिएको बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन यी निवेदकलाई गैरकानूनी थुनामा राखेको भन्ने कुरा मिसिल संलग्न कागजात तथा निवेदकतर्फका विद्वान् कानून व्यवसायीहरूको बहससमेतबाट पुष्टि नभइरहेको अवस्थामा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: सुभाषचन्द्र दाहाल

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७५ साल माघ ८ गते रोज ३ शुभम् ।

१०

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७३-WO-०२८५, उत्प्रेषण / परमादेश, सीताराम महतो कोइरी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

शिक्षा ऐन, २०२८ को सातौं संशोधन २०५८ बाट थप भएको दफा ११(ड) ६ नं.मा ऐनको म्यादभित्र स्थायी अध्यापन अनुमति पत्र लिन नसकेमा अस्थायी शिक्षक स्वतः अवकाश हुने कानूनी व्यवस्था रहेको देखिन्छ । क्षेत्रीय शिक्षा निर्देशनालय, मध्यमाञ्चल हेटौंडा, मकवानपुरको मिति २०७०।९।१२ को अस्थायी अध्यापन अनुमति पत्रको म्याद सम्बन्धमा जिल्ला शिक्षा कार्यालय धादिङको नाममा पत्राचार भएको मिसिल संलग्न कागजातबाट देखिने ।

मिति २०७१।५।२७ मा सोही बारेमा रिट निवेदक सीताराम महतो कोइरीको शैक्षिक योग्यतासमेतको विवरण उपलब्ध गराइदिन भनी जिल्ला शिक्षा कार्यालय धादिङमार्फत विपक्षी विद्यालयमा पत्र आएको देखिन्छ । सो पत्रको म्यादभित्र आवश्यक शैक्षिक प्रमाणपत्रहरू निवेदकले उपलब्ध गराउन नसकेको र पटकपटक उक्त विवरणहरू उपलब्ध गराउनु नगराए सेवामा नरहने भनी सो विद्यालयबाट ताकेता भएको विद्यालयको लिखित जवाफमा देखिन्छ । यसरी निवेदकले स्थायी अध्यापन प्रमाणपत्र बुझाउन नसकेको अवस्थामा जिल्ला शिक्षा कार्यालय धादिङको मिति २०७२।३।३० को पत्रबमोजिम यी निवेदकलाई विपक्षी विद्यालयले अस्थायी शिक्षक

पदबाट हटाएको देखिन आउने।

मिति २०७२।३।३० को पत्रमा निवेदक सिताराम महतोको मिति २०६३।१०।२४ गते म्याद समाप्त भएको अस्थायी अध्यापन अनुमति प्राप्त भएको हुँदा निजलाई अवकाश दिनु र नदिएको भए मिति २०७२।४।१ बाट लागु हुने गरी अवकाश दिनु भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । यसर्थ, पुनः सेवामा कायम गरिपाउँ भन्ने निवेदन दाबी मनासिब देखिन नआउने।

शिक्षा ऐन, २०५८ को दफा ११(ड) ६ को म्यादभित्र यी निवेदकले स्थायी अध्यापन अनुमति पत्र सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा पेस गर्न नसकेको, निजको अस्थायी अध्यापन अनुमति पत्रको म्याद मिति २०६३।१०।२४ मा समाप्त भएकोले मिति २०७२।४।०१ मा नोकरीबाट हटाएको देखिन्छ। निवेदकले कानूनबमोजिम पाउने सुविधाबाट वञ्चित गर्ने भन्ने उक्त पत्रबाट देखिँदैन । सुविधा नै नपाउने भनी निर्णय नै नगरेको अवस्थामा रिट जारी गर्नुपर्ने अवस्था देखिँदैन । तलब, सञ्चित रकम, सुविधा तथा उपदानसमेतका सुविधा पाउनुपर्ने माग गरेको तर सो सुविधाहरू नपाउने भनी निर्णय नै नभएको अवस्थामा रिट जारी गर्न मिलेन। निवेदकले कानूनबमोजिम पाउन सक्ने सुविधा पाउने नै हुँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: हिरा डंगोल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल जेठ २० गते रोज १ शुभम्।

११

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७५-RC-०००३, कर्तव्य ज्यान, नेपाल सरकार वि. राधे भन्ने राजकुमार बस्नेत*

प्रतिवादी राधे भन्ने राजकुमार बस्नेतले पछाडि भिर्ने गरेको कालो रंगको झोलाबाट काठको बिँड भएको खुकुरी थान-१ बरामद भएको भन्ने बरामदी मुचुल्का मिसिल संलग्न देखिन्छ । घटना विवरणकी व्यक्ति एवं वारदातका प्रत्यक्षदर्शी भनिएकी महेन्द्रकुमारी लामिछाने र ईशा लामिछानेले अदालतमा गरेको बकपत्रमा प्रतिवादी राजकुमार बस्नेतले निजकी श्रीमती मृतक सुष्मा कार्कीलाई मुन्ट्याउँदै लगी कर्तव्य गरी मारेको हो भनी बकपत्र गरिदिएको देखिन्छ भने प्रतिवादी स्वयंले अनुसन्धानमा बयान गर्दा श्रीमतीले अर्को विवाह गरेको भन्ने थाहा पाएको र निजले अंश माग्ने र आफूले अंश दिनुपर्छ बरू मारिदिए ढुक्क हुन्छ भनी मृतकलाई खुकुरीले घाँटी रेटी मारेको र खुकुरी झोलामा हाली भागी गएको हो भनी र अदालतसमक्ष बयान गर्दासमेत मृतक र आफूबिच भोजपुर जाने विषयमा बाटोमा विवाद भई झगडा हुँदा रिसको झोँकमा खुकुरी निकाली मृतकको घाँटी रेटी हत्या गरेको र मृतकको शवलाई बाटोभन्दा केही तल खोल्सामा लगेर फालेको हुँ आफूले हत्या गरेकोले आफूलाई सजाय हुनुपर्ने हो भनी मृतकलाई आफूले मारेकोमा साबिती बयान गरेको अवस्था देखिने।

मिसिल संलग्न मृतकको फोटोहरू हेर्दा मृतकको शरीर क्षतविक्षत रहेको र निजको शरीरमा ठुलो चोट पर्न गएको भन्ने देखिन्छ भने उक्त कुरा भोजपुर जिल्ला अस्पतालबाट मिति २०७३।७।२० मा भएको मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा massive hemorrhage due to the major vessel cut in neck भनी उल्लेख भएको मृतकको शव परीक्षण प्रतिवेदनबाट समेत थप पुष्टि हुन गएको देखिने।

घटना विवरणका व्यक्तिहरूको बकपत्र, वस्तुस्थितिका व्यक्तिहरूको बकपत्र र जाहेरवालाले अदालतमा गरेको बकपत्र र आफूले नै खुकुरी प्रहार गरी मृतकलाई मारेको भन्ने प्रतिवादीको साबिती बयानबाट समेत पुष्टि भइरहेको देखिएको स्थितिमा प्रतिवादीले प्रहार गरेको खुकुरीको चोटबाट मृतकको मृत्यु भएको देखिँदा प्रतिवादी राधे भन्ने राजकुमार बस्नेतलाई

अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी भएको सुरू भोजपुर जिल्ला अदालतको मिति २०७३।१२।२० को फैसलालाई सदर गर्ने गरी उच्च अदालत विराटनगर धनकुटा इजलासबाट भएको मिति २०७४।६।२४ को फैसला अन्यथा नदेखिने।

अतः विवेचित आधार, प्रमाण तथा कारणबाट मृतक सुष्मा बस्नेत कार्कीको मृत्यु प्रतिवादी राधे भन्ने राजकुमार बस्नेतको कर्तव्यबाट भएकोमा विवाद नदेखिएको, प्रतिवादीको शरीर तलासी गर्दा निजको झोलाबाट दशी खुकुरी बरामद भएको र प्रतिवादी अनुसन्धान र अदालतमा समेत मृतकलाई खुकुरी प्रहार गरी मारेकोमा साबित रही अनुसन्धान र अदालतमा समेत बयान गरिदिएको अवस्थामा प्रतिवादीको उक्त कार्यलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुर भएकोले निजलाई सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट भएको मिति २०७४।६।२४ को फैसला मिलेकै देखिँदा प्रतिवादी राधे भन्ने राजकुमार बस्नेतको हकमा यस अदालतमा जाहेर हुन आएको साधक सदर हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

इति संवत् २०७५ साल पुस १७ गते रोज ३ शुभम्।

इजलास नं.२

१

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री सारदाप्रसाद घिमिरे, *०७१-RB-०१५०, अन्तःशुल्क (०६७/०६८/०६९), आन्तरिक राजस्व कार्यालय, हेटौंडा वि. एम.एम. पोलिमर्स प्रा.लि.*

आर्थिक ऐन, २०६८ को अनुसूचीको दफा ३ सँग सम्बन्धित अन्तःशुल्क दरबन्दीको क्र.सं. ३ शिर्षक / उपशिर्षक ३९२३ मा प्लाष्टिकका प्याक गर्ने सामानहरूमा मोल प्रतिशत ५ का दरले अन्तःशुल्क लाग्ने व्यवस्था गरेको देखियो । सो सम्बन्धमा आन्तरिक राजस्व विभागको मिति २०६८।०५।०५ को निर्णयानुसार सबै आन्तरिक राजस्व / करदाता सेवा कार्यालयहरूलाई च.नं.३९ मिति २०६८।५।६ मा परिपत्र गरेको देखिन्छ। सो परिपत्रले पेट बोतल (बोटल प्रिफर्म) मा अन्तःशुल्क लाग्ने भनी थप वर्गीकरण गरेको अवस्था नभई अन्तःशुल्क ऐन, २०५८ र आर्थिक ऐनमा भएको कानूनी व्यवस्थालाई स्पष्ट पारी उत्पन्न द्विविधाको निराकरण गर्न खोजेको देखिन्छ। परिपत्र कानून होइन र हुन सक्दैन। परिपत्रले स्पष्ट नभएको वा द्विविधा भएको कुरालाई प्रस्ट पार्नेसम्मको काम गर्दछ । उक्त परिपत्रको बेहोराबाट अन्य आन्तरिक राजस्व कार्यालयको कार्य क्षेत्रअन्तर्गतका करदाताहरूले यसप्रकारको कारोबारमा अन्तःशुल्क असुलउपर गर्दै आएको भन्ने देखिन्छ। एकै प्रकारको कारोबारमा कुनै कार्यालयले अन्तःशुल्क असुल गर्ने र कुनै कार्यालयले असुलउपर नगर्ने नगराउने असमानजनक अवस्था रहन दिनु हुँदैन । सोही अवस्थाको अन्त्य गरी एकरूपता कायम गराउने हेतुले उल्लिखित परिपत्र जारी भएको देखिन्छ। तसर्थ, उक्त परिपत्र जारी हुनुपूर्वको अन्तःशुल्क असुरउपर गर्न नमिल्ने भनी राजस्व न्यायाधिकरणबाट भएको फैसला कानूनसम्मत नदेखिने।

अतः आर्थिक विधेयक, २०६७ र २०६८ अनुसार प्रत्यर्थी करदाताको कारोबारमा अन्तःशुल्क लाग्ने देखिएकोले आन्तरिक राजस्व विभागको मिति २०६८।५।६ को परिपत्रलाई आधार लिई आन्तरिक राजस्व कार्यालय, हेटौंडाको मिति २०६९।२।२५ को निर्णय र सो निर्णयलाई सदर गर्ने गरी भएको आन्तरिक राजस्व विभागको मिति २०६९।६।७ को निर्णयलाई उल्टी हुने ठहऱ्याएको राजस्व न्यायाधिकरण, काठमाडौंको मिति २०७०।५।२० को फैसला

नमिलेको हुँदा उल्टी भई आन्तरिक राजस्व विभागको मिति २०६९।६।७ को निर्णय सदर हुने।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल माघ २९ गते रोज २ शुभम्।

२

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, *०६६-CI-०४६३, लेनदेन, राजेन्द्र कसजु वि. विष्णु महर्जन*

मिति २०५४।३।२२ मा पुनरावेदक प्रतिवादी राजेन्द्र कसजुले प्रत्यर्थी वादी विष्णु महर्जनलाई गरिदिएको लिखतको बेहोरा हेर्दा *"मसमेत सञ्चालक भई दर्ता रहेको डि.एम.ब्रिक. एण्ड टायल फेक्ट्री प्राइभेट लिमिटेडको मेरो सम्पूर्ण कित्ता सेयर थान १३३३४ आजको मितिबाट डि.एम.ब्रिक. एण्ड टायल फेक्ट्री प्राइभेट प्रा.लि. प्रति मेरो कुनै हक नरहने गरी कम्पनी सञ्चालकहरूमध्ये तपाइँ विष्णुमान महर्जनबाट मेरो सम्पूर्ण कित्ता सेयरबापत रू.३६,००,०००।- (छत्तिस लाख रूपैयाँ) बुझी लिएको ठिक साँचो हो। डि.एम. ब्रिक. एण्ड टायल फेक्ट्री प्राइभेट लिमिटेडको मेरो ऋण दायित्व राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बानेश्वरमा गई मेरो हिसाबमा पर्ने ऋण दायित्व मिलाई चुक्ता गरी तपाईं विष्णुमान महर्जनलाई मेरो सम्पूर्ण सेयर कित्ता कम्पनी रजिस्ट्रारको कार्यालयमा गई कानूनको रीत पुऱ्याई हक हस्तान्तरण गरिदिने छु"* भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। तत्पश्चात् यी पुनरावेदक प्रतिवादी राजेन्द्र कसजुले डि.एम.ब्रिक. एण्ड टायल फेक्ट्री प्राइभेट लिमिटेडको आफ्ना नाउँमा रहेका सम्पूर्ण सेयरहरू बाँकी दुई सेयरवाला सञ्चालकहरूलाई नियमानुसार हस्तान्तरण गरी सञ्चालकसमेतबाट हटी उक्त कम्पनीमा सोही मितिदेखि निजको कुनै हक हैसियत र दायित्व नरहने निर्णय भई सोको जानकारी सम्बन्धित निकायहरूमा समेत तत्काल कम्पनीको तर्फबाट गराइएको भन्ने देखिन्छ। डि.एम.ब्रिक. एण्ड टायल फेक्ट्री प्रा.लि.को सेयरवाला तथा सञ्चालकबाट निजको नाम खारेज गरी सञ्चालकसमेतबाट हटेदेखिको मितिबाट सो प्रा. लि. को सम्पूर्ण कानूनी दायित्वबाट मुक्त हुने सम्बन्धमा आवश्यक कारबाही गरिपाउँ भनी बेहोरा उल्लेख गरी राजेन्द्र कसजुले मिति २०५४।१२।६ मा कम्पनी रजिस्ट्रारको कार्यालयमा निवेदन पेस गरेको देखिने।

आफ्नो हकको सेयरको हक राजेन्द्र कसजुले छाडिसकेको अवस्थामा उक्त कानूनी व्यवस्थाबमोजिमको कारबाही विपक्षी प्रा.लि. र त्यसको सञ्चालक समितिमा रहनुभएका विष्णु महर्जनले गर्नुपर्ने र त्यसको जानकारी प्रत्यर्थी रजिस्ट्रारको कार्यालयमा दिनुपर्नेमा विपक्षी प्रा.लि. कम्पनीले नदिएको हुँदा निवेदकको नाम सेयर होल्डर तथा सञ्चालकबाट हटाई पाउनका लागि यी पुनरावेदक प्रतिवादी राजेन्द्र कसजुले पुनरावेदन अदालत पाटनमा डि.एम.ब्रिक एण्ड टायल फेक्ट्री प्रा.लि. समेतउपर २०५६ सालमा निवेदन नं. २२२ को परमादेशयुक्त निषेधाज्ञाको रिट निवेदन दिनुभएकोमा विपक्षीमध्येका डि.एम.ब्रिक एण्ड टायल फेक्ट्री प्रा.लि. का तर्फबाट लिखित जवाफ परेको नपाइने।

निवेदकको मागदाबीअनुसार कम्पनीले त्यस प्रकारको कुनै काम नगरी दिएको भन्ने देखिएकोले कम्पनीलाई कानूनबमोजिम गर्नुपर्ने काम गराउन र नगर्नु पर्ने काम गर्नबाट रोक लगाउने अधिकार र दायित्व कम्पनी ऐन, २०५३ को दफा २७ र ३६ ले कम्पनी रजिस्ट्रारलाई तोकेको देखिँदा प्रस्तुत विवादका सन्दर्भमा कम्पनी रजिस्ट्रारबाटै आवश्यक कानूनी कारबाही हुनुपर्ने देखिएकोले प्रस्तुत माग दाबीका सन्दर्भमा कानूनबमोजिम जे जे गर्नुपर्ने हुन्छ गर्नु भनी विपक्षी कम्पनी रजिस्ट्रारको कार्यालयका नाममा परमादेशसम्म जारी हुने ठहरी पुनरावेदन अदालत पाटनबाट मिति २०५७।३।९ मा आदेश भएको पाइयो। पुनरावेदक प्रतिवादी राजेन्द्र कसजुले

पुनरावेदन अदालत पाटनमा दिएको निवेदन नं.२२२ को परमादेशयुक्त निषेधाज्ञाको रिट निवेदनमा परमादेशसम्मको आदेश जारी भएपश्चात् यी पुनरावेदक राजेन्द्र कसजुले कम्पनी रजिस्ट्रारको कार्यालय त्रिपुरेश्वरमा पुनरावेदन अदालत पाटनबाट जारी भएको परमादेशबमोजिम गरिपाउँ भनी मिति २०५८।३।२७ मा निवेदन दिएकोसमेत देखियो । विवादमा आएको मिति २०५४।३।२२ को लिखतपश्चात् यी पुनरावेदक राजेन्द्र कसजुले उक्त डि.एम.ब्रिक एण्ड टायल फेक्ट्री प्रा.लि. को सञ्चालक भई कुनै काम गर्नुभएको भन्ने मिसिल संलग्न कागजबाट नदेखिने।

मुलुकी ऐन, लेनदेन व्यवहारको महलको २ नं. को हदम्याद घरसारमा हुने कपाली तमसुकका सम्बन्धमा व्यवस्था भएको देखिन्छ । यी वादी प्रतिवादीबिच सेयर खरिद बिक्रीसम्बन्धी लिखत भएको देखिएको छ । लेनदेन व्यवहारको ४० नं. मा "यस्तो व्यवहार गरेको सदर हुँदैन भनेको, नालिस सुनिने छैन भनेको, नाबालकको धन बिगार्नलाई बेइमानी गरेको, ब्याजको ब्याज खाएको, ब्याजमा दशौंददेखि बढ्ता लेखाएको वा लखबन्धक लिँदा बढ्ता लिएको बढ्ता करार लेखाएको, यति कुरामा हदम्याद लाग्दैन भनेको कुरामा बाहेक अरूमा भए गरेको मितिले दुई वर्षभित्र नालिस नदिए लाग्न सक्तैन" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । प्रस्तुत लेनदेन मुद्दा मिति २०५४।३।२२ मा भएको लिखतको विषयमा २०६३ सालमा फिराद दायर हुन आएको तथ्यमा विवाद छैन। विवादित लिखत लेनदेन कारोबारको कपाली तमसुक नभई सेयर कारोबारको विषय भएको देखिन्छ । उक्त लिखतमा प्रयुक्त भाषा, प्रस्तुति र उल्लेख गरिएका सर्तहरू व्यापारिक प्रकृतिको करारीय सम्झौता हो भन्ने देखिन्छ । यस अवस्थामा मुलुकी ऐन, लेनदेन व्यवहारको २ नं. मा उल्लिखित हदम्याद आकर्षित हुने देखिन नआउने।

अतः विवादित कारोबार कपाली तमसुकअनुसारको ऋण नभई सेयर हस्तान्तरणको सन्दर्भमा लिखत भएको देखिँदा मुलुकी ऐन, लेनदेन व्यवहारको महलको २ नं. बमोजिमको हदम्याद आकर्षित हुने नभई सोही महलको ४० नं. बमोजिम दुई वर्षको हदम्याद आकर्षित हुने देखियो। प्रस्तुत मुद्दा २०५४ सालको लिखतको विषयलाई लिएर २०६३ सालमा दायर भएको पाइयो । फिरादपत्र हदम्याद नाघेपछि परेको कारणबाट विवादको अन्य तथ्यमा प्रवेश गरी इन्साफ गर्न मिलेन । हदम्याद नाघेपछि परेको फिरादपत्र खारेज गर्नुपर्नेमा वादीले प्रतिवादीबाट साँवा ब्याज भरी पाउने ठहऱ्याई सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०६४।११।५ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६६।५।२ को फैसला उल्टी भई वादीको फिराद दाबी खारेज हुने।

इजलास अधिकृतः विदुरकुमार उपाध्याय

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल आषाढ ६ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, *०७१-CI-१६२२, प्रतिषेध / उत्प्रेषण / परमादेश, सौरभ जयसवालसमेत वि. विराटनगर उपमहानगरपालिकाको कार्यालय, विराटनगरसमेत*

विराटनगर उपमहानगरपालिकाको मिति २०५६/०६/२६ मा बसेको तेस्रो नगर परिषद्को बैठक संख्या ५ बाट सडक अधिकारक्षेत्र तोक्ने अख्तियारी नगरपालिकालाई प्रदान गर्ने गरी निर्णय भएबमोजिम विराटनगर उपमहानगरपालिका बोर्ड बैठकको बैठक संख्या ७४ मिति २०५७/०१/२६ मा भएको निर्णयबमोजिम नगर क्षेत्रभित्रका सम्पूर्ण सडक तथा गल्लीहरूको सडक अधिकारक्षेत्र निर्धारण गरेको देखिन्छ । सोहीअनुरूप पानीटंकी-पुष्पलाल चोक खण्डको सडक अधिकारक्षेत्र १७ मिटर कायम गर्ने

निर्णयसमेत बोर्ड बैठकबाट गरेको पाइयो । उक्त सडक निर्माण, मर्मत, सम्भार तथा नाला, सडक पेटी निर्माण तथा स्तरोन्नति कार्य सम्पन्न गर्न बृहत्तर परियोजना सम्पन्न गर्ने प्रक्रियाअन्तर्गत सो परियोजनालाई कार्यान्वयन गर्ने प्रक्रियाअन्तर्गत यस नगरपालिकाको मिति २०७१/०७/०५ को बैठक संख्या ११ को बोर्ड बैठकबाट साबिक नगरपरिषद्को अख्तियारीअन्तर्गत २०५७ सालमै निर्धारण भएबमोजिम १७ मिटर सडक अधिकारक्षेत्र सीमाभित्र भएका घर टहराहरू हटाउन सरोकारवालाहरूलाई सार्वजनिक एवम् व्यक्तिगत रूपमा ३५ दिने सूचना जारी गर्ने निर्णयअनुरूप सूचनासमेत जारी भएकोमा विपक्षी निवेदकहरूबाट उपर्युक्त १७ मिटर बाटो कायम गर्ने निर्णय, यस नगरपालिकाको मिति २०५७/०१/२६ गतेको बोर्ड बैठकको निर्णय, यसै नगरपालिकाको बैठक संख्या ११ मिति २०७१/०७/०५ मा सडक अधिकारक्षेत्रभित्र पर्ने घर टहरा हटाउने सम्बन्धमा भएको निर्णय एवं विभिन्न पत्रपत्रिकामा तथा व्यक्तिगत रूपमा सूचनाहरू जारी गरेको कुरालाई विपक्षी निवेदकहरूले अन्यथा भन्न सकेको पाइँदैन । सोही सूचनाहरूको आधारमा सडक सीमा क्षेत्रभित्रको घर टहरा र संरचनाहरू भत्काउने प्रक्रिया आरम्भ भएको देखिने ।

विपक्षी विराटनगर उपमहानगरपालिकाले सहरी क्षेत्रको विकास निर्माणको कार्य गर्दा विद्यमान व्यक्तिगत वा सार्वजनिक संरचनाहरू भत्काउँदा जग्गा प्राप्ति ऐन, २०३४ को प्रक्रिया प्रारम्भ गरेको कुरालाई स्वीकार गरेको देखिँदैन । नगरपालिकामा नगरभित्रको पुराना संरचनाहरू भत्काई आधुनिक सुविधा र प्रविधिको पहुँच पुऱ्याई पुन: निर्माणको कार्य अगाडि बढाउनुमा दुईमत देखिँदैन । तर नगरपालिकाभित्र गरिने कुनै पनि विकास निर्माण र सुधारहरूको कार्य गर्दा विद्यमान कानूनभित्र रही प्रक्रिया पुऱ्याई गर्नुपर्ने हुन्छ । कानूनविपरीतको कार्य गर्न कसैलाई पनि छुट हुने अवस्था नहुने ।

स्पष्ट रूपमा प्रचलित कानूनको रीत पुऱ्याई सम्बन्धित जग्गाधनीलाई जग्गाको मुआव्जा प्रदान गर्नुपर्ने कानूनी व्यवस्था हुँदाहुँदै निवेदकहरूलाई पुग्ने क्षतिको तुलनामा सो परियोजना निर्माणको कार्यले निवेदकहरूलाई लाभ नै बढी हुने अवस्था रहेकोले निवेदकले बाटोबाट लाभ लिनुका साथै जमिनको मूल्यमा उल्लेखनीय रूपमा वृद्धि भई त्यसबाट र व्यावसायिक क्रियाकलापहरू बढ्न गई त्यसबाट समेत आम्दानी हुने भएकोले क्षतिपूर्ति तथा मुआब्जा दिइरहनु नपर्ने भन्ने विपक्षीको जिकिर कानूनसम्मत भएको देखिन नआउने ।

विराटनगर नगरपालिकाभित्र हुन लागेको सडक विस्तार ढल निर्माण आदि कार्य "विकास तथा निर्माणसम्बन्धी काम" हो भन्नेमा कुनै द्विविधा देखिन आउँदैन । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १३४ मा नगरपालिकाभित्रको सडक ढल आदिमा नगरपालिकाको हक हुने भन्ने व्यवस्था रहेको पाइन्छ । त्यस्तो सडक विस्तार गर्ने सन्दर्भमा जग्गा प्राप्त गर्नुपर्ने भएमा "प्रचलित कानूनको रीत पुऱ्याई" प्राप्त गर्नुपर्ने भन्ने प्रावधान सोही ऐनको दफा २५८ मा उल्लेख भएको पाइन्छ । साथै स्थानीय स्वायत्त शासन ऐन, २०५५ वा नियमावली, २०५६ मा जग्गा प्राप्त गर्ने कुनै कार्यविधि नतोकिएबाट जग्गा प्राप्ति ऐन, २०३४ को व्यवस्था आकर्षित हुने देखिन आएकोले प्रत्यर्थीको कानूनबमोजिमको रीत नपुऱ्याई जग्गाधनीलाई मुआब्जा तथा क्षतिपूर्ति नदिई परियोजना सञ्चालन गरेको न्यायसङ्गत देखिन नआउने ।

विपक्षी नगरपालिकाको मिति २०५७।०१।२६ को निर्णय कानून अख्तियारीअन्तर्गत नै गरिएको हुँदा उत्प्रेषणको आदेश जारी हुने अवस्था देखिन आएन । विराटनगर उपमहानगरपालिकाले पानी ट्याङ्कीदेखि पुष्पलाल चोकसम्म सडक विस्तार तथा नाला निर्माणको कार्यको लागि नगरपालिकाको मिति २०५७/०१/२६ को सडक मापदण्ड १७ मिटर

कायम गर्ने निर्णयअनुरूप सडक विस्तार गर्ने सन्दर्भमा निवेदकलाई पत्र लेखेको पाइँदा सडक विस्तार जस्तो सार्वजनिक हक हित र सरोकारको कार्य हुँदा मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न मिलेन । तर सार्वजनिक प्रयोजनको लागि व्यक्तिको जग्गा प्राप्त गर्दा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २५८ मा उल्लेख भएबमोजिम प्रचलित कानून अर्थात् जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम जग्गा प्राप्त गर्नुपर्नेमा सोतर्फ कुनै प्रक्रिया नै सुरू गरेको नपाइएकोले सोबमोजिमको प्रक्रिया प्रारम्भ गरी मापदण्ड निर्धारण हुनुपूर्व निर्माण भएका तथा मापदण्डअनुरूप निर्माण भएका घरसहितका संरचनासमेतको कानूनबमोजिम मुआब्जा पाउने व्यवस्था गर्नु भनी भएको पुनरावेदनको आदेशलाई अन्यथा भन्न मिल्ने देखिन नआउने।

अतः विवेचित आधार कारणसमेतबाट विराटनगर उपमहानगरपालिकाको मिति २०५७/०१/२६ मा नै सडक सीमा निर्धारण गरिसकेकोमा पुनरावेदन अदालत विराटनगरले निवेदकसमेतलाई मुआब्जा पाउने व्यवस्था गर्ने आदेश जारी भइसकेको देखिएकोले पुनरावेदन अदालत विराटनगरबाट भएको मिति २०७१।१०।०५ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : हिरा माया अवाल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७४ साल फागुन ९ गते रोज ४ शुभम्।

यसमा यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसै प्रकृतिको फैसला भएका छन् :

- ०७१-CI-११९६, निषेधाज्ञा, गोपालप्रसाद रेग्मी वि. इन्द्रबहादुर श्रेष्ठ
- ०७१-CI-११९७, निषेधाज्ञा / परमादेश, गोपालप्रसाद रेग्मी वि. कौमोदकी प्रसाद रिजाल
- ०७१-CI-११९८, निषेधाज्ञा / परमादेश, गोपालप्रसाद रेग्मी वि. राजेन्द्रप्रसाद हुमागाई
- ०७१-CI-११९९, निषेधाज्ञा / परमादेश, गोपालप्रसाद रेग्मी वि. रूप ताम्राकार
- ०७१-CI-१२००, निषेधाज्ञा / परमादेश, गोपालप्रसाद रेग्मी वि. वैजनाथ प्रसाद साह (गुप्ता)
- ०७१-CI-१२०१, प्रतिषेध / उत्प्रेषण / परमादेश, गोपालप्रसाद रेग्मी वि. इन्द्रप्रसाद सुवेदी
- ०७१-CI-१२०२, प्रतिषेध / उत्प्रेषण / परमादेश, गोपालप्रसाद रेग्मी वि. सौरभ जयसवालसमेत

४

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा, *०७१-CR-०४४९, जबरजस्ती करणी, राम सिंह साउद वि. नेपाल सरकार*

पीडित च कुमारी प्रतिवादीले चलाएको मोटरसाइकलमा बसी बैतडी पाटनमा आएपछि प्रतिवादीकै साथमा पानस पैलेस होटलको ५ नं. कोठामा रात बिताएको देखिन्छ । प्रतिवादीले सहमतिमा करणी भएको स्वीकार गरेको देखिन्छ । पीडितको इच्छाविपरीत जबरजस्ती करणी भएको भए प्रतिवादीले जबरजस्ती करणी गर्न खोज्दाकै अवस्थामा आफू करणीबाट बच्न पीडितले भरमग्दुर प्रयास गरी आफ्नो प्रतिरक्षा गर्न सक्ने अवस्था रहेकोमा सो केही नगरी रातभरि प्रतिवादीका साथमा नै होटलमा रात बिताएको अवस्था छ। आफ्नो इच्छा विरूद्ध प्रतिवादीले करणी गर्न आँटेको अवस्थामा वा तत्काल करणी गर्दाको अवस्थामा प्रतिकार गर्न नसक्ने परिस्थिति भए करणीपश्चात् पनि होटल सञ्चालकसमेत सँग घटनाबारे सार्वजनिक गर्न सक्ने अवस्था रहेकोमा सो केही नगरी करणी भएपश्चात् पनि प्रतिवादीकै मोटरसाइकलमा बैतडी सदरमुकामसम्म गएको अवस्था रहेको।

रातभरि प्रतिवादीसँग सुती भोलिपल्ट

प्रतिवादीकै साथमा आफ्नो गन्तव्यमा गई त्यसको पाँच दिनपश्चात् प्रतिवादीले जबरजस्ती करणी गरेको भनी दिएको उजुरीका आधारमा पीडितले आफ्नो ईज्जतको ख्याल नगरी झुट्टा उजुर दिएको होइन होला भनी अनुमान गर्ने अवस्था प्रस्तुत विवादमा देखिन आउँदैन। पीडितको स्वास्थ्य परीक्षण रिपोर्टमा दाहिने गालाको तल्लो भागमा टोकिएको दाँतको निसान, बायाँ गालामा पनि सोही प्रकारको निसान रहेको, कन्याजाली च्यातिएको, शुक्रकिट भए नभएको यकिनसाथ भन्न नसकिने तथा भेजाइनल स्वाव सङ्कलन गरिएको भन्ने उल्लेख भएको देखिएको छ। पीडित र प्रतिवादीबिच मिति २०६९/०३/३० मा जबरजस्ती करणी भएको भनिएकोमा पीडितको मिति २०६९/०४/०४ मा स्वास्थ्य परीक्षण भएकोले जबरजस्ती करणी भएको भनिएको मितिभन्दा ४/५ दिनपश्चात् भएको शारीरिक परीक्षणबाट पीडितको गालामा देखिएको उल्लिखित दाँतका निसानहरू पीडितले उल्लेख गरेकै करणीको समयमा भएको भनी अनुमान गर्न मिल्ने अवस्था नहुने।

प्रतिवादी रामसिंह साउदले अनुसन्धान अधिकारी तथा सुरू अदालतसमक्ष बयान गर्दा आफूले पीडित च कुमारीसँग राजीखुसीले करणी गरेको भनी उल्लेख गरेको र पीडित च कुमारीको उमेर १७ वर्षको भएको भन्ने देखिएको छ। मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. ले १६ वर्षभन्दा माथिको महिलाको हकमा निजको मन्जुरीबेगर डर, त्रास, धम्की र अनुचित प्रभावमा पारी करणी गरेको अवस्था प्रस्ट नभएसम्म जबरजस्ती करणीको कसुर कायम गर्न मिल्ने देखिँदैन। उमेर पुगेका महिला र पुरूषका बिचमा करणी भएकोमा सो करणी महिलाको इच्छाविपरीत भएको भन्ने तथ्य स्थापित नभएसम्म त्यस्तो करणीलाई कसुर कायम गरी सजाय गर्ने अवस्था नहुने।

अतः विवेचित आधार र कारणहरूसमेतबाट पीडित भनिएकी च कुमारी र प्रतिवादीका बिच भएको यौनसम्पर्क निज पीडित भनिएकी च कुमारीको इच्छाविपरीत भएको भन्ने तथ्य प्रमाणित हुन नआएकोले बैतडी जिल्ला अदालतबाट मिति २०६९/०६/११ मा प्रतिवादीलाई सफाइ हुने ठहऱ्याई भएको फैसला उल्टी गरी प्रतिवादी रोशन भन्ने रामसिंह साउदलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(४) नं. को कसुरमा ऐ. ३(४) बमोजिम तजबिजी सजाय कैद वर्ष ५(पाँच) र ऐ. को १० नं. बमोजिम रू. १०००००।- (एक लाख रूपैयाँ) प्रतिवादीबाट पीडिता च कुमारी (नाम परिवर्तन) लाई क्षतिपूर्तिसमेत भराइदिने ठहऱ्याई पुनरावेदन अदालत महेन्द्रनगरबाट मिति २०७१/०५/०२ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक / प्रतिवादी रामसिंह साउदले अभियोग मागदाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७३ साल फागुन ४ गते रोज ४ शुभम्।

इजलास नं.३

१

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री मीरा खडका, *०७१-CI-१५८७, परमादेश, परिवर्तित नाम २०(क)३०.१ वि. श्री जिल्ला प्रहरी कार्यालय, धनुषासमेत*

जिल्ला सरकारी वकिल कार्यालय धनुषाबाट मिति २०७१।१२।१० मा प्रतिवादी रामदेव मण्डलउपर जबरजस्ती करणीमा मुद्दा नचलाउने निर्णय भई निज रामदेव मण्डललाई हाजिरी जमानीमा निजको पिता रामरतन मण्डलको जिम्मा लगाएको देखिन्छ । पुनरावेदन सरकारी वकिल कार्यालय जनकपुरबाट पनि जिल्ला सरकारी वकिल कार्यालय धनुषाको निर्णय सदर भई निकासाको लागि सक्कल

मुद्दाको फाइल महान्यायाधिवक्ताको कार्यालय काठमाडौंमा पठाइएकोमा महान्यायाधिवक्ताबाट मिति २०७१।१२।१२ मा अघिल्लो मुद्दालाई प्रभावमा पार्ने उद्देश्यबाट जाहेरी दिएको र सो जाहेरीलाई पुष्टि गर्ने सबुद प्रमाणको अभाव देखिएको तथा स्वास्थ्य जाँच प्रतिवेदनबाट पनि कुनै लक्षण नदेखिँदा सबुद प्रमाणको अभावमा मुद्दा नचलाउने निर्णय मनासिब देखिँदा प्रतिवादी रामदेव मण्डलउपर मुद्दा नचलाउने गरी पेस गरेको टिप्पणी मिति २०७१।१२।१२ मा सदर भएको नेपालको महान्यायाधिवक्ताको कार्यालयको पत्रसंख्या ग-१३३/०७१-७२ को पत्रको छायाँ प्रतिबाट देखिने।

यसरी निवेदिकाले जाहेरी दर्ता गर्नको लागि परमादेशको आदेश माग गरेकोमा सो जाहेरी कानूनबमोजिम दर्ता भई निवेदिकालाई सो जाहेरी दरखास्त सनाखतसमेत गराई महान्यायाधिवक्ताबाट समेत मुद्दा नचल्ने निर्णय भइसकेको देखिएको अवस्थामा निवेदन मागबमोजिमको कार्य सम्पन्न भइसकेको देखिएकोले निवेदकले पेस गरेको जाहेरी दर्ता गरी अनुसन्धानसमेत गर्ने आदेश जारी गरिपाउँ भन्ने पुनरावेदन जिकिर मनासिब देखिन नआउने।

अतः उपर्युक्त विवेचित आधार, कारणसमेतबाट निवेदिकाले दिएको जाहेरी दर्ता गरी किटान भएका प्रतिवादी रामदेव मण्डललाई पक्राउ गरी अनुसन्धान गर्दा महान्यायाधिवक्ताबाट मिति २०७१।१२।१२ मा कोही कसैउपर मुद्दा नचलाउने गरी निर्णय भएको देखिएकोले निवेदन मागबमोजिम परमादेशको आदेश जारी हुने अवस्था देखिएन, निवेदन खारेज हुने ठहर्छ भनी पुनरावेदन अदालत जनकपुरले मिति २०७१।१२।१९ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगदिशप्रसाद भट्ट

कम्प्युटर: चन्द्रावती तिमल्सेना

इति संवत् २०७५ साल जेठ २१ गते रोज २ शुभम्।

२

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, *०६९-CR-०४९०, ०५१६, जबरजस्ती करणी, हरिकृष्ण बाईजु वि. नेपाल सरकार, नेपाल सरकार वि. हरिकृष्ण बाईजु*

प्रमाण ऐन, २०३१ को दफा १० मा **कुनै काम घटना वा अवस्थाका सम्बन्धमा सो काम गर्ने वा सो काम घटना वा अवस्था प्रत्यक्ष रूपमा देख्ने वा थाहा पाउने, सो काम घटना वा अवस्थाबाट पीडित भएको व्यक्तिले मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुने** व्यवस्था रहेको छ। ऐ. ऐनको दफा १८ मा **कुनै काम घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुने** व्यवस्था रहेको पाइन्छ। प्रमाण ऐन, २०३१ को उक्त व्यवस्थाको सन्दर्भमा प्रस्तुत मुद्दाको तथ्यगत अवस्थालाई हेर्दा प्रस्तुत मुद्दाको घटनाबाट पीडितहरूले घटनाको तत्कालपछि गरेको कागजमा लेखाएको बेहोराबाट यी प्रतिवादीले पीडितहरूलाई जबरजस्ती करणी गरेको भन्ने कुरा उल्लेख गरी प्रमाण ऐनको दफा १८ बमोजिम मौकाको आफ्नो बेहोरालाई समर्थन गर्दै अदालतमा बकपत्र गरेको अवस्था छ। त्यस्तै पीडितकी आमा जाहेरवाला गिता तामाङले मौकाको आफ्नो जाहेरी बेहोरालाई समर्थन गर्दै अदालतमा बकपत्र गरेको देखिएकाले जाहेरवालाको भनाइ र पीडितहरूको भनाइलाई प्रमाण ऐन, २०३१ को उक्त व्यवस्थाअनुसार ठोस प्रमाण मान्नुपर्ने अवस्था देखिन आयो। यस पृष्ठभूमिमा प्रतिवादीले अदालतको बयानमा पीडितहरूउपर जबरजस्ती करणी नगरेको भनी लिएको जिकिरलाई

प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिएन। पुनरावेदक प्रतिवादीले पीडितहरूबाट निजउपर झुट्टा आरोप लगाउनुपर्ने उचित र विश्वासलाग्दो कारणसहितको प्रमाण पेस गर्नसमेत सकेको देखिँदैन । यस्तो अवस्थामा प्रतिवादीबाट पीडितहरूउपर जबरजस्ती करणी वा अप्राकृतिक मैथुन हुन नसक्ने भन्न नमिल्ने।

प्रस्तुत कसुरमा समावेश दुईवटा विशेषज्ञको प्रतिवेदन सम्बन्धमा विचार गर्दा वारदात घटेकै दिन सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिम अनुसन्धानको अधिकारप्राप्त प्रहरी अधिकृतले परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालमा पीडितहरूको स्वास्थ्य परीक्षण गर्न पठाएको देखिन्छ। घटना घटेको करिब १२ दिनपछि CWIS नामक गैरसरकारी संस्थाले शिक्षण अस्पतालमा पीडितहरूको स्वास्थ्य परीक्षण गर्न पठाएको देखिन्छ। कुनै व्यक्तिबाट गैरकानूनी काम भएको भन्ने जानकारी भएमा सो व्यक्तिको विरूद्ध अनुसन्धान तहकिकात गरी सबुद प्रमाण सङ्कलन गर्ने जिम्मा सम्बन्धित प्रहरी अधिकृतको हुन्छ । सोहीबमोजिम सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ ले तोकेको अधिकृतले जाँचबुझ गर्न पठाई प्रतिवेदन लिने काम अवैध मान्न मिल्ने नदेखिँदा CWIS को अनुरोधमा पीडितहरूको शिक्षण अस्पतालमा स्वास्थ्य परीक्षण गरी आएको प्रतिवेदन प्रमाणयोग्य मान्न नमिल्ने।

पीडितहरूको अदालतमा भएको बकपत्र, प्रहरीमा भएको कागजको बेहोरा तथा पीडितहरूको स्वास्थ्य परीक्षण प्रतिवेदनले प्रतिवादीको मौकामा भएको बयान कागजको बेहोरालाई पूर्णरूपमा समर्थन गरेको देखिन्छ। प्रतिवादी हरिकृष्ण बाईजुले अदालतमा कसुरप्रति इन्कार रही दिएको बयान र सो बयानलाई समर्थन हुने गरी निजका साक्षीले गरेको बकपत्र अन्य कुनै पनि स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नसकेको हुँदा निजले लिएको कसुरप्रतिको इन्कारी जिकिरलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिएन। उल्लिखित अवस्थामा प्रतिवादीले पीडित माइली तामाङलाई जबरजस्ती करणीको उद्योग गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी हरिकृष्ण बाईजुलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको ५ नं. बमोजिम ५ वर्ष कैद हुने ठहर्‍याएको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिने।

तसर्थ, उपर्युक्त आधार र कारणसमेतबाट पीडितहरू स्वयम्ले मौकामा गरेको कागज र सो कागजलाई समर्थन हुने गरी अदालतमा गरेको बकपत्र, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न प्रमाण तथा पीडितकी आमा जाहेरवाला गिता तामाङले मौकाको आफ्नो जाहेरी बेहोरालाई समर्थन गर्दै अदालतमा गरेको बकपत्र तथा प्रतिवादी हरिकृष्ण बाईजुको मौकामा भएको बयान कागजलगायतका मिसिल संलग्न मालाकार रूपमा रहेका आधार प्रमाणबाट प्रतिवादी हरिकृष्ण बाईजुले पीडित कान्छी थापा (नाम परिवर्तन) लाई आशय करणी गरेको तथा पीडित माईली तामाङलाई जबरजस्ती करणीको उद्योग गरेको हो भन्ने कुरा पुष्टि भइरहेको देखिँदा सुरू भक्तपुर जिल्ला अदालतबाट भएको मिति २०६८।२।१९ को फैसला केही उल्टी हुने ठहर्‍याएको पुनरावेदन अदालत पाटनको मिति २०६९।३।१९ को फैसला सदर हुने।

इजलास अधिकृत: तारादेवी महर्जन

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७५ साल असार ३१ गते रोज १ शुभम्।

३

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०६७-CI-००५७, लिखत बदर, आनन्द राय यादवसमेत वि. रामबाबु राय यादव*

पुनरावेदक प्रतिवादीले वादी प्रतिवादीका राजीनामाको जग्गाको वार्ड नं. र ब्लक नं. फरकफरक रहेको भनी पुनरावेदन जिकिर रहेकोमा दुवै पक्षले छुट्टाछुट्टै जग्गा देखाउन नसकी एउटै जग्गा देखाएको पाइन्छ । सर्लाही जिल्ला अदालतबाट मिति

०५८।१।२१ मा भएको नक्सा विवरण हेर्दा वादी दाबीबमोजिमको जग्गा र प्रतिवादीले जिकिर लिएको जग्गा एउटै भएको भनी न.नं. २ को जग्गामा झगडा जनाइएको देखिन्छ । यी पुनरावेदक प्रतिवादीले रामकैलास रायबाट मिति ०५४।५।२५ को र.नं. १५४२ बाट राजीनामा पारित गराई लिनुभन्दा पहिले पुनरावेदकलाई जग्गा पारित गरिदिने दाता रामकैलास राय वादी भई दायर गरेको ०५० सालको दे.नं १५३३ को हक कायम मिलापत्र बदर मुद्दा, दे.नं. १५३१ को लिखत बदर दर्ता मुद्दा दायर भएकोमा दे.नं. १५३१ को लिखत बदर मुद्दामा २०५० सालको दिने नेनमा देवी कलवार र झरियादेवी कलवार लिने रामबाबु राय भएको र.नं. १९५३ को पारित राजीनामा बदर नहुने भनी भएको फैसला र फौ.नं. ५७१ को जालसाजी मुद्दामा पुनरावेदकले पारित गराई लिएको र.नं. १९५३ को २०५०।८।१३ को राजीनामाको लिखत बदर नभई यथावत् रहिरहेको उल्लिखित मुद्दाहरूमा दाबीको जग्गामा वादीको हक रहेको कुनै प्रमाण वादीबाट पेस हुन नसकेको अवस्थामा वादी दाबी पुग्न नसक्ने भनी सुरू सर्लाही जिल्ला अदालतबाट भएको मिति ०५२।११।६ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ भनी पुनरावेदन अदालत जनकपुरबाट मिति २०५४।२।५ मा भएको फैसला अन्तिम भई बसेको देखिन्छ । मिति २०५४।५।२५ मा दिने राम कैलास राय र लिने आनन्दलाल राय भएको र.नं. १५४२ को पारित राजीनामामा चार किल्ला पृथक् प्रतीत पार्ने गरी पुनरावेदकले पारित गराई लिएको राजीनामामा लेखिएको चार किल्लाको जग्गामा पुनरावेदन अदालतको मिति २०५४।२।५ को फैसलासमेतबाट पुनरावेदक आनन्दलाल राय यादवका दाता पुनरावेदक राम कैलास राय यादवको हकै नपुग्ने ठहरी अन्तिम निर्णय भएको देखिन्छ । मुद्दाबाट हकै स्थापित हुन नसकेपछि उक्त जग्गा राजीनामा गरिदिएकोले जग्गा राजीनामा गरिदिने हक पुनरावेदकको दातालाई भएको भनी मान्न मिलेन । हकै नपुग्नेले जग्गा राजीनामा पारित गरिदिएकोले सो राजीनामा सदर कायम रहन सक्ने देखिँदैन । यसरी आफ्नो हकै स्थापित नभएको जग्गा राम कैलास राय यादवले आनन्द राय यादवलाई राजीनामा गरिदिएको देखिने ।

तसर्थ, आफ्नो हक नै नभएको जग्गा राजीनामा पारित गरी हक हस्तान्तरण गर्न मिल्ने नदेखिँदा यस अदालतबाट पुनरावेदन अदालत जनकपुरको फैसलामा त्रुटि रहेको भनी मुद्दा दोहोऱ्याई हेर्न प्रदान गरिएको अनुमति निस्सा आदेशसँग सहमत हुन सकिएन । सर्लाही जिल्ला अदालतबाट ०५७।५।२४ मा भएको नक्सामा न.नं. २ का जग्गाको हदसम्म पुनरावेदक (प्रतिवादी) रामकैलास राय यादवले पुनरावेदक प्रतिवादी आनन्दलाल रायलाई र.नं. १५४२ मिति २०५४।५।२५ मा पारित गरिदिएको राजीनामा बदर हुने देखिएकोले प्रतिवादी रामकैलास रायले आनन्दलाल रायलाई र.नं. १५४२ बाट मिति २०५४।५।२५ मा गरिदिएको राजीनामा लिखत बदर हुने ठहऱ्याई सुरू सर्लाही जिल्ला अदालतबाट मिति ०६०।३।२९ मा भएको फैसला सदर हुने ठहऱ्याई भएको पुनरावेदन अदालत जनकपुरको मिति २०६३।८।२० को फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः माथि उल्लेख भएका आधार कारणहरूसमेतबाट प्रतिवादी रामकैलास रायले आनन्दलाल रायलाई र.नं.१५४२ बाट मिति २०५४।५।२५ मा गरी दिएको राजीनामा लिखत बदर हुने ठहऱ्याई सुरू सर्लाही जिल्ला अदालतबाट मिति ०६०।३।२९ मा भएको फैसला सदर हुने ठहऱ्याई भएको पुनरावेदन अदालत जनकपुरको मिति २०६३।८।२० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल साउन २८ गते रोज २ शुभम् ।

- यसै लगाउको ०६७-CR-००३४,

जालसाजी, आनन्द राय यादवसमेत वि. रामबाबु राय यादव भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७४-WO-०७२३, उत्प्रेषण, हयात रिजेन्सी होटलमा सञ्चालित क्यासिनो प्राइड नेपालको व्यवस्थापकसमेत वि. श्रम अदालतसमेत*

विपक्षी चुनु थापालाई सेवाबाट अवकाश दिने गरी भएको श्रम अदालतको फैसला कानूनसम्मत छ, छैन भन्ने नै प्रस्तुत रिट निवेदनको मुख्य निरूपण गर्नुपर्ने विषय रहेको देखिन्छ । सोतर्फ हेर्दा पुनरावेदकको नियुक्तिपत्रको प्रतिलिपि हेर्दा निज क्यासिनो प्राइडमा मिति २०७२।६।१९ मा ६ महिनाको परीक्षणकालमा रहने गरी गेमिङ डिपार्टमा सिनियर क्रुपियर पदमा नियुक्ति पाई काम गर्दै आएको तथ्यमा विवाद देखिँदैन । नियुक्ति मितिको हिसाबले विपक्षीको परीक्षणकालको अवधि २०७२।१२।१८ सम्म रहने देखिन्छ । विपक्षी चुनु थापालाई सेवाबाट हटाउने गरी भएको निर्णय हेर्दा २०७२ साल असोज १९ गतेदेखि लागु हुने गरी कम्पनीको नियम सर्त बन्देजहरू पूर्ण रूपमा परिपालना गर्ने गरी परीक्षणकालमा नियुक्त गरिएको र यस परीक्षणकालीन समयमा तपाइँ आफूभन्दा सिनियर आफ्नो सुपरभाइजर, एक्जुकेटिभ, मेनेजरहरूसँग मुखमुखै लागी मिसविहेब गर्ने, अह्राएको नमान्ने जस्ता क्रियाकलाप गर्नुका साथै तपाइँको आफ्नो डिउटी पनि सन्तोषजनक नभएको पाइएको हुँदा व्यवस्थापनको तर्फबाट तपाइँको सेवा थप नगरी आज मिति २०७२/१२/३० देखिनै सेवा अन्त्य गरिएको भन्ने उल्लेख भएको देखिन्छ । नियुक्तिपत्रमा उल्लेख भएको परीक्षणकाल समाप्त भएपछि सबन्धित कर्मचारीको नियुक्ति स्थायी प्रकृतिको हुने भएकोले त्यसपछि निजलाई सेवाबाट हटाउन पर्दाको अवस्थामा श्रम ऐन, २०४८ को परिच्छेद ८ आकर्षित हुने अवस्था रहन्छ । श्रम ऐन, २०४८ को दफा ५३(१) मा स्थायी कामदार वा कर्मचारीलाई सेवाबाट हटाउनुअघि खराब आचरण गरेको तथ्य र सो प्रमाणित भएमा हुन सक्ने सजायसमेत स्पष्ट उल्लेख गरी त्यस्तो कामदार वा कर्मचारीलाई आफ्नो स्पष्टीकरण पेस गर्न कम्तीमा ७ दिनको म्याद दिनुपर्ने भन्ने अनिवार्य व्यवस्था गरेको पाइन्छ भने सोहीअनुरूपको व्यवस्था प्राइड क्यासिनोको कामदार कर्मचारीहरूको सेवा सर्तसम्बन्धी विनियमावलीको नियम ६३ मा समेत भएको पाइन्छ । त्यसैगरी श्रम ऐन, २०४८ को दफा ५२(४) को अवस्थामा मात्र दफा ५३ को प्रक्रिया पुरा गरी सेवाबाट हटाउन सक्ने अधिकार प्रतिष्ठानलाई कानूनले प्रदान गरेको देखिन्छ । तर यी विपक्षीलाई सेवाबाट हटाउँदा यी सबै कानूनी प्रावधानको परिपालना भएको कुरा मिसिल संलग्न कागजातबाट देखिँदैन भने निवेदकसमेतले सोको दाबी लिन सकेको पनि देखिँदैन । यसरी परीक्षणकाल समाप्त भइसकेको कामदार वा कर्मचारीलाई ऐनले निर्दिष्ट गरेको कार्यविधिको न्यूनतम रूपमा पालना नगरी अर्थात् सुनुवाइको मौकासम्म नदिई प्राकृतिक न्यायको सिद्धान्त र मर्मविपरीत यी विपक्षीलाई अवकाश दिने गरी प्रतिष्ठानबाट मिति २०७२/१२/३० मा भएको निर्णय एवं जानकारी पत्र कानूनप्रतिकूल भए गरेको आधार कारणबाट विपक्षी चुनु थापाको सेवा अन्त्य गरिएको क्यासिनो प्राइडको निर्णय वा जानकारी पत्र त्रुटिपूर्ण देखिँदा बदर भई विपक्षीले सेवामा बहाल हुने र निजले सेवा अन्त्य भएको मितिदेखि बहाल हुँदासम्मको तलब सुविधासमेत पाउने ठहऱ्याई भएको श्रम अदालतको फैसलाबाट निवेदकको कानूनी एवं संवैधानिक हकमा के कसरी आघात पुग्न गएको हो भन्ने कुरा रिट निवेदनले प्रस्ट खुलाउन सकेको देखिँदैन । कानूनबमोजिम भएको श्रम अदालतको फैसलाले निवेदक संस्थालाई कुनै अपूरणीय क्षति भएको नदेखिँदा उक्त कानूनसम्मत फैसला बदर

गरिपाउँ भन्ने निवेदन जिकिर तथा निवेदकतर्फका विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने ।

काठमाडौं जिल्ला प्रशासन कार्यालयबाट यौन दुर्व्यवहार ऐन, २०७४ बमोजिम विपक्षी चुनु थापालाई जरिवाना गरेकोमा सोलाई फैसलामा आधार नलिइएको भन्ने निवेदन जिकिर रहेतर्फ हेर्दा उक्त फैसलामा जरिवाना भएको कारण स्थायी कर्मचारीका रूपमा कार्यरत विपक्षीको जागिर स्वतः अन्त हुने हुँदैन । निजलाई श्रम ऐन र निवेदक संस्था Pride Entertainment and Recreation Pvt. Ltd. को कामदार तथा कर्मचारीहरूको सेवा सर्तसम्बन्धी विनियमावली, २०७२ को विनियमले गरेको व्यवस्थाअनुरूपको प्रक्रिया अवलम्बन गरेर मात्र सेवाबाट हटाउन सकिने हुन्छ । सोही ऐन, विनियमले तोकिएबमोजिमको प्रक्रिया पूरा नगरेको कारणबाट विपक्षीलाई सेवाबाट हटाउने गरी भएको Pride Entertainment and Recreation Pvt. Ltd. मिति २०७२।१२।३० को निर्णय बदर गरी भएको श्रम अदालत काठमाडौंको मिति २०७४।८।२७ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुन सक्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: जगदीशप्रसाद भट्ट

कम्प्युटर: चन्द्रावती तिमल्सेना

इति संवत् २०७५ साल ज्येष्ठ २० गते रोज १ शुभम् ।

इजलास नं.४

१

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७५-WO-०४५८, उत्प्रेषण, आनन्दकुमार वली वि. शिक्षा विकास तथा समन्वय इकाई, रोल्पासमेत*

रिट निवेदक विज्ञापित प्रा.वि. शिक्षक पदको परीक्षाका प्रतिस्पर्धी रहेको देखिन्छ । यी निवेदकले विपक्षी ज्ञानकुन्ज प्राथमिक विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार शिक्षक छनौट समितिबाट प्रकाशित विज्ञापनमा तोकिएको दरखास्त दिने म्यादभित्र दरखास्त दिई मिति २०७५।६।२१ मा सञ्चालित लिखित परीक्षामा समावेश भएको देखिन्छ । निवेदकसमेत सामेल भएको उक्त लिखित परीक्षाको मिति २०७५।६।२२ मा नतिजासमेत प्रकाशित भई सो नतिजामा आफ्नो नाम ननिस्किएपछि वा परीक्षामा सफल हुन नसकेपछि मिति २०७५। ८।३ मा शिक्षक छनौट सम्बन्धमा भएको सम्पूर्ण निर्णय, विज्ञापन, परीक्षा प्रणाली र नतिजासमेत बदर होस् भनी रिट निवेदन लिई निवेदक अदालतसमक्ष आएको पाइन्छ । विपक्षी विद्यालय व्यवस्थापन समितिसमेतका कार्य र निर्णय कानूनविपरीत भएको भए त्यसलाई चुनौती दिन तत्काल कानूनी उपचारको बाटो रोज्नुपर्नेमा सो नगरी सो विज्ञापनलाई स्वीकारी आफूले पनि सो विज्ञापन गरिएको पदको लागि दरखास्त दिई लिखित परीक्षामा समेत सामेल भएको र आफू अनुत्तीर्ण भएपछि मात्र प्रस्तुत रिट निवेदन गर्न आएको देखिन्छ । अदालतमा न्यायको याचना गर्न आउने निवेदक सफाहात लिई आउनु पर्दछ । आफ्ना कुरा लुकाएर उपचार खोज्न आउने व्यक्तिलाई अदालतले सहयोग गर्न सक्तैन । यो न्यायको सर्वमान्य सिद्धान्त हुने ।

यस सम्बन्धमा यस अदालतबाट तारावीर श्रेष्ठ विरूद्ध शिक्षक छनौट समिति मोरङसमेत भएको उत्प्रेषण निवेदनमा (ने.का.प.२०५३, अङ्क ६, नि.नं.६२०९) **लिखित परीक्षाको नतिजा प्रकाशित भई सो आधारमा सम्पन्न अन्तर्वार्तामा यी निवेदक सम्मिलित भई प्रकाशित अन्तर्वार्ताको नतिजामा आफू असफल भएपछि मात्र प्रस्तुत रिट निवेदन प्रस्तुत गरेको देखिँदा निवेदक स्वच्छ विचारले अदालत प्रवेश गरेको मान्न मिलेन** भनी व्याख्या भएको पाइन्छ । त्यसैगरी दिगविजय चौधरी

विरूद्ध मुख्य सचिव, श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयसमेत भएको उत्प्रेषण निवेदनमा (ने.का.प.२०५०(क), अङ्क ४, नि.नं.४७२३) **निवेदकले जुन परीक्षालाई संविधानविपरीत छ भनी यस अदालतको असाधारण अधिकार क्षेत्रमा प्रवेश गरी रिट निवेदन दिएको हो सोही परीक्षामा निवेदक स्वयं सम्मिलित भएर परीक्षा दिएको देखिन्छ । आफू परीक्षामा सम्मिलित हुने र पछि परीक्षा नै गैरसंवैधानिक छ भनी आएको निवेदकलाई स्वच्छ विचारले आएको भन्न मिल्ने देखिएन । आफूले दिएको परीक्षालाई आफैँ गैरसंवैधानिक भनी निवेदकलाई निवेदन क्षेत्रमा प्रवेश गर्ने अधिकार हुँदैन** भनी रिट निवेदन खारेज भएको पाइने।

प्रमाण कानूनसँग सम्बन्धित विबन्धनको सिद्धान्तअनुसार कुनै व्यक्तिले परिस्थिति र प्रक्रियालाई स्वीकारी आफ्नो आचरण वा व्यवहारद्वारा कुनै काम कुरा गरिसकेपछि सो काम वा कुरा त्यस्तो थिएन वा होइन भन्न सक्तैन भन्ने सर्वमान्य कानूनी मान्यता रहेको छ। यो सिद्धान्त कुनै व्यक्तिले आफ्नो पूर्व व्यवहारबाट वा कुनै काम कुरा गरी फाइदा उठाइसकेको विषयको सम्बन्धमा अन्यथा भन्न वा विपरीत कार्यबाट दोहोरो फाइदा लिन नहुने अवधारणामा आधारित रहेको छ। सो सिद्धान्त र कानूनी मान्यता रहेको परिप्रेक्ष्यमा यी निवेदकको आचरण र व्यवहारबाटै निज शिक्षक छनौटसम्बन्धी विद्यालय व्यवस्थापन समितिको निर्णय र त्यससँग सम्बन्धित क्रियाकलापमा सुरूबाटै संलग्न रही निर्धारित समयसीमा र प्रक्रियाबमोजिम परीक्षामा सहभागी भएको देखिन्छ। परीक्षाको नतिजा प्रकाशित हुँदा आफू असफल भएपछि यो रिट निवेदन लिएर यस अदालतमा प्रवेश गरेको देखिँदा निज स्वतः विबन्धित भएकोसमेत देखिने।

यस सम्बन्धमा यस अदालतबाट निवेदक शंकर सिंह थापासमेत विरूद्ध महेन्द्र संस्कृत विश्वविद्यालय कार्यकारी परिषद्समेत भएको उत्प्रेषणयुक्त परमादेशको रिट निवेदनमा (ने.का.प.२०४६, अङ्क १२, नि.नं.४०२२) **प्रकाशित विज्ञापनबमोजिम निवेदकहरूले पनि आवेदन दिई लिखित परीक्षामा सम्मिलितसमेत भई परीक्षामा असफल भएपछि मात्र सो विज्ञापनलाई चुनौती दिने, अन्यथा प्रमाणित गर्ने प्रयास गर्ने निवेदकहरू पूर्णतः विबन्धित देखिन्छन् । किनकि निवेदकहरूबाट प्रकाशित विज्ञापन बारेमा तत्काल आपत्ति जनाइएको पाइँदैन । विज्ञापित पदमा स्वेच्छापूर्वक आवेदन गरी परीक्षामा सम्मिलित भई त्यसको परिणाम आफ्नो प्रतिकूल हुन गएपछि मात्र विज्ञापनलाई चुनौती दिन प्रस्तुत रिट निवेदन दायर गरेको पाइन्छ । अतः निवेदकहरूको दाबी कानूनसम्मत मान्न मिलेन** भनी रिट खारेज गरिएको पाइने।

माथि विवेचित तथ्य, आधार, कारण, कानूनी व्यवस्था र नजिरसमेतको आधारमा पहिला विद्यालय व्यवस्थापन समितिका सबै कार्य र प्रक्रियालाई स्वीकारी, प्रकाशित विज्ञापनमा फाराम भरी, लिखित परीक्षामा सम्मिलित भई, सो परीक्षाको नतिजा प्रकाशित हुँदा आफू असफल भएपछि मात्र अगाडिदेखिका सबै कामकारबाही अपारदर्शी, गैरकानूनी र अनियमित भए भनी सो सबै निर्णय र कामकारबाही बदर गरी पाउन निवेदक प्रस्तुत रिट निवेदन लिई आएको देखिन्छ। यस अवस्थामा निवेदकको जिकिरअनुसार निजको रोजगारी गर्न पाउने हक, सोको लागि स्वच्छ र निष्पक्ष प्रतिस्पर्धामा सहभागी हुन पाउने समानता र स्वतन्त्रताको हकबाट वञ्चित गरिएको भन्न मिल्ने नदेखिई निवेदन मागबमोजिमको रिट जारी हुन सक्ने अवस्था नदेखिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : फणेश्वरी घिमिरे

कम्प्युटर : समी नेपाली

इति संवत् २०७६ साल कार्तिक २१ गते रोज ५ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७५-WO-०४५९, उत्प्रेषण, उषा खड्का (वली) वि. शिक्षा विकास तथा समन्वय इकाई, रोल्पासमेत
- ०७५-WO-०४६०, उत्प्रेषण, राजकुमार वली वि. शिक्षा विकास तथा समन्वय इकाई, रोल्पासमेत

२

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७२-CI-१५८५, निषेधाज्ञा, भिखारी महतो धानुक वि. जिल्ला प्रशासन कार्यालय, पर्सासमेत*

प्रत्यर्थी सुरेन्द्र साह कानुले यी पुनरावेदकसँगको सहकारी संस्थामार्फत मलखाद खरिद बिक्री सम्बन्धमा भएको लेनदेन हिसाब किताब सम्बन्धमा रकम भराई पाउन भनी जिल्ला प्रशासन कार्यालय, पर्सामा मिति २०७२।०८।२४ मा निवेदन दिएको भए पनि सो निवेदनमा जिल्ला प्रहरी कार्यालय, पर्साले आफ्नो कार्यालयको अधिकारक्षेत्र नपर्ने भनी कुनै कारबाही नगरी यथास्थितिमा राखेको अवस्थामा यी पुनरावेदकलाई प्रकाउ गर्ने कागज गर्ने जस्ता कार्य गर्न सक्ने तथा प्रत्यर्थीहरूको क्रियाकलापबाट निवेदकको वैयक्तिक स्वतन्त्रतालगायत सम्पत्तिसम्बन्धी नागरिक हकमा अघात पुग्ने वा अपहरण हुने आशंकाको स्थिति विद्यमान रहेको मिसिल संलग्न प्रत्यर्थीहरूको लिखित जवाफसमेतबाट नदेखिँदा पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

निषेधाज्ञा मूलतः कुनै नागरिकको कानून प्रदत्त हकमा कसैद्वारा आघात पार्ने गम्भीर आशंकाको अवस्था विद्यमान भएमा सो कार्य रोकी पहिलेकै अवस्थामा रहन दिन अदालतद्वारा जारी गरिने आदेश हो । तत्काल निषेधाज्ञा जारी नगरेमा निवेदकको हकमा आघात पर्न जाने देखिएमा, हनन हुने आशंका भएमा निषेधाज्ञा जारी गरिन्छ । यस सन्दर्भमा सर्वोच्च अदालतबाट **गोमाकुमारी पण्डित विरूद्ध मनतोरिया देवी भएको निषेधाज्ञा मुद्दा (ने.का.प. २०७४, अङ्क २, नि.नं.९७६३)** मा प्रतिपादित सिद्धान्त उल्लेख गर्न सान्दर्भिक हुने देखियो । उक्त मुद्दामा ***अदालतले निषेधाज्ञाको आदेश जारी गर्दा हुन गइरहेको वा भइरहेको काम कारोबारबाट कुनै पनि व्यक्तिको कानूनी हकमा आघात पर्न जाने स्थितिको आशंकाको विद्यमानतालाई नै हेर्ने गरिन्छ र त्यस्तो आशंका तथ्यपरक एवं प्रमाणपरक ढङ्गले पुष्टि भएको पनि हुनुपर्छ । निषेधाज्ञाको रिटबाट उपचार खोज्ने पक्षले आफूलाई मर्का परेको कुराको आशंकाको विद्यमानता रहेको कुरामा अदालतलाई आश्वस्त पार्न सक्नुपर्छ*** भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। प्रस्तुत मुद्दामा यी पुनरावेदकले निवेदनपत्रमा जिकिर लिए जस्तो निजको हकमा विपक्षीहरूबाट आघात पुऱ्याउने आशंकाको स्थितिको विद्यमानता मिसिल संलग्न प्रत्यर्थीहरूको लिखित जवाफसमेतबाट नदेखिँदा पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः माथि विवेचित तथ्य, आधार, कारणसमेतबाट निवेदन मागबमोजिमको निषेधाज्ञा आदेश जारी गर्नुपर्ने आशंकाको अवस्थाको विद्यमानता नदेखिँदा पुनरावेदन अदालत हेटौंडाबाट निषेधाज्ञाको निवेदन खारेज हुने ठहऱ्याएको मिति २०७२।१०।०६ को आदेश मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः भगवती शर्मा ढुङ्गाना
कम्प्युटर: समी नेपाली
इति संवत् २०७६ साल मार्ग ८ रोज १ शुभम्।

इजलास नं.५

१

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, *०७१-WO-१००९, उत्प्रेषण*

/ परमादेश, गमबहादुर तामाङ वि. सूचना तथा सञ्चार मन्त्रालयसमेत

प्रस्तुत रिट निवेदनको मिसिल संलग्न कागजात अवलोकन गर्दा, रिट निवेदक जिल्ला हुलाक कार्यालय मनाङमा हुलाकी तृतीय पदमा मिति २०५२/०१/०४ देखि कार्यरत रहेको देखिन्छ । निज निवेदकले सेवाबाट अवकाश लिने उद्देशयले मिति २०७०/०६/११ मा स्वेच्छापूर्वक राजीनामा दिएको भनी निवेदकको निवेदन लेखबाट देखिन्छ । आफूले दिएको राजीनामा स्वीकृत हुने भएकोले निवेदकले २०७० साल मङ्सिर ४ गते हुने दोस्रो संविधानसभाको निर्वाचनमा लमजुङ क्षेत्र नं.२ बाट सङ्घीय गणतान्त्रिक समाजवादी पार्टी नेपालको तर्फबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा प्रत्यक्षतर्फ उम्मेदवार मनोनयनपत्र दर्ता गरेको कुरामा निवेदकले स्वीकार गरेको देखिने ।

निजामती सेवा ऐन, २०४९ को दफा ६१(१)(ङ) मा कुनै पनि निजामती कर्मचारीले "राजनीतिमा भाग लिएमा" सेवाबाट हटाउने वा बर्खास्त गर्ने व्यवस्था भएको र सोही व्यवस्थाबमोजिम सोही ऐनको दफा ५९(ख)(१) मा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सक्ने भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दामा निवेदक गमबहादुर तामाङ जिल्ला हुलाक कार्यालय मनाङअन्तर्गत च्याम्चे धारापानी डाँक लाइनमा हुलाकी तृतीय पदमा कार्यरत रहेको अवस्थामा निजले २०७० साल मङ्सिर ४ गतेको संविधानसभाको निर्वाचनमा सङ्घीय गणतान्त्रिक समाजवादी पार्टी नेपालको तर्फबाट लमजुङ क्षेत्र नं.२ मा प्रत्यक्षतर्फ संविधानसभाको सदस्य पदमा प्रत्यासी भई उम्मेदवारी दर्ता गरेको सम्बन्धमा जाँचबुझ गर्दा निजामती सेवामा बहाल रहेको अवस्थामा राजनीतिमा भाग लिएको देखिन आएकोले निज निवेदकसँग नि.से. ऐन, २०४९ को दफा ६६(१) बमोजिम ७ दिनको म्याद दिई सफाइ माग गरिएकोमा निजले पेस गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले सोही ऐनको दफा ६१(१)(ङ) को कसुरमा ऐ.ऐनको ५९(ख)(१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने सजाय प्रस्तावित गरी सजाय गर्नका लागि लोक सेवा आयोगबाट परामर्श प्राप्त भएअनुसार निज निवेदक गमबहादुर तामाङलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९(ख)(१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने सजाय दिने गरी जिल्ला हुलाक कार्यालय, मनाङका हुलाक अधिकृतबाट मिति २०७१/०५/०९ मा गरेको निर्णयउपर निज गमबहादुर तामाङको प्रशासकीय अदालतमा पुनरावेदन परी सो हुलाक अधिकृतबाट भएको निर्णय सदर हुने ठहरी प्रशासकीय अदालतबाट मिति २०७१/१०/२२ मा फैसला भएको देखिने ।

निजामती सेवा नियमावली, २०५० को नियम १२८क मा राजीनामासम्बन्धी व्यवस्था गरेको छ । सोही नियमको उपनियम (१) मा **"निजामती कर्मचारीले स्वेच्छाले आफ्नो पदबाट राजीनामा दिन चाहेमा आफू कार्यरत कार्यालयमा लिखित रूपमा राजीनामा पेस गर्नुपर्ने छ"** यसैगरी उपनियम (२) मा **"उपनियम (१) बमोजिम आफ्नो कार्यालयमा पेस हुन आएको राजीनामा सम्बन्धित कर्मचारीलाई सनाखत गराउनुपर्ने छ"** यसैगरी उपनियम (३) को (ग) मा **"राजपत्र अनङ्कित र श्रेणीविहीन पदका निजामती कर्मचारीको विभागीय प्रमुख वा कार्यालय प्रमुखले राजीनामा स्वीकृत गर्न सक्नेछन्"** भन्दै उपनियम (४) मा **"उपनियम (१) बमोजिम कुनै निजामती कर्मचारीले आफ्नो पदबाट राजीनामा दिएमा निजले नेपाल सरकारलाई तिर्नु बुझाउनुपर्ने दायित्व बाँकी नरहेको, निजको राजीनामा लागु हुने मितिसम्मको नोकरी अवधि अद्यावधिक रहेको र विभागीय कारबाही सुरू नभएको यकिन**

भएमा निजको राजीनामा स्वीकृत गर्न सकिनेछ" भन्ने राजीनामा स्वीकृतिको कार्यविधिसम्बन्धी कानूनी व्यवस्था रहेको देखिन्छ । कानूनले तोकेका यी सम्पूर्ण प्रक्रिया पूरा गरी राजीनामा स्वीकृत गर्ने अधिकारीले राजीनामा स्वीकृत गरेपछि मात्र राजीनामाले पूर्णता प्राप्त गर्ने देखिन्छ । राजीनामा दिँदैमा राजीनामा स्वीकृत नभएसम्म कर्मचारीले आफ्नो कर्तव्य, दायित्व र आचरणबाट उन्मुक्ति पाउन सक्ने अवस्था रहँदैन । निवेदकले सेवाबाट अवकाश लिने उद्देश्यले मिति २०७०/०६/११ मा जिल्ला हुलाक कार्यालयमा राजीनामा पेस गरेको देखिन्छ । उक्त राजीनामा कार्यालय प्रमुख नभएको कारणबाट सनाखत हुन नसकी स्वीकृत भएको देखिँदैन । बहाल रहेको पदबाट मुक्त हुन राजीनामाको निवेदन दिएर मात्र पुग्ने अवस्था नभई राजीनामा स्वीकृतसम्बन्धी कार्यविधि पूरा गरेपछि मात्र पदीय दायित्वबाट छुटकारा पाउने हुँदा राजीनामा दिएको भन्ने आधारमा मात्र पदमुक्त भएको अवस्था मान्न नसकिने।

निजामती सेवा ऐन, २०४९ को दफा ४४ मा **"निजामती कर्मचारीले राजनीतिमा भाग लिनु हुँदैन"** भन्ने निजामती कर्मचारीको आचरणको व्यवस्था गरेको पाइन्छ। यसैगरी कुनै निजामती कर्मचारीले राजनीतिमा भाग लिई निजामती कर्मचारीले आचरण उल्लङ्घन गरेमा सोही ऐनको दफा ५९(ख)(१) मा **"भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने"** भन्ने कानूनी व्यवस्था रहेको छ। यसैगरी सोही ऐनको ६१(१)(ङ) मा **"राजनीतिमा भाग लिएमा"** निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिने छ भन्ने कानूनी व्यवस्था रहेको पाइने।

निवेदकले राजनीतिमा भाग लिए नलिएको भन्नेतर्फ हेर्दा यी निवेदकले कार्यालयमा दिएको स्पष्टीकरणमा आफू सङ्घीय गणतान्त्रिक समाजवादी पार्टी नेपालको दलप्रति आबद्ध भई लमजुङ जिल्लाको जिल्ला अध्यक्ष पदमा रहेको भनी स्पष्टीकरण दिएको र २०७० साल मङ्सिर ४ गते हुने संविधानसभाको निर्वाचनमा लमजुङ जिल्लाको क्षेत्र नं.२ बाट प्रत्यक्षतर्फ सङ्घीय गणतान्त्रिक समाजवादी पार्टी नेपालको राजनीति दलको उम्मेदवार भई उम्मेदवारी दर्ता गरेको भन्नेसमेत उल्लेख गरेको देखिँदा निज राजनीतिमा भाग लिएको भन्ने तथ्य निर्विवाद रहेको देखिँदा निजले निजामती सेवामा कार्यरत रहेको अवस्थामा राजनीतिक दलप्रति आबद्ध भई संविधानसभाको निर्वाचनमा राजनीतिक दलको तर्फबाट उम्मेदवारी दर्ता गराएको देखिँदा निवेदक हुलाकी गमबहादुर तामाङले राजनीतिमा भाग लिएको स्पष्ट देखिन आउने।

अतः विवेचित आधार, प्रमाण र कारणहरूसमेतबाट निवेदक गमबहादुर तामाङले राजीनामा स्वीकृत नगराई आफू निजामती सेवाको हुलाकी पदमा बहाल रहेको अवस्थामा राजनीतिमा भाग लिएको देखिएकोले निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ४४ ले निजामती कर्मचारीले राजनीतिमा भाग लिन नहुने गरी कानूनद्वारा रोक लगाएको अवस्थामा निवेदकलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१(१)(ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ५९(ख)(१) बमोजिम जिल्ला हुलाक कार्यालय, मनाङका हुलाक अधिकृतले मिति २०७१/०५/०९ मा निवेदक गमबहादुर तामाङलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने भनी गरेको विभागीय सजायको निर्णय कानूनसम्मत देखिएकोले निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल पौष २८ गते रोज ६ शुभम्।

२

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, *०७५-WO-०५५२, उत्प्रेषण / परमादेश, झापा स्थित शेर्पा ओरियन्टेसन कन्सल्टेन्सी प्रा.लि. वि. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसमेत*

रिट निवेदक शेर्पा ओरियन्टेसन कन्सल्टेन्सी प्रा.लि.ले अभिमुखीकरण तालिम सञ्चालन गर्ने संस्था दर्ता तथा नवीकरणसम्बन्धी कार्यविधि, २०७१ बमोजिमका कागजात संलग्न राखी संस्था नवीकरणको लागि अनुरोध गरी वैदेशिक रोजगार विभाग, बुद्धनगर काठमाडौंसमक्ष मिति २०७५।३।२० मा निवेदन दिएकोमा सो निवेदनपत्र वैदेशिक रोजगार विभागमा दर्ता नं. १५९१० मिति २०७५।३।२७ मा दर्तासमेत भइसकेको देखिन्छ । वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २३ को उपनियम (२) अनुसार रिट निवेदक आर्थिक वर्षको असार मसान्तभित्रै आवश्यक विवरणसहित संस्था नवीकरण गराउने प्रयोजनार्थ वैदेशिक रोजगार विभागसमक्ष उपस्थित भइसकेको पाइयो । रिट निवेदकले वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २३ को उपनियम (३) बमोजिम नवीकरण दस्तुरबापत लाग्ने रकम रू.५,०००।- समेत मिति २०७५।४।९ गतेका दिन वैदेशिक रोजगार विभागको नाममा प्रभु बैंक लि. मा रहेको खाता नं. ००१००१०००२३०२७७००००००५ मा बैंक दाखिल गरिसकेको कुरा मिसिल संलग्न रहेको बैंक दाखिला भौचरबाट देखियो । यसरी असार मसान्तभित्रै संस्था दर्ताको लागि परेको निवेदन आफूले स्वीकार गरी आवश्यक नवीकरण दस्तुरसमेत बुझिसकेको र असोज मसान्तसम्ममा नवीकरण गर्न सकिने व्यवस्थासहितका वैदेशिक रोजगार नियमावली, २०६४ र अभिमुखीकरण तालिम सञ्चालन गर्ने संस्था दर्ता तथा नवीकरणसम्बन्धी कार्यविधि, २०७१ विपक्षी वैदेशिक रोजगार विभागको वेभसाइट www.dofe.gov.np र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको वेभसाइट www.febp.gov.np मा राखिएको थियो । विपक्षीहरूका वेभसाइटमा नियमावली तथा अभिमुखीकरण तालिम सञ्चालन गर्ने संस्था दर्ता तथा नवीकरणसम्बन्धी कार्यविधि, २०७१ मा भएको परिवर्तनलाई अध्यावधिक गरिएको थिएन भन्ने तथ्यलाई अन्यथा भन्न नसकेको अवस्थामा म्यादभित्र नवीकरण नगराएको कारण जनाई संस्था रद्द हुने गरी निर्णय हुनु मनासिब नदेखिने ।

त्यसैगरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिवस्तरको मिति २०७५।५।४ को सोही निर्णयानुसार, वैदेशिक रोजगार विभागको च.नं. १०४६ मिति २०७५।५।२६ कै पत्रबाट संस्था दर्ता नवीकरण नहुने जानकारी गराइएको अर्को अभिमुखीकरण तालिम सञ्चालन गर्ने संस्था अल एसियन ओरियन्टेसन सेन्टर प्रा.लि.ले यिनै विपक्षी निकायहरूका विरूद्ध सम्मानित यसै अदालतमा दर्ता गरेको ०७५-WO-०२८८ को उत्प्रेषण मुद्दामा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिवस्तरको मिति २०७५।५।४ को निर्णय, वैदेशिक रोजगार विभागको च.नं. १०४६ मिति २०७५।५।२६ को पत्र, तत्सम्बन्धी काम कारबाही उत्प्रेषणको आदेशले बदर गरी अन्य कुराको रीत विधि पूरा गरेको भए शुल्क श्रावण महिनामा दाखिला गरेको भन्नेसम्मको कारणले निवेदक संस्थाको नवीकरण गर्ने कार्य नरोकी विधि र प्रक्रिया पुऱ्याई निवेदक अल एसियन ओरियन्टेसन सेन्टर प्रा.लि. को संस्था दर्ता नवीकरण गर्नु, गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ठहर गरी सरकारी निकायका WEBSITE बाट प्रकाशन / सम्प्रेषणका सम्बन्धमा विपक्षी मन्त्रालयका सचिवले हेरी आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी मिलाउने आवश्यक प्रबन्ध तत्काल गर्नु भनी निर्देशनात्मक आदेशसमेत जारी गरी मिति २०७५।९।२६ मा फैसला भएको देखिने ।

तसर्थ, उल्लिखित ०७५-WO-०२८८ को उत्प्रेषण मुद्दामा प्रतिपादित सिद्धान्त र यस निवेदनको विषयवस्तु समान रहेको देखिँदा सोही आधारमा समेत निवेदक शेर्पा ओरियन्टेसन कन्सल्टेन्सी प्रा.लि.को हकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिवस्तरको मिति २०७५।५।४ को निर्णय, वैदेशिक रोजगार विभागको च.नं.१०४६ मिति २०७५।५।२६ को पत्र, तत्सम्बन्धी काम कारबाही उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । साथै रिट निवेदक संस्थाको नवीकरण गर्ने सम्बन्धमा अन्य कुराको रीत विधि पूरा गरेको भए शुल्क श्रावण महिनामा दाखिला गरेको भन्नेसम्मको कारणले निवेदक संस्थाको नवीकरण गर्ने कार्य नरोकी विधि र प्रक्रिया पुऱ्याई निवेदक शेर्पा ओरियन्टेसन कन्सल्टेन्सी प्रा.लि.को संस्था दर्ता नवीकरण गर्नु, गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद अधिकारी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल आषाढ ५ गते रोज ५ शुभम् ।

३

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल, *०६७-CR-०९०२,जबरजस्ती करणी उद्योग, हरिनारायण मानन्धर वि. नेपाल सरकार*

जबरजस्ती करणी एक गम्भीर फौजदारी अपराध हो । यस्ता अपराधहरूमा वैज्ञानिक प्रमाणहरू (Scientific evidences) को निकै महत्त्व रहने हुन्छ । यस्ता अपराध भएको वा नभएको तथ्य पुष्टि गर्न वैज्ञानिक प्रमाणहरूलाई नजरअन्दाज गर्न कदापि सकिँदैन । माथिको प्रकरणहरूमा उल्लिखित तथ्यहरूलाई Medical report ले पुष्टि गरेको अवस्था देखिएन । २०६२।५।६ मा परेको दोस्रो जाहेरीको प्रकरण नं. ६ मा उल्लेख भएबमोजिम पीडितलाई प्रतिवादीबाट लगातार १० गतेदेखि १८ गतेसम्म पटकपटक जबरजस्ती गरी करणी गर्ने प्रयास गरेको अवस्था भए स्वाभाविकरूपमा योनि र लिङ्गमा घर्षणका चिह्नहरू देखिनुपर्ने र रगतसमेत आएको भए योनिभित्रको कन्याजाली छेदन हुनुपर्ने वा योनिभित्र अन्य घाउ इत्यादि हुनुपर्नेमा श्यामा राईको शारीरिक परीक्षणमा कन्याजाली छेदन नभएको र योनिभित्र वा बाहिर सङ्घर्षका चिह्नहरू नभएको तथा हरिनारायणको लिङ्गमा सङ्घर्षको चिह्नहरू छैनन् भनी उल्लेख भएको देखिएबाट पीडितको कथन पुष्टि हुनसकेको देखिएन । अझ पटकपटक जबरजस्ती करणी भएको अवस्था भएको भए पक्कै पनि पीडितको योनिभित्र “Semen” को मात्रा केही भए पनि भेटिने अवस्थाको विद्यमानता रहन्थ्यो । “Semen could not be detected on exhibit no.1, 2, 3, 5 & 6” भन्ने केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालाको २०६२।४।३० को प्रतिवेदन मिसिल सामेल रहेबाट प्रतिवादीको जिउको खानतलासी बरामदी मुचुल्कामा उल्लेख भएबमोजिम जाँच गरिएको भित्री वस्त्र र पीडितको वस्त्रसमेतको प्रयोगशाला परीक्षणमा वीर्यको कुनै सङ्केत नपाइएको देखिँदा जाहेरीमा लिइएका जिकिर पुष्टि हुन सक्ने नदेखिने ।

पीडितको बकपत्रको स.ज.३४ मा उल्लेख भएबमोजिम योनिबाट रगत आएको भन्ने बेहोरा पीडितको शारीरिक परीक्षण (physical test) बाट प्रमाणित नभएको र भित्री वस्त्रमा समेत रगत नपाइएको अवस्था देखिँदा पीडितको सो कथन पुष्टि हुने देखिएन । त्यस्तै गरी निज पीडितले बकपत्रको स.ज.३८ मा भनेबमोजिम आफूलाई प्रतिवादीले करणी गर्ने प्रयास गर्दा अइया अइया भनेर कराउँदा छिमेकीहरूले समेत सुनेको भन्ने बेहोरा उल्लेख गरेको भए तापनि रोए कराएको सुन्ने छरछिमेकी तथा चश्मदिद व्यक्तिसमेतको कागज गरेको र निजहरूबाट त्यस्तो तथ्य आएको मिसिल संलग्न कागजातहरूबाट देखिन नआएको हुँदा पीडितको कथन प्रतीतलायक मान्न नसकिने ।

यसैगरी प्रतिवादीले अदालतसमक्ष गरेको बयान (स.ज. १२ मा उल्लेख भएको) मा २०६२।४।१८ गते साँझ ८:३० बजे नै श्यामा राईलाई जबरजस्ती करणी आरोपमा अनुसन्धान गर्न भनी मलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय धनुषामा ल्याएको भन्ने उल्लेख भएको। साथै, दोस्रो जाहेरीमा २०६२।४।१८ गते गस्तीको प्रहरीले घटनास्थलमा रङ्गेहात पक्राउ गरी पीडित तथा प्रतिवादी दुवैलाई पक्राउ गरी जि.प्र.का. मा राखी भोलिपल्ट अं. १:०० बजे जनकपुर अञ्चल अस्पतालबाट मेडिकल जाँच गराई साँझ ५:०० बजे पीडितलाई आफ्नी दिदीको जिम्मा लगाएको भन्ने उल्लेख भएको पाइन्छ। तर, पीडित भनिने श्यामा राईले अदालतमा बकपत्र गर्दा मैले मिति २०६२।४।१८ को साँझ ५ बजेदेखि राति १० बजेसम्म भात पकाउने, तरकारी पकाउने, खाना खुवाउने, भाँडा माझ्ने काम (स.ज.२३ मा उल्लेख भएको), राति १२ बजे हजुरआमासँग सुतेको हुँ (स.ज.१८ मा उल्लेख भएको) भनी उल्लेख गरेकी छिन्। साथै, पीडितको बकपत्रमा घटनाबारे राति १० बजे दिदीलाई भनेको (स.ज.१६ मा उल्लेख भएको), राति १०:३० बजेसम्म परिवारमा सबैले खाना खाइसकेको (स.ज.२० मा उल्लेख भएको) उल्लेख गरेको पाइन्छ। एउटै घटनाका सम्बन्धमा मिसिल सामेल जाहेरी दरखास्तहरू, पीडित, जाहेरवाली र प्रतिवादीका परस्पर विरोधी कथनहरूबाट उक्त घटना भएको भनिएको रातमा उक्त घटना घटेको हो भन्ने कुरा विवादरहित ढङ्गले प्रमाणित हुन सकेको अवस्था नदेखिने।

यसैगरी पीडितले अदालतमा गरेको बकपत्रको स.ज. ४४ मा चलिरहेको टि.भि.मा सिरियल आइरहेको थियो भनी उल्लेख गरेकी छिन्। उक्त भनाइबाट टि.भि. मा ब्लु फिल्म चलेको भन्ने तथ्य खण्डित भएको हुँदा विवादरहित तवरले ब्लु फिल्म देखाएको भन्ने नै पुष्टि हुन सकेन। जहाँसम्म बरामद भएको सि.डि.मा ब्लु फिल्म रहेको छ भन्ने छ, सो तथ्यबाट सो सि.डि. उक्त भनिएको वारदातका बखत नै प्रयोग भएको भन्ने तथ्य स्थापित हुन सकेको नदेखिने।

प्रतिवादी हरिनारायण मानन्धरले अनुसन्धानमा बयान गर्दाको अवस्थामा पीडित भनिएकी श्यामा राई मेरो घरको तल्लो तल्लामा आमा सुत्ने कोठामा नै सुत्ने बस्ने गर्दै आएकी थिइन् भनी लेखाएको र सोही बेहोराअनुरूप अदालतमा बयान गर्दासमेत उल्लेख गरी अनुसन्धान र अदालतमा जबरजस्ती करणीको उद्योग गरेकोमा इन्कारी बयान गरेको पाइन्छ। प्रतिवादीको उक्त कथनलाई पीडितले अदालतमा बकपत्र गर्दा सो करणी गर्ने उद्योग भएको भनेको रात पनि हजुरआमासँग सुतेको भन्ने कथनबाट पुष्टि भएको छ। मिसिल सामेल मेडिकल परीक्षण प्रतिवेदनले समेत कसुर पुष्टि हुने आधार नदेखाएको साथै पीडितले अदालतमा गरेको बकपत्रको बेहोराहरू समेत आपसमा विरोधाभाषपूर्ण देखिएबाट जबजस्ती करणीको उद्योगको कसुर स्वतन्त्र ढङ्गबाट पुष्टि हुने अवस्था नदेखिने।

ने.का.प. २०७५, भाग ६० अङ्क २, नि.नं. ९९५६ नेपाल सरकार विरूद्ध खेमनारायण चौधरी भएको मुद्दामा ***"अपराध गर्ने उद्देश्यसहित अपराध गर्ने कार्य गर्दा बिचमा अवरोध सिर्जना भई कार्यले पूर्णता नपाएको अवस्थामा मात्र उद्योग हुने"*** भनी प्रतिपादन भएको सिद्धान्तले आपराधिक उद्देश्य राखेर कार्य सम्पन्न गर्ने क्रममा विभिन्न अवरोध पैदा भई सो अपराध कर्म सम्पन्न हुन नसकेको अवस्था विद्यमान हुनुपर्ने देखिन्छ। प्रस्तुत मुद्दामा यी प्रतिवादीले लिङ्ग योनिमा छिराउन खोज्दा योनि दुखी रूने कराउने गर्दा छाडेको भन्ने पीडितको कथनलाई शारीरिक परीक्षणबाट प्रमाणित हुन सकेको नदेखिएको र मिसिल सामेल अन्य कागज प्रमाणबाट प्रस्तुत मुद्दामा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गर्ने उद्देश्य राखेको वा गर्ने प्रयास गरेको वा सो गर्ने क्रममा बिचमा

कुनै अवरोध पैदा भएको कारणले जबरजस्ती करणीको कार्य सम्पन्न हुन नसकेको भन्ने कुरा स्वतन्त्र रूपमा पुष्टि हुनसकेको अवस्था नदेखिएबाट तत्कालीन पुनरावेदन अदालतबाट जबरजस्ती करणी उद्योग ठहर गर्ने गरी भएको फैसला मनासिब मान्न नमिल्ने।

तसर्थ, विवेचित आधार तथा प्रमाणबाट यी पुनरावेदक प्रतिवादीउपर आरोपित जबरजस्ती करणी उद्योगको कसुर प्रमाणित हुन नआएकोले प्रमाणको अभाव देखिने र अनुमानको आधारमा जबरजस्ती करणी जस्तो गम्भीर अपराधमा दोषी ठहराउनु फौजदारी न्यायको सिद्धान्तअनुकूल नहुने हुँदा प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको धनुषा जिल्ला अदालतको फैसला उल्टी गरी जबरजस्ती करणीको उद्योग ठहऱ्याएको पुनरावेदन अदालत जनकपुरको मिति २०६६।०५।३१ को फैसलामा इन्साफ मिलेको नदेखिएकोले सो उल्टी भई प्रतिवादी हरिनारायण मानन्धरले आरोपित कसुरबाट सफाइ पाउने ठहरी सुरू धनुषा जिल्ला अदालतबाट भएको मिति २०६३।८।२६ को फैसला सदर कायम हुने।

इजलास अधिकृत : विकास बस्नेत, नविनकुमार यादव (शा.अ.)

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल असोज २ गते रोज ५ शुभम्।

४

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी, *०७६-RC-०००८, कर्तव्य ज्यान र जबरजस्ती चोरी (साधक), नेपाल सरकार वि. धनबहादुर गुरूङ*

प्रतिवादी धनबहादुर गुरूङले सुरू गोर्खा जिल्ला अदालतमा बयान गर्दा मैले मृतक सुकलक्ष्मी श्रेष्ठसमेतलाई विषादी औषधी मिसाएको मिठाईसमेत खान दिई निजलाई कर्तव्य गरी मारेको होइन छैनसमेत भनी आरोपित कसुर अपराध गरेकोमा इन्कारी भई बयान गरेको पाइन्छ तापनि यी प्रतिवादी धनबहादुर गुरूङले निजको उक्त इन्कारी बयान साक्षीसमेतको कुनै पनि प्रमाणबाट पुष्टि वा प्रमाणित गराउन सकेको पाइँदैन भने यिनै प्रतिवादी धनबहादुर गुरूङले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा भने मिति २०५२।६।२७ गते राति मैले मृतक होटलवाली सुकलक्ष्मी श्रेष्ठलाई मार्ने उद्देश्यले २ वटा मिठाईमा धेरै मात्रामा बेहोस बनाउने औषधी मिसाई खुवाइदिएको हुँ। सोही औषधी सेवनको कारण निजको होसमा नआई मृत्यु भएको हो भनी आरोपित कसुर अपराध गरेकोमा साबिती भई बयान गरेको पाइन्छ। त्यसैगरी उक्त मिति २०५२।६।२७ गते राति एक अपरिचित व्यक्ति आई म र बैनी सीतालाई १/१ वटा र हजुरआमा सुकलक्ष्मी श्रेष्ठलाई २ वटा मिठाई खान दिएकोमा खाएको केही समयपछि हजुरआमा ढल्नु भएकोमा भोलिपल्ट निजलाई उपचारार्थ लाँदा उपचार हुँदाहुँदै निजको मृत्यु भएको हो भनी नाबालिग तत्काल वर्ष ११ की पशुपति श्रेष्ठले प्रहरीमा कागज गरी अदालतमा बकपत्र गर्दा सोही कागजलाई नै समर्थन गरी उक्त अपरिचित व्यक्ति हाल पक्राउ भई आएका प्रतिवादी धनबहादुर गुरूङ नै हुन् निजले नै उक्त मिति २०५२।६।२७ गते राति हजुरआमा सुकलक्ष्मी श्रेष्ठसमेतलाई बिस्कुट अर्थात् विषादी मिठाई खान दिई सोही विषादी मिठाई खाएका कारणले हजुरआमा सुकलक्ष्मी श्रेष्ठको उपचारको क्रममा मृत्यु भएको हो भनी लेखाई दिएकी, त्यस्तै जाहेरवाला कृष्णकुमार श्रेष्ठ र प्रहरीमा कागज गर्ने गणेशकुमार श्रेष्ठसमेतका मानिसहरूले पनि गोरखा जिल्ला अदालतमा बकपत्र गर्दा प्रतिवादी धनबहादुर गुरूङले नै मृतक सुकलक्ष्मी श्रेष्ठलाई विष मिसिएको मिठाई खुवाई कर्तव्य गरी मारेको हो भनी लेखाइदिनुका साथै मृतक सुकलक्ष्मी श्रेष्ठको शव परीक्षण प्रतिवेदनमा भिसेरा परीक्षणपश्चात् मृत्युको कारण यकिन हुने भनी उल्लेख भएकोमा भिषेरा रिपोर्टमा Demothoat नामक विषादी देखिएको र उक्त Demothoat भन्ने विषादी organophosphorus insecticide poison

हो भन्नेसमेत भिषेरा परीक्षण प्रतिवेदनमा उल्लेख भएको देखिने।

मृतक सुकलक्ष्मी श्रेष्ठको शव परीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा, भिषेरा परीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा, पशुपति श्रेष्ठ, कृष्णकुमार श्रेष्ठ, गणेशकुमार श्रेष्ठ, मदनकुमार श्रेष्ठ, कुलबहादुर राना, ईश्वरप्रसाद श्रेष्ठले सुरू अदालतमा गरेको बकपत्र, घटनास्थल प्रकृति मुचुल्का, लास प्रकृति मुचुल्काको बेहोरासमेतका वस्तुगत प्रमाणहरूबाट जाहेरी दरखास्तको बेहोरा तथा यी प्रतिवादी धनबहादुर गुरूङले मैले मृतक सुकलक्ष्मी श्रेष्ठलाई मार्ने उद्देश्यले २ वटा मिठाईमा धेरै मात्रामा बेहोस बनाउने औषधी मिसाई खुवाई दिएको हुँ भन्नेसमेत बेहोराको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान र मृतक सुकलक्ष्मी श्रेष्ठलाई Demethoat नामक विषादी औषधी मिसाएको मिठाई प्रतिवादीले खान दिएको कारणबाट निजको मृत्यु भएको भन्ने तथ्य स्पष्ट रूपमा समर्थित हुन आएको देखिने।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. ले कानूनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्नको उद्योग गर्न हुँदैन भन्ने व्यवस्था गरेको छ। त्यस्तै मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(२) ले विष खुवाई ज्यान मारेमा ज्यानमारा ठहर्छ। त्यस्तालाई सर्वस्वसहित जन्मकैदको सजाय गर्नुपर्छ भन्ने व्यवस्था गरेको छ। मृतकको शव परीक्षण प्रतिवेदन, भिषेरा परीक्षण प्रतिवेदन, पशुपति श्रेष्ठ, कृष्णकुमार श्रेष्ठ, गणेशकुमार श्रेष्ठ, मदनकुमार श्रेष्ठ, कुलबहादुर राना र ईश्वरप्रसाद श्रेष्ठले गरेको बकपत्र, प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानसमेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादी धनबहादुर गुरूङले मृतकलाई Demethoat नामक विषादी औषधी मिसाएको मिठाई खान दिएको र सोही विषादी औषधीका कारण उपचारका क्रममा निजको मृत्यु भएको देखिएकोले निज प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर अपराध गरेको पुष्टि हुन आएको देखिने।

मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम कानूनमा **"कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुर सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन"** भन्ने व्यवस्था भएको पाइन्छ। त्यसैगरी फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा **"कुनै कसुर सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी सजाय निर्धारण गर्नुपर्ने छ"** भन्ने व्यवस्था भएको पाइन्छ। त्यसैगरी केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(क) मा **"कुनै कसुरको सजाय साबिक ऐनमा मुलुकी अपराध संहितामा लेखिएको भन्दा बढी रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ"** भन्ने कानूनी व्यवस्था भएको परिप्रेक्ष्यमा मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वसहित जन्मकैदको कानूनी व्यवस्था नभएको र ऐ. को दफा १७७(२) मा ज्यान मार्ने कसुर गर्ने गराउने व्यक्तिलाई जन्मकैदको सजाय मात्र हुने भनी कानूनी व्यवस्था रहेभएको देखिने।

अतः विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी धनबहादुर गुरूङलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिम सजाय हुने ठहर्‍याई सुरू गोरखा जिल्ला अदालतबाट मिति २०७२/१०/२० मा भएको फैसला सदर हुने ठहर्छ तर केही नेपाल कानूनलाई संशोधन र एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) को प्रतिबन्धात्मक वाक्यांशले सर्वस्व भने नहुने ठहर्‍याई उच्च अदालत पोखराबाट

मिति २०७५/०९/१७ मा भएको फैसला साधकको रोहबाट जाँच गर्दा मिलेकै देखिएकोले साधक सदर हुने।

इजलास अधिकृत : कृष्णप्रसाद अधिकारी

कम्प्युटर : विपिनकुमार महासेठ

इति संवत् २०७६ साल भाद्र ९ गते रोज २ शुभम्।

५

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी, *०७६-RC-००११, कर्तव्य ज्यान, नेपाल सरकार वि. जितबहादुर भण्डारी*

प्रतिवादी जितबहादुर भण्डारीले अधिकारप्राप्त अधिकारी एवं सुरू गोरखा जिल्ला अदालतमा बयान गर्दा मिति २०७३।५।१३ गते मैले पिताम्बर नेपालीको हातबाट खुर्पा तानी खोसी निजलाई हानेको हुँ । पिताम्बर नेपालीलाई खुर्पाले हानी कर्तव्य गरी मारेको ठिक हो तर गाउँ घरका अन्य मानिसहरूलाई समेत हातपात गर्ने व्यक्ति हो भन्ने कुरा ठिक होइन । मृतक पिताम्बर नेपाली मैले प्रहार गरेको खुर्पाको चोट पीडाका कारणले मरेका हुन् भनी आरोपित कसुर अपराध गरेकोमा साबित भई बयान गरेको पाइन्छ। त्यस्तै प्रतिवादी जितबहादुर भण्डारीले मेरो बुबा पिताम्बर नेपाली धान गोड्ने काममा गएकोमा धान गोड्ने मेलामै गई बुबालाई बोलाई ल्याएर हर्मी ९ मौलास्वाँरामा लगी अन्दाजी १५:०० बजेको समयमा खुर्पाले घाँटीमा प्रहार गरी कर्तव्य गरी मारेको हुँदा निजलाई कारबाही गरिपाउँ भन्ने जाहेरी दरखास्त दिई सोही जाहेरी दरखास्तलाई समर्थन गरी बकपत्र गरेको, त्यस्तै उक्त मिति २०७३।५।१३ गतेका दिन हर्मी ९ मौलास्वाँरा स्थितमा प्रतिवादी जितबहादुर भण्डारीले पिताम्बर नेपालीलाई खुर्पाले घाँटीमा प्रहार गरी कर्तव्य गरी मारेको कुरा सुनी थाहा पाई घटनास्थलमा गई हेर्दा निज पिताम्बर नेपालीको मृत शरीर देखेका हौँ भन्नेसमेत बेहोराको मौकामा बुझिएका मुन्द्रे नेपाली, दण्डबहादुर नेपाली, सरोज नेपाली, हरि दानकोटी र काजिराम दानकोटीले गरेको एकै मिलानको कागज, Dissection of bilateral carotid arteries and/ or Dissection of spinal cord भन्ने बेहोराको शव परीक्षण प्रतिवेदनसमेतबाट प्रतिवादी जितबहादुर भण्डारीले खुर्पा जस्तो जोखिमी हतियारले पिताम्बर नेपालीको घाँटीमा प्रहार गरेको चोट पीडाको कारणबाट निजको मृत्यु भएको भन्ने तथ्य स्पष्टरूपमा समर्थित हुन आएको देखिने।

यस सम्बन्धमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. ले **"कानूनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्नको उद्योग गर्न हुँदैन"** भन्ने व्यवस्था गरेको छ। त्यस्तै मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) ले "**धार भएको वा नभएको जोखिमी हतियार गैह्रले हानी, रोपी, घोची ज्यान मारेमा ज्यानमारा ठहर्छ। त्यस्तालाई सर्वस्वसहित जन्मकैदको सजाय गर्नुपर्छ"** भन्ने व्यवस्था गरेको छ । मिसिल संलग्न जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, प्रतिवादीको अनुसन्धान अधिकारी तथा अदालतसमक्षको बयान कागज, अभियोगपत्र मौकामा बुझिएका मुन्द्रे नेपाली, दण्डबहादुर नेपाली, सरोज नेपाली, हरि दानकोटी र काजिराम दानकोटीले गरेको एकै मिलानको कागज, Dissection of bilateral carotid arteries and / or Dissection of spinal cord भन्ने बेहोराको शव परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादी जितबहादुर भण्डारीले मृतक पिताम्बर नेपालीलाई खुर्पा जस्तो जोखिमी हतियारले घाँटीमा प्रहार गरेको देखिएकोले निज प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर अपराध गरेको पुष्टि हुन आएको देखिने।

मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम कानूनमा **"कुनै कसुरबापत**

सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुर सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने व्यवस्था भएको पाइन्छ । त्यसैगरी फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा **"कुनै कसुर सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी सजाय निर्धारण गर्नुपर्ने छ"** भन्ने व्यवस्था भएको पाइन्छ । त्यसैगरी केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(क) मा **"कुनै कसुरको सजाय साबिक ऐनमा मुलुकी अपराध संहितामा लेखिएकोभन्दा बढी रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ"** भन्ने कानूनी व्यवस्था भएको परिप्रेक्ष्यमा मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वसहित जन्मकैदको कानूनी व्यवस्था नभएको र ऐ. को दफा १७७ (२) मा ज्यान मार्ने कसुर गर्ने गराउने व्यक्तिलाई जन्मकैदको सजाय मात्र हुने भनी कानूनी व्यवस्था रहेभएको देखिने ।

अतः विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी जितबहादुर भण्डारीलाई अभियोग दाबीबमोजिम तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. को कसुरमा सोही १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय ठहऱ्याई भएको गोरखा जिल्ला अदालतको मिति २०७३।०६।०६ को फैसला मनासिब नै देखियो तर केही नेपाल कानूनलाई संशोधन र एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) को प्रतिबन्धात्मक वाक्यांशले सर्वस्व भने नहुने ठहर्छ भन्नेसमेत बेहोराको उच्च अदालत पोखराबाट मिति २०७५।९।१८ मा भएको फैसला साधकको रोहबाट जाँच गर्दा मिलेकै देखिएकोले साधक सदर हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद अधिकारी

इति संवत् २०७६ साल भाद्र ९ गते रोज २ शुभम् ।

इजलास नं. ६

१

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, *०६७-WO-००३४, परमादेश, गणेशप्रसाद सिग्देल वि. अर्थ मन्त्रालयसमेत*

मिति २०६७/३/२९ को वीरगन्ज भन्सार कार्यालय, भन्सार अधिकृतबाट भएको निर्णयको कार्यान्वयन नगर्न अन्तरिम आदेश माग गरिएको पाइन्छ । उक्त निर्णयलाई हेर्दा पहिले सोही प्रकृतिको Hundai Tucson गाडीको मूल्य US Dollar १५३९१/- भएकोमा सोउपर पैठारीकर्ताले मूल्य निर्धारण पुनरावलोकन समितिमा पुनरावलोकनका लागि दिएको निवेदनमा समितिले मूल्य US Dollar १५३९१/- कायम गर्ने निर्णय गरेको र हाल पैठारी हुन आएको सवारी पनि समान स्थितिमा रहेकोले त्यतिकै मूल्य कायम गर्ने भनी निर्णय गरेको पाइने ।

भन्सार ऐन, २०६४ को दफा ६१(१) अनुसार परेको पुनरावेदनउपर पुनरावलोकन समितिले मिति २०६७/३/२५ मा पैठारी हुने सवारीको मूल्य US Dollar १८२५१।- तोकी गरेको निर्णयको वैधानिकताको सम्बन्धमा विचार गर्दा उक्त निर्णय गर्दा पुनरावलोकन समितिले कानूनद्वारा निर्धारित आधारहरूको अवलम्बन गरेको नै देखिन्छ । विश्व व्यापार सङ्गठनको भन्सार महसुल तथा व्यापारसम्बन्धी सामान्य सम्झौता (जेनेरल अग्रिमेन्ट अन टेरिफ एण्ड ट्रेड), १९९४ को धारा ७ को कार्यान्वयन गर्नको लागि सम्पन्न भएको सम्झौतामा उल्लिखित भन्सार मूल्याङ्कनसम्बन्धी नियमहरू, अनुसूची र व्याख्या अवलम्बन गरिने छ भन्ने बाध्यात्मक प्रावधान रहेको र यस अतिरिक्त भौगोलिक दुरी, यातायात साधनको भिन्नता, आयातित वस्तुलाई आयात गर्ने बन्दरगाह, परिवहन खर्च, लोडिङ्ग,

अनलोडिङ, ह्यान्डलिङ, बिमा खर्च तथा ऐच्छिक स्तरीय समान (Optional Standard Items), आन्तरिक र बाह्य विशेषता (Internal and External Features), रङ्ग, प्रख्यात (Reputed Brand Name) आदिले मूल्य निर्धारणमा प्रभाव पार्ने भनी व्याख्या गरेको र सोही आधारहरू तथा भन्सार ऐन, २०६४ को दफा १३ को अवलम्बन गरी मूल्याङ्कन पुनरावलोकन समितिले मूल्य निर्धारण गरेको पाइने।

आयातित भएको TUCSON GL DRCI 2.0 DS (D4EA) 5 M/T 4 WD 1991 विवरण भएको सवारी साधनको कारोबार मूल्य निर्धारण गर्दा २०६६/५/६ मा महामहिम कोरियाली राजदूत **एच. होइ. सुमोग**का नाममा उत्पादक कम्पनीबाटै US Dollar १८२५१ मा पैठारी भएकोमा अहिले वीरगन्ज भन्सार कार्यालयको मिति २०६७/३/२९ को निर्णयअनुसार US Dollar १५३९१ कायम गरिएको पाइयो । निजी प्रयोजनको लागि पैठारी गरिएको एक unit सवारी र व्यापारिक प्रयोजनको लागि पैठारी गरिएको सवारीहरूको मूल्यमा केही फरक पर्न नहुने भनेर भन्न मिल्ने देखिएन । सुविधायुक्त कुटनीतिक सुविधामा पैठारी गरिएको साधनको मूल्य निर्धारण आधार र व्यापारिक प्रयोजनको लागि पैठारी गरिएको साधनको मूल्य निर्धारण गर्ने आधारहरू फरक हुने र सोको कारण पैठारी मूल्यमा समेत भिन्नता आउन सक्ने कुरालाई अन्यथा मानिहाल्नुपर्ने देखिँदैन । तसर्थ, सवारीको पैठारी मूल्य निर्धारणको विभिन्न आधार र कारण हुने हुँदा उस्तै प्रकृतिको सवारीको पैठारी मूल्यमा फरक हुँदैन भनी व्याख्या गर्नु न्यायोचित हुँदैन । कोरियाली राजदूतको साधनको पैठारी मूल्य र मिति २०६७/३/२९ को निर्णयअनुसार आयातित साधनको मूल्यमा फरक पर्नुलाई कानूनसम्मत नभएको भन्ने मिल्ने अवस्था विद्यमान रहेको नदेखिने।

भन्सार पुनरावलोकन समितिले भन्सार अधिकृतले गरेको निर्णय जाँचबुझ गरी मनासिब ठहराई निर्धारण गरेको मूल्यलाई मान्यता दिई बदर नहुने भनी यस अदालतबाट मिति २०६७।५।३ मा यिनै निवेदक ले दायर गरेको ०६६-WO-०४९७ रिट खारेज भएको देखियो । जुन जरियाबाट निवेदक प्रस्तुत निवेदन दर्ता गर्न आउनु परेको हो सो निवेदन *ठोस प्रमाण अभावमा अनुमान एवं शंकाको भरमा कानूनबमोजिम संस्थापित संस्था एवं जिम्मेवार अधिकारीले गरेको कामकारबाही नै त्रुटिपूर्ण भनी लिएको मागदाबी पुग्न सक्ने नदेखिएकोले आधारहीन निवेदनबाट मागदाबीबमोजिम उत्प्रेषणलगायत परमादेशको आदेश जारी गर्न मिल्ने देखिएन* भनी खारेज भई नै सकेको छ । सोही निवेदनबाट निवेदकले उठाएको प्रश्नहरूको यथोचित सम्बोधन पनि भएको देखिने।

निवेदकले प्रस्तुत मुद्दामा उठाएको विषय वस्तु निवेदकले दर्ता गराएको ०६६-WO-०४९७ बाट नै विवादित विषयमा निर्णय हुन सक्ने अवस्था विद्यमान हुँदा हुँदै सार्वजनिक सरोकारको विषय लिएर प्रस्तुत निवेदन लिएर आएको देखियो । सार्वजनिक सरोकारको निवेदन लिएर अदालतमा आउने कुनै पनि निवेदकलाई सर्वोच्च अदालत नियमावली, २०७४ ले केही दायित्व सुम्पेको पनि छ । सो दायित्व पूरा गर्नु निजको कर्तव्य पनि हो । उक्त नियमावलीमा भएको व्यवस्था हेर्दा ***निवेदकले अदालतलाई सहयोग गर्नुपर्नेः*** *(१) काबुबाहिरको परिस्थिति परेकोमा बाहेक सार्वजनिक हक वा सरोकारको विवादको सुनुवाइको प्रत्येक चरणमा निवेदक उपस्थित भई अदालतको आदेशबमोजिम बहस पैरवीलगायतका कार्य गर्नु गराउनु पर्ने छ ।(२) निवेदकले दर्ता गराएको सार्वजनिक हक वा सरोकारको विवादको विषयमा निरन्तर अध्ययन अनुसन्धान गरी विवाद निरूपण गर्न अदालतलाई हरसम्भव सहयोग पुर्‍याउनुपर्ने छ ।* तर निवेदकलाई यस अदालतबाट मिति २०६८।१०।२५ को तारेख तोकेकोमा उक्त तारेख गुजारी बसेको देखिन्छ । अन्य निकायले कानूनले तोकेको कार्य नगरी देश विकासमा

बाधा पुऱ्याएको आरोपमा भ्रष्टाचारमा कारबाही गर्न माग गर्न आउने निवेदकले भने निवेदकको हैसियतमा पूरा गर्नुपर्ने कर्तव्यबाट विमुख हुन खोजेको पाइन्छ । संविधानद्वारा प्रदत्त मौलिक हक स्पष्ट रूपमा हनन हुन गएको स्थितिमा सो रोक्नको लागि प्रभावकारी उपचारको लागि सार्वजनिक सरोकारको विवाद र संवैधानिक उपचारको हकको कल्पना गरिएको हुँदा मनगढन्ते आधारमा सोको प्रयोग गर्दा सो प्रावधानहरूको उद्देश्यविपरीत हुन जाने अवस्था हुन्छ। आफ्नो प्रत्यक्ष हक वा हित हनन भएको स्थिति नै नदेखाई उत्प्रेषणलगायत परमादेशको आदेश जारी गरी पाउन गरेको माग नै आधारहीन देखिन्छ । विपक्षीहरूको कार्यले निज निवेदकको संविधानको धारा १८ ले प्रदान गरेको रोजगारीको हकमा असर पर्न गएको स्थापित हुन सकेको देखिएन । यस प्रकारको सार्वजनिक सरोकारको विषयले अदालतको समय तथा सो रिटको महत्त्व तथा गरिमामा नै तेजबोध गरी महत्त्वपूर्ण समय बर्बाद गर्ने नियत लिएको कार्यलाई शोभनीय मान्न सकिने देखिन नआउने।

यिनै निवेदक अधिवक्ता गणेशप्रसाद सिग्देल विरूद्ध अर्थ मन्त्रालयसमेत भएको उत्प्रेषणयुक्त परमादेश मुद्दामा (ने.का.प. २०६७, निर्णय नं. ८४४३, अङ्क ८,) मा *कुन विषयमा अनुसन्धान गर्ने, कुनमा नगर्ने तथा कुनमा अभियोजन गर्ने तथा कुनमा नगर्ने भन्ने जस्ता प्रश्नहरूका सम्बन्धमा संविधानले स्थापित गरेको अख्तियार दुरूपयोग अनुसन्धान आयोगकै क्षेत्राधिकारभित्रका कुरा हुन्। यस्तो संवैधानिक आयोगको क्षेत्राधिकार उल्लङ्घन हुने गरी आदेश माग गर्न र जिम्मेवार निकायका पदाधिकारीहरूउपर बिना कुनै आधार भ्रष्टाचार जस्तो गम्भीर अपराधमा कारबाहीको लागि आदेश माग गरी सार्वजनिक सरोकारको विषय भनी यस अदालतको अधिकारक्षेत्रभित्र प्रवेश गर्ने कार्यले सार्वजनिक सरोकारको विवादको क्षेत्राधिकारको स्पष्ट दुरूपयोग भएको अवस्था देखिने। जस्तोसुकै प्रकृतिको विवादलाई पनि सार्वजनिक सरोकारको विवादको आवरण ओढाएर अदालत प्रवेश गर्ने कार्यले अदालत, पक्षहरूको महत्त्वपूर्ण स्रोत, साधन, सिप एवं समयको बर्बादी मात्रै नभएर त्यसप्रकारको विवादले अर्थपूर्ण परिणामसमेत निकाल्न नसक्ने। अधिकारप्राप्त अधिकारीले कानूनसम्मत गरेको कामलाई सार्वजनिक सरोकारको विवाद वा विषय भनी यस अदालतसमक्ष विवाद खडा गर्न दिइरहने र सो क्रियालाई समयमै नरोक्ने हो भने त्यस्तो विवादले सार्वजनिक सरोकारको विवादसम्बन्धी अवधारणा एवं सिद्धान्तमा नै प्रतिकूल असर नपार्ला भन्न नसकिने । कानूनबमोजिम नियमित रूपमा हुने कुराहरू कानूनमा यथावत् रहेको अवस्थामा सोबमोजिम भएको कामबाट चित्त नबुझ्ने पक्षले कानूनले स्थापित अंगहरूमार्फत वैकल्पिक उपाय खोज्न सक्ने स्थिति रहेको र गैरकानूनी कार्य गरी अख्तियारको दुरूपयोग गरेको अवस्थामा सोको लागि आवश्यक अनुसन्धान गरी कानूनको प्रक्रियामा ल्याउन सक्ने सम्पूर्ण स्थिति खुला रहँदारहँदै अत्यन्त अनुमानित शंकाको आधारमा आफ्नो प्रत्यक्ष हक वा हितमा किञ्चित असर परेको स्थिति नै नदेखाई उत्प्रेषणलगायत परमादेशको आदेश जारी गर्न नमिल्ने* भनी सिद्धान्त प्रतिपादन भएको देखिने।

यसरी कानूनसम्मत कार्य गरेको अवस्थामा बिना कुनै ठोस आधार र कारण विपक्षीहरूमाथि भ्रष्टाचार जस्तो गम्भीर अपराधमा कारबाही गर्नु भनी लिइएको जिकिर सान्दर्भिक देखिँदैन । कुन विषयमा अनुसन्धान गर्ने भन्ने विषय अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारभित्रको कुरा हो र विना कुनै ठोस आधार र कारण भ्रष्टाचार जस्तो गम्भीर अपराधमा कारबाही गर्नु भनी माग गर्नु आयोगको क्षेत्राधिकारमा अनावश्यक हस्तक्षेप गर्नु हुने।

अत: माथि विवेचित तथ्य, कानूनी व्यवस्था, यस अदालतबाट यसै विषयमा प्रतिपादित सिद्धान्तको

आधार र कारणबाट निवेदकको मागदाबी ०६६-WO-०४९७ को रिटबाट सम्बोधन भई विवादको निरूपण भई प्रस्तुत रिटको औचित्यसमेत समाप्त भइसकेकाले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: देवीमाया खतिवडा (देविना)

इति संवत् २०७४ साल फागुन २ गते रोज ४ शुभम् ।

२

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, *०६८-WO-०३९८, उत्प्रेषण, नारायणप्रसाद देवकोटा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत*

नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्ष तथा सदस्यहरूको नियुक्तिको लागि सिफारिस गर्न सम्बद्ध क्षेत्रमा विज्ञहरूसमेत रहेको एक समिति गठन गर्ने भन्ने उक्त कानूनी व्यवस्था रहेको पाइन्छ । नियुक्तिको लागि सिफारिस समितिमा सम्बद्ध क्षेत्रमा विज्ञहरू रहनुपर्ने भन्ने नै भावना रहेको पाइयो । अर्थात् सिफारिस समिति गठन गर्दा सम्बन्धित क्षेत्रमा विज्ञहरूसमेत समावेश भएको हुनुपर्ने हो । नेपाल दूरसञ्चार प्राधिकरणमा प्राविधिक-१ र लेखा तथा लेखा परीक्षण-१ गरी २ वटा सदस्यहरूको पद रिक्त भएकोमा सो पदमा नियुक्तिको लागि सिफारिस गर्न नेपाल सरकारबाट गठन भएको समितिमा सूचना तथा सञ्चार मन्त्रालयको सचिवको अध्यक्षतामा अन्य २ जना व्यक्ति सुशीलकुमार ओझा र प्रमोद परमार सदस्यको रूपमा रहेको भन्ने देखियो । सुशीलकुमार ओझा २० वर्षभन्दा लामो समयदेखि लेखा / आर्थिक प्रशासन क्षेत्रमा कार्यरत रहेको र प्रमोद परमार प्राविधिक इन्जिनियर भई कार्य गरिरहेको भन्ने लिखित जवाफबाट देखिन आएको छ । दूरसञ्चार प्राधिकरणमा लेखा तथा लेखा परीक्षण र प्राविधिक सदस्यको पदमा नियुक्तिको लागि निवेदन आह्वान गरेको हुँदा सो क्षेत्रको विज्ञता भएको व्यक्तिहरू समावेश भई सिफारिस समिति गठन भएको देखिन्छ । निज व्यक्तिहरू सम्बन्धित क्षेत्रमा विज्ञहरू होइनन् भनी निवेदकले कुनै पनि प्रमाण पेस दाखिल गर्न सकेको पाइँदैन । कानूनबमोजिम गठन भएको सिफारिस समितिले स्वतन्त्र रूपमा कार्य गर्न नसक्ने भनी कुनै भरपर्दो विश्वसनीय आधार, कारणबिना निवेदनमा उल्लिखित बेहोराले मात्र अनुमान गर्न नमिल्ने ।

निवेदकले प्रस्तुत मुद्दामा उठाएको विषय वस्तु सार्वजनिक महत्त्वको हो भनी सार्वजनिक सरोकारको विषय लिएर प्रस्तुत निवेदन लिएर आएको देखियो । सार्वजनिक सरोकारको निवेदन लिएर अदालतमा आउने कुनै पनि निवेदकलाई सर्वोच्च अदालत नियमावली, २०७४ ले केही दायित्व सुम्पेको पनि छ । सो दायित्व पूरा गर्नु निजको कर्तव्य पनि हो । उक्त नियमावलीमा भएको व्यवस्था हेर्दा ***निवेदकले अदालतलाई सहयोग गर्नुपर्नेः*** *(१) काबूबाहिरको परिस्थिति परेकोमा बाहेक सार्वजनिक हक वा सरोकारको विवादको सुनुवाइको प्रत्येक चरणमा निवेदक उपस्थित भई अदालतको आदेशबमोजिम बहस पैरवीलगायतका कार्य गर्नु गराउनुपर्ने छ । (२) निवेदकले दर्ता गराएको सार्वजनिक हक वा सरोकारको विवादको विषयमा निरन्तर अध्ययन अनुसन्धान गरी विवाद निरूपण गर्न अदालतलाई हरसम्भव सहयोग पुर्‍याउनुपर्ने छ ।* तर निवेदकलाई यस अदालतबाट मिति २०७१।८।२४ को तारेख तोकेकोमा उक्त तारेख गुजारी बसेको देखिने ।

तसर्थ, उल्लिखित तथ्य, कानूनी व्यवस्था र विवेचनाको आधारमा मिति २०६८।७।८ को निर्णयबाट सूचना तथा सञ्चार मन्त्रालयको सचिवको अध्यक्षतामा दूरसञ्चार ऐन, २०५३ दफा ५(२) बमोजिम गठन गरेको सिफारिस समिति कानूनसम्मत नै देखिएको र सो समितिले सिफारिस गरी नियुक्त पाएका पदाधिकारीहरूको पदावधिसमेत समाप्त भई रिट निवेदनको औचित्य समाप्त भएको देखिँदा रिट खारेज हुने ।

इजलास अधिकृतः दुर्गा भट्टराई
कम्प्युटर: देविमाया खतिवडा (देविना)
इति संवत् २०७४ साल फागुन २ गते रोज ४ शुभम् ।

३

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, *०६८-WO-०३९९, उत्प्रेषण / परमादेश, गजेन्द्रराज शर्मा वि. मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत*

नेपाल पर्यटन बोर्ड ऐन, २०५३ को दफा ९(१) मा *बोर्डको उद्देश्य प्राप्तिको लागि आवश्यक कार्यक्रमहरू सुव्यवस्थित रूपले सञ्चालन गर्न, गराउन र बोर्डको सम्पूर्ण काम कारबाहीहरूको रेखदेख तथा प्रबन्ध गर्नको लागि एक कार्य समितिको गठन हुने छ* भन्ने व्यवस्था रहेको पाइन्छ । उक्त व्यवस्थाबमोजिम उपदफा २(छ) मा पर्यटन प्रबर्द्धन गर्ने कार्यमा संलग्न रहेका पर्यटन व्यवसायी, पर्यटन तथा प्राकृतिक एवं सांस्कृतिक सम्पदासँग सम्बन्धित विशेषज्ञहरूमध्येबाट नेपाल सरकारले दफा १० को अधीनमा रही मनोनित गरेका ५ जना सदस्य रहने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त कानूनी व्यवस्थाको आधारमा दफा १० बमोजिमको मनोनयन सिफारिस समिति रहने देखिन्छ । सो समितिमा नेपाल सरकारले तोकेको व्यक्ति अध्यक्ष र पर्यटन व्यवसाय वा पर्यटन प्रबर्द्धन क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूमध्येबाट नेपाल सरकारले मनोनित गरेको दुई जना सदस्य रहने देखिन्छ । जसमध्ये गणेश सिंखडा, ङिमि शेर्पा र ध्रुवनारायण श्रेष्ठ अध्यक्ष तथा सदस्य रहेको पाइन्छ । यी व्यक्तिसमेत रहेको उपसमितिको मिति २०६८।७।२२ को निर्णयानुसार १२ जना व्यक्तिहरू कार्यकारी प्रमुखको पदको लागि उम्मेदवार भएको सूचना जारी गरेको देखिन्छ । त्यसमध्ये यी रिट निवेदक गजेन्द्रराज शर्मा कार्यकारी प्रमुखको छनौट प्रक्रियामा नपरेको भन्ने सूचना उपसमितिले मिति २०६८।७।२३ मा प्रकाशन गरेको पाइन्छ । सो सूचनाबमोजिम आफू कार्यकारी प्रमुखको पदमा छनौट नभएपछि मात्र निजले मिति २०६८।७।२७ मा प्रस्तुत रिट निवेदन दायर गरेको देखिने ।

नेपाल पर्यटन बोर्ड ऐन, २०५३ को दफा १० बमोजिमको मनोनयन सिफारिस समितिको सिफारिसमा फुर्वा ग्याल्जेन शेर्पा, रामकाजी कोने, गणेशबहादुर भट्टराई, श्यामशुन्दरलाल कक्षपती, शिखर प्रसाईसमेतका ५ जनालाई नेपाल पर्यटन बोर्ड कार्यकारी समितिमा मनोनयन गरी साबिकका गणेश सिंखडा, ङिमी शेर्पा र अग्नीप्रसाद कँडेललाई निजहरूको नाम मनोनयन सिफारिस समितिले सिफारिस नगरेकोले नेपाल पर्यटन बोर्ड कार्यकारी समितिको सदस्य पदमा निरन्तरता दिन नसकेको जानकारी दिनेगरी मिति २०६६।६।८ को नेपाल सरकार माननीय मन्त्री स्तरको निर्णय कार्यान्ययन गरिएकोमा सो निर्णय विरूद्ध गणेश सिंखडा, ङिमी शेर्पा र अग्नीप्रसाद कँडेलहरूले रिट दायर गरेकोमा उक्त निर्णय सर्वोच्च अदालतबाट मिति २०६७।७।२८ मा उत्प्रेषणको आदेशबाट बदर भई पुन: बहाली भएको देखिने ।

विपक्षीहरू गणेशप्रसाद सिंखडा, ङिमि शेर्पा र ध्रुवनारायण श्रेष्ठलाई नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६५।८।५ को निर्णयअनुसार ३ वर्षको लागि नेपाल पर्यटन बोर्ड कार्यकारी समितिमा मनोनयन गरेबाट पुन: स्थापित निजहरूको कार्यकाल मिति २०६८।८।१५ देखि नै समाप्त भइसकेको र उक्त कार्य समितिको सदस्यबाट अवकाश पाइसकेको देखिने ।

रिट निवेदक आफैँ महाप्रबन्धक पदको लागि उम्मेदवार भएको बेहोरा स्वीकार गरेका छन् । निजको पर्यटन बोर्ड ऐन, २०५३ को दफा १४ बमोजिमको योग्यता नभएकोले निजको दरखास्त नेपाल बोर्डले अस्वीकार गरेपछि रिट निवेदन लिएर अदालत प्रवेश गरेको पाइन्छ । यसरी आफू अयोग्य भएपश्चात् निजले प्रस्तुत विषयलाई सार्वजनिक सरोकारको विषय

बनाएबाट रिट निवेदन सफाहात लिएर अदालत प्रवेश गरेको पाइँदैन । रिट निवेदन लिएर आउनेले सर्वप्रथम नै सफाहातले अदालत प्रवेश गरेको हुनुपर्छ। आफू कानूनबमोजिम योग्य नभएपछि आफूलाई योग्य देखाउन कानूनबमोजिम गठित समितिलाई अयोग्य देखाई रिट दायर भएको देखिन्छ । यस अवस्थामा आफ्नो व्यक्तिगत सरोकारको विषयमा सार्वजनिक सरोकारको विषय बनाई अदालत प्रवेश गरेको देखिन आयो। यसर्थ निवेदकको व्यक्तिगत विषय सार्वजनिक सरोकारको विषय बन्न सक्ने स्थिति नरहने।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम सार्वजनिक सरोकार हुनको लागि राज्यको ढिलाइको कारणले नागरिकहरूले मौलिक हक उपभोग गर्नबाट वञ्चित भएको हुनुपर्छ। तब मात्र त्यो सार्वजनिक सरोकारको विषय बन्न सक्छ, निवेदकले उल्लिखित विषयलाई उठान गरेको नदेखिएकोले नितान्त आफ्नो नियुक्तिसँग सम्बन्धित व्यक्तिगत सरोकारलाई सार्वजनिक सरोकारको विषय बनाई अदालत प्रवेश गरेको पाइएकाले निवेदकको दाबी सार्वजनिक सरोकारको विषयभित्र पर्ने देखिन आएन। यस्तो अवस्थामा निवेदकको मागबमोजिमको आदेश जारी गर्नु उचित र आवश्यक नदेखिने।

तसर्थ, उल्लिखित तथ्य, विवेचित आधार, कारण र कानूनी व्यवस्थाको रोहमा नेपाल पर्यटन बोर्ड ऐन, २०५३ को दफा ९(२)(छ) बमोजिम गठित समितिका सदस्यहरूको योग्यता कानूनबमोजिम रहेको, उक्त समितिको सिफारिसमा मन्त्रिपरिषद्को मिति २०६५।८।५ को निर्णयअनुसार मनोनयन भएका सदस्यहरूको पदावधि मिति २०६८।८।१५ मा नै समाप्त भई हाल उपसमितिमा बहाल रहेको अवस्थासमेत विद्यमान नदेखिएको, आफ्नो व्यक्तिगत सरोकारको विषयलाई सार्वजनिक सरोकारको विषय बनाई अदालतमा प्रवेश गरेकोसमेत देखिई निवेदनको औचित्यसमेत समाप्त भएको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। निवेदन खारेज हुने।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

कम्प्युटर : देवीमाया खतिवडा (देविना)

इति संवत २०७४ साल फागुन २ गते रोज ४ शुभम्।

४

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, *०६८-WO-११७९, उत्प्रेषण / परमादेश, कर्णबहादुर भट्टराई वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथसमेत*

सरकारी निकायले आफूअन्तर्गतका कार्यालयहरूको भौतिक अवस्थाको निर्माण कहाँ गर्ने भन्ने कुरा प्रचलित कानूनको अधीनमा रही प्राविधिक तथा भौगोलिक अवस्थितिको अवस्था हेरी जनताको पायकसमेतलाई मध्यनजर गरी निर्णय गर्ने अधिकारको विषय हो । यसैअन्तर्गत रही स्वास्थ्य चौकीको निर्माण जनताको सर्वोपरि हित, भौगोलिक तथा प्राविधिक दृष्टिले उपयुक्त स्थानमा निर्माण गर्ने विषयमा निर्णय गर्न स्वास्थ्य मन्त्रालय सक्षम रहेको देखिन आउँछ। सोही अधिकारभित्र रही ०६८-WO-०८५२ को झौखेल उपस्वास्थ्य चौकीको निर्माण स्थल परिवर्तन सम्बन्धमा परेको रिटमा जारी भएको अन्तरिम आदेशमा व्यक्त भावनाअनुरूप हुने गरी हाल सुवर्णखाल स्वास्थ्य चौकी भएकै स्थानमा सुवर्णखाल गा.वि.स.को वडा नं. ३ मा नयाँ स्वास्थ्य चौकी भवन बनाउने गरी मिति २०६९।२।१७ मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट भएको निर्णय मनासिब नै देखियो। पुरानो स्थानबाट प्रदान भई आएको सेवालाई नयाँ भवन निर्माण गरी अरू सुविधा थपी जनतालाई स्वास्थ्य सेवामा पहुँच बढाउने हेतुले बनाउन थालिएको नयाँ भवनबाट साबिकबमोजिम प्रदान भई आएको सेवा सुविधामा कटौती भएको देखिन आएन। भौतिक संरचनामा सुधार हुन गएको अवस्थामा पुरानै स्थानमा सुविधा वृद्धि हुन गएबाट साबिकबमोजिमकै

सेवाग्राहीलाई धेरै समय लाग्ने, परिश्रम हुने र सेवा सुविधाबाट थप वञ्चित हुनुपर्ने छ भनी लिएको जिकिर मनासिब नदेखिने ।

तसर्थ, माथि उल्लिखित तथ्य, गरिएको विवेचनाको आधार, कारणबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट साबिकदेखि प्रदान गरिआएको सेवा सुविधालाई अरू बढी प्रभावकारी बनाई जनतालाई स्वास्थ्य सेवामा गुणस्तरीय पहुँच बढाउनको लागि हाल सुवर्णखाल स्वास्थ्य चौकी भएकै अवस्थामा नयाँ भवन निर्माण गर्नको लागि भनी नेपाल सरकार (सचिवस्तर) को मिति २०६९।२।१७ मा भएको निर्णय र सोको आधारमा अगाडि बढेका काम कारबाही कानूनसम्मत नै देखिई निवेदकको कुनै हक हनन् भएको नदेखिएकाले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः- दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७४ साल फागुन २ गते रोज ४ शुभम् ।

५

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, *०६९-WO-०१३९, उत्प्रेषण, अधिवक्ता पुष्पराज पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

व्यापारिक फर्म रजिस्ट्रेसन र नवीकरण गर्दा उद्योग वाणिज्य सङ्घ र चेम्बर अफ कमर्सको सिफारिस लिने गरी मिति २०४१।४।११ मा तत्कालीन श्री ५ को सरकार (मा. मन्त्रीस्तर) को निर्णयानुसार जानकारी गराइन्छ भनी उद्योग विभाग (फर्म रजिस्ट्रेसन शाखा) ले मिति २०४१।४।२६ मा नेपाल चेम्बर अफ कमर्स र उद्योग वाणिज्य सङ्घलाई पत्राचार गरेको देखिन्छ । त्यसैगरी च.नं. २५२८ मिति २०६३।११।२६ को पत्र र वाणिज्यसम्बन्धी प्राइभेट फर्म दर्ता तथा नवीकरण निर्देशिका, २०६२ प्राप्त भएकै छ । उपर्युक्तानुसार फर्म दर्ता र नवीकरणको अधिकार प्रत्यायोजन गरिएकाले साबिकबमोजिमको कार्यलाई निरन्तरता दिई साबिकको कार्यालय र समितिको कार्यालयबाटै गर्ने गरी मिति २०६५।७।११ मा निर्णय भएको हुँदा सोबमोजिम गर्नु, गराउनु भनी मिति २०६५।७।२४ मा नेपाल घरेलु तथा साना उद्योग कार्यालय (१९ जिल्ला) र घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय (४७ जिल्ला) लाई वाणिज्य विभागले पत्राचार गरेको देखियो । वाणिज्यसम्बन्धी प्राइभेट फर्म दर्ता तथा नवीकरण कार्यविधि, २०६२ को दफा ५ मा *फर्म दर्ता तथा नवीकरण गर्दा हाल नेपाल उद्योग वाणिज्य महासङ्घअन्तर्गत सम्बन्धित जिल्लामा दर्ता भएका जुनसुकै वाणिज्य सङ्घहरू तथा काठमाडौं जिल्लाको हकमा चेम्बर अफ कमर्सको सिफारिससम्म गर्ने* भन्ने बेहोरा रहेबाट व्यापारिक फर्म दर्ता, नवीकरण गर्दा नेपाल उद्योग वाणिज्य सङ्घ तथा चेम्बर अफ कमर्सको सिफारिसमा गर्ने गरिएको तथ्यमा विवाद नरहने ।

अब व्यापारिक फर्म नवीकरण, रजिस्ट्रेसन गर्दा नेपाल उद्योग वाणिज्य सङ्घ र उपत्यकाको हकमा नेपाल चेम्बर अफ कमर्सको सिफारिस अनिवार्य हुनुपर्ने हो वा होइन ? र प्राइभेट रजिस्ट्रेसन ऐन, २०१४ का आधारमा दर्ता तथा नवीकरण निर्देशिका बनाउन वाणिज्य विभागलाई अधिकार छ, छैन ? भन्ने विषय नै प्रस्तुत मुद्दामा निरूपण गर्नुपर्ने देखियो । प्राइभेट फर्म रजिस्ट्रेसन ऐन, २०१४ को दफा ४(ङ) मा *कुनै प्राइभेट फर्म रजिस्ट्रेसन गराउन चाहने व्यक्तिले तोकिएको ढाँचासहितको विवरणहरूको अलावा नेपाल सरकारले सूचित आदेशद्वारा तोकिदिएको अन्य विवरण खोली निवेदन दिनुपर्ने* व्यवस्था रहेको छ । त्यसैगरी प्राइभेट फर्म रजिस्ट्रेसन नियमावली, २०३४ को नियम ५ मा दरखास्त दिँदा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि अलावा विभागले तोकेको अन्य कागजातहरू पेस गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ । नेपाल सरकारले वा विभागले तोकिदिनुपर्ने

विषयहरू पनि कानूनबमोजिम नै हुनुपर्ने, कानूनभन्दा बाहिर गएर वा कानूनले नै प्रदान नगरेको विषयमा निर्देशिका बनाई गैरसरकारी संस्थाको सिफारिसका आधारमा गर्ने भन्ने विषय कानूनविपरीत देखिन्छ । तत्काल प्रचलित नेपालको अन्तरिम संविधान, २०६३ ले पनि पेसा व्यवसाय गर्न प्रत्येक नागरिकलाई स्वतन्त्रता प्रदान गरेको छ। त्यो मौलिक हकहरूलाई निस्तेज पार्ने गरी ऐनभन्दा बाहिर गएर निर्देशिका बनाउने कार्यलाई पनि कानूनसम्मत भन्न मिलेन। राज्यका हरेक निकायबाट सम्पादन हुने कार्य वैधानिक हुनुपर्छ र नागरिकले पनि वैध मार्गबाट सेवा लिनुपर्ने हुन्छ । कानूनको शासनले हरेक स्तरका कार्यहरूमा वैधानिक अपेक्षा राखेको हुन्छ । यस स्थितिमा ऐनले नै अधिकार प्रदान नगरेको विषयमा निर्देशिका बनाई लागु गर्नु कानूनसम्मत् र वैधानिक हुने नदेखिने।

नेपाल उद्योग वाणिज्य महासङ्घ र नेपाल चेम्बर अफ कमर्स कानूनबमोजिम स्थापित व्यक्ति (Legal Person) भएको र यसले प्राइभेट फर्म रजिस्ट्रेसन र नवीकरण गर्दा सिफारिस प्रदान गर्नुपर्ने र गर्ने अधिकार कुनै पनि कानूनले प्रदान गरेको देखिँदैन । ***ऐनमा नरहेको वा ऐनले अख्तियारी प्रदान नगरेको थप व्यवस्था नियममा राख्न पाइने होइन। ऐनले गरेको व्यवस्था कार्यान्वयन गर्नका लागि ऐनले प्रदान गरेको अधिकारको सीमाभित्र रही नियम बनाउन पाइने र नियमन गर्न सकिने हो। नियमन र नियन्त्रणको नाममा अनधिकृत निकाय वा व्यक्तिलाई सो अधिकार प्रदान गर्न नमिल्ने*** *भनी* ने.का.प.२०६९, अङ्क ४, नि.नं. ८७७७ मा शिवचन्द्र पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत भएको उत्प्रेषणसमेतको मुद्दामा सिद्धान्त प्रतिपादन भएको देखिने।

यद्यपि सो तथ्यलाई उद्योग वाणिज्य महासङ्घ र नेपाल चेम्बर अफ कमर्सको लिखित जवाफमा समेत स्वीकार गरी आएको पाइन्छ। वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागको लिखित जवाफमा मिति २०६९।३।१४ को निर्णयानुसार प्राइभेट फर्म रजिस्ट्रेसन र नवीकरण गर्दा प्रचलित ऐन नियमको रीत पुऱ्याई गर्ने र कुनै सङ्घ संस्थाको सिफारिस आवश्यक नपर्ने बेहोरा सबै निकायहरूलाई च.नं. ७७१२ मिति २०६९।३।१४ मा नै लेखी पठाएको भन्ने बेहोरा उल्लेख भएबाट प्राइभेट फर्म रजिस्ट्रेसन तथा नवीकरण गर्दा नेपाल उद्योग वाणिज्य महासङ्घ, जिल्ला स्थित वाणिज्य सङ्घ र उपत्यकाको हकमा नेपाल चेम्बर अफ कमर्सको सिफारिस आवश्यक नपर्ने गरी निर्णय भएको देखिने।

अत: उल्लिखित तथ्य कानून व्यवस्था तथा यस अदालतको बृहत् पूर्ण इजलासबाट प्रतिपादित सिद्धान्तको रोहबाट समेत ऐनले प्रदान गरेको अधिकारविना नै निर्देशिका बनाउने अधिकार उद्योग तथा वाणिज्य विभागले निर्देशिका बनाए तापनि उक्त कार्य अवैधानिक देखिएको र हाल उक्त निर्देशिकाबमोजिम आवश्यक नपर्ने गरी पत्राचार भएको सन्दर्भमा निर्देशिका निस्क्रिय भई निवेदकको हक अधिकारमा प्रतिकूल असर परेको नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७४ साल फाल्गुण २ गते रोज ४ शुभम्।

६

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०६८-CR-१२८१, अरूको नामबाट परीक्षा दिएको, नेपाल सरकार वि. सुरज पौडेलसमेत*

प्रतिवादी सुरेश श्रेष्ठ र सुरज पौडेलको मिलेमतोबाट प्रवेश पत्र किर्ते भएको स्पष्ट देखिँदादेखिँदै प्रतिवादी सुरज पौडेललाई अभियोग दाबीबाट सफाइ

दिने गरी र प्रतिवादी सुरेश श्रेष्ठ र सविना घिमिरेको हकमा परीक्षा दिन लगाउनेलाई सजाय गर्ने कानूनी व्यवस्था नभएको भनी कानूनी अपव्याख्या गरी तामेलीमा राख्ने गरी भएको फैसलामा गम्भीर त्रुटि रहेको छ भन्ने मुख्य पुनरावेदन जिकिर रहेको पाइन्छ। जिल्ला अदालतबाट शिक्षा ऐन, २०२८ को दफा १७(१क) अनुसार प्रतिवादीहरू सुरज पौडेल र सविना घिमिरेलाई जनही रू.१५०००।– जरिवाना हुने ठहराई फैसला भएउपर पुनरावेदन नगरी बसेकाले निजहरूको हकमा भएको सजाय अन्तिम भएर बसेको मान्नुपर्ने।

प्रतिवादी सुरेश श्रेष्ठको सि.नं. १३४०३८१सी को नाउँबाट प्रतिवादी सुरज पौडेलले नक्कली परीक्षार्थी बनी परीक्षा दिएको र प्रतिवादी सरिता घिमिरेको सि.नं. ०३४६३१३एस बाट सविना घिमिरेले नक्कली परीक्षार्थी बनी २०६४ सालको अनिवार्य गणित विषयको एस.एल.सी.(पूरक) परीक्षा दिएको भन्ने अभियोग रहेको देखिन्छ। प्रतिवादीहरू सुरज पौडेल र सविना घिमिरेलाई परीक्षा भवनबाटै पक्राउ गरी मुद्दा अनुसन्धान गरी अभियोगसाथ अदालतमा उपस्थित गराइएकोमा अर्का प्रतिवादीहरू सुरेश श्रेष्ठ र सरिता घिमिरे फरार रहेको देखिन आउँछ। फरार प्रतिवादीहरू सुरेश श्रेष्ठको नाउँमा मिति २०६५।६।१० मा र सरिता घिमिरेको नाउँमा २०६५।६।११ मा बेपत्ते म्याद तामेल भएको पाइन्छ। निजहरूको नाउँको सो बेपत्ते तामेली म्याद पेस हुँदा अर्को वतन छ, छैन ? खुलाई पेस गर्नु भन्ने आदेश भई अभियोग पत्रमा उल्लिखित वतनबाहेक अन्य वतन छैन भनी खुलाई पेस भएको देखिन्छ। तत्पश्चात् जिल्ला अदालतबाट फैसला हुँदा उल्लिखित प्रतिवादीहरूको हकमा मुद्दा तामेलीमा राखिदिने गरी मुद्दा फैसला भएको देखिन्छ । यी प्रतिवादीहरूको हकमा मुद्दा तामेलीमा राख्न मिल्दैन भन्ने पुनरावेदन जिकिरको सम्बन्धमा जिल्ला अदालत नियमावली, २०५२ को नियम १९क (४) को व्यवस्था हेर्दा *अदालतमा दायर भएको कुनै सरकारवादी हुने फौजदारी मुद्दामा अभियोगपत्रमा खुलाइएको वतन वास्तविक वतन नभएको कारणबाट म्याद तामेल हुन सकेको रहेनछ भने त्यस्ता प्रतिवादीका हकमा मुद्दा तामेलीमा राख्न सकिने छ। पछि त्यस्तो प्रतिवादीको यकिन वतन स्पष्ट खुलाई मुद्दामा कारबाही किनारा गरिपाउँ भनी सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयबाट निवेदन पर्न आएमा तामेलीबाट जगाई बाँकी कारबाही र किनारा गर्नुपर्दछ* भन्ने व्यवस्था भएको देखिन आउँछ । यस कानूनी व्यवस्थाबाट घरद्वार पत्ता नलागी बेपत्ते भएका प्रतिवादीहरूको मुद्दा तामेलीमा राख्न सक्ने नै देखिन आयो। घरद्वार पत्ता नलागेका प्रतिवादीहरूको मुद्दा तामेलीमा राख्ने गरी भएको फैसला अन्यथा देखिन आएन । उक्त नियमावलीको व्यवस्थाबमोजिम निज प्रतिवादीहरूको वतन खुली आएका बखत कानूनबमोजिम पुनः मुद्दा जागी बाँकी मुद्दाको कारबाही अगाडि बढाउन सकिने अवस्था रहेकै देखिने।

प्रतिवादी सुरेश श्रेष्ठ र सुरज पौडेलको मिलेमतोबाट सुरेश श्रेष्ठको प्रवेश पत्रमा सुरज पौडेलको फोटो टाँसी सुरजले परीक्षा दिएको स्पष्ट भई निजहरूउपर मुलुकी ऐन किर्ते कागजको १ र २ नं. को कसुरमा १२ नं. बमोजिम सजायको माग दाबी लिई अभियोग दायर भएकोमा सुरज पौडेलको हकमा बोली सुरेश श्रेष्ठको हकमा नबोली, सरिता घिमिरेको परीक्षा सविनाले दिई सविनालाई सजाय भएकोमा परीक्षा दिन लगाउनेलाई सजाय गर्ने कानूनी व्यवस्था नभएको भनी ऐनको अपव्याख्या गरी भएको फैसला उल्टी गरिपाउँ भन्ने पनि पुनरावेदन जिकिर रहेको पाइन्छ। उक्त पुनरावेदन जिकिरको सन्दर्भमा हेर्दा, नारायणी उच्च मा.वि.भरतपुर चितवन केन्द्र 'क' का केन्द्राध्यक्ष घनश्याम भुसालले उल्लिखित प्रतिवादीहरूलाई आवश्यक कारबाही गरिपाउँ भन्ने माग गरेको पाइन्छ। मिसिल संलग्न प्रतिवादीहरूको

अनुसन्धानमा भएको बयानमा यी प्रतिवादीहरूले परीक्षा दिएको बेहोरासम्म स्वीकार गरी बयान गरेको भए तापनि अदालतको बयानमा आफूहरू नक्कली परीक्षार्थी भई परीक्षा दिन आएको बेहोरा अस्वीकार गरी बयान गरेको पाइन्छ । प्रतिवादी सुरज र सुरेशले के कुन बेहोरा र कार्य गरी सरकारी कागजमा सुरेशको प्रवेशपत्रमा सुरजको फोटो टाँस गरे भन्ने कुरा मिसिल संलग्न कुनै पनि कागजातबाट खुल्दैन । अनुसन्धानको क्रममा सङ्कलित प्रमाणहरू हेर्दा जाहेरी दरखास्त दिने क्रममा किर्ते गरेको भन्ने देखिँदैन । तत्पश्चात् खडा भएका घटनास्थल प्रकृति मुचुल्काको कागजलगायत मौकामा बुझिएका व्यक्ति केशवप्रसाद सापकोटाको कागजमा पनि किर्तेको बेहोरा उल्लेख भएको देखिँदैन । अनुसन्धानको क्रममा किर्तेको कसुरमा सजाय हुनको लागि आवश्यक प्रमाणहरू नजुटाई अभियोग पत्रमा मात्र किर्ते गरेको बेहोरा उल्लेख गरी अभियोग दाबी लिएको देखिन आयो । मौकामा कागज गर्ने मानिसहरू र कारबाहीको लागि भनी लेखी पठाएको निवेदनमा पनि यी प्रतिवादीहरूको के कुन कार्यबाट किर्ते भएको हो भनेर खुल्न सकेको देखिँदैन । यी आरोपित प्रतिवादीहरूले आफूलाई फाइदा पुग्ने कुनै काम गरेको पनि पाइँदैन । यसर्थ, प्रतिवादी सुरजको हकमा किर्तेतर्फको दाबी पुग्न सक्ने प्रस्ट प्रमाणहरू पेस भएको देखिन नआउने ।

तसर्थ, माथि उल्लिखित तथ्य सोको आधारमा गरिएको विवेचनासमेतको आधार र कारणबाट प्रतिवादी सुरज पौडेलको हकमा अनुसन्धानको क्रममा किर्तेमा अनुसन्धान नगरी अभियोग पत्रमा मात्र किर्तेको हकमा सजाय हुन लिएको दाबी नपुग्ने र प्रतिवादीहरू सुरेश श्रेष्ठ र सरिताको हकमा सुरू अदालतबाटै जारी भएको म्याद बेपत्ते तामेल भई वतन खुलाउन नसकी तामेलीमा राखेको कार्य जिल्ला अदालत नियमावली,२०५२ को नियम १९क बमोजिम सरकारी वकिल कार्यालयबाट निवेदन परेमा जगाई बाँकी कारबाही अगाडि बढाउन सकिने नै हुँदा निजहरूको हकमा मुद्दा तामेलीमा राख्ने ठहऱ्याई सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६८।८।१३ को फैसला मनासिब हुँदा सदर हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७५ साल फागुन १७ गते रोज ६ शुभम् ।

७

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७१-CI-०१५६, राजीनामा लिखत बदर दर्ता बदर दर्ता कायम, साधनी राजवंशी वि. मनोजकुमार राजवंशी*

पुनरावेदकले आफ्नो पुनरावेदन जिकिरमा मुलुकी ऐन, अंशबन्डाको १९ नं. र लेनदेन व्यवहारको २० नं. को अपव्याख्या गरी भएको फैसला उल्टी गर्नुपर्ने भन्ने मुख्य पुनरावेदन जिकिर लिएको देखिन्छ । यी पुनरावेदक र सत्य नारायण राजवंशी श्रीमान् श्रीमतीका नाताका देखिन्छन् । उनीहरूबाट छोरा कृष्णप्रसाद राजवंशी र छोरी रंगसरी राजवंशीको जायजन्म भएकोमा छोरीको विवाह भइसकेको र छोरा कृष्णप्रसाद राजवंशीको फिराद पर्नुभन्दा करिब ५ वर्षअघि नै रीतपूर्वकको अंशबन्डा गरी आफ्नो भाग लिएर अलग बसेको पाइन्छ । यसबाट एकाघरको सगोलको परिवारमा यी पुनरावेदक र सत्यनारायण राजवंशी मात्र रहेको देखिने ।

एकाघर सगोलमा पुनरावेदकका पति सत्यनारायण राजवंशी र यी पुनरावेदक मात्र रहेकोमा घरको मुख्य मानिसको रूपमा पति सत्यनारायण राजवंशी रहेको देखिन्छ । निजको नाउँमा कि.नं. ३ को क्षे.फ. ०-२-० जग्गा कित्ताकाट गरी बेचबिखन गरेबाहेक विभिन्न कित्ता नम्बरका गरी ३-१३-० जग्गा रहेको कुरा मिसिल संलग्न प्रतिउत्तरपत्र तथा मालपोत कार्यालय मोरङबाट प्राप्त जग्गाधनी दर्ता

प्रमाण पुर्जाको प्रतिलिपिबाट देखिन आउँछ । यसबाट बिक्री भएको जग्गाभन्दा बढी जग्गा पुनरावेदकका पति तथा घरका मुख्य व्यक्ति सत्यनारायण राजवंशीको नाउँमा रहेको पाइन्छ । अंशबन्डाको १९ नं. को कानूनी व्यवस्था हेर्दा *अंश नलिएका स्वास्नी, छोरा, अविवाहित छोरी वा विधवा बुहारी हुने मानिसको चल अचल सम्पत्तिमध्ये पिता पुर्खाका पालाको चल अचल सम्पत्तिको हकमा चलमा सबै र अचलमा आधीसम्म व्यवहार चलाउनलाई स्वास्नी, छोरा, अविवाहित छोरी वा विधवा बुहारीको मन्जुरी नभए पनि आफूखुसी गर्न पाउने* भन्ने रहेको देखिन्छ । यसबाट घरको मुख्य भई काम गर्नेले घर व्यवहार चलाउने प्रयोजनको लागि कि.नं. ३ को क्षे.फ.०-२-० मध्ये ०–०–१९ $^{3}/_{4}$ धुर जग्गा बिक्री गरेको र मूल्याङ्कनको आधारबाट पनि सो कि.नं. ३ मा नै आधाभन्दा बढी जग्गासमेत बाँकी नै रहेको देखिँदा अंशबन्डाको १९ नं. बमोजिम आधासम्म बिक्री गर्नुलाई अन्यथा भन्न मिल्ने देखिएन । वादीले पनि आधाभन्दा बढी जग्गा सत्यनारायण राजवंशीले बिक्री गरेका हुन् भन्न पनि सकेको पाइँदैन । घरको मुख्य भई काम गर्नेले आधाभन्दा कम जग्गा बिक्री गरेको कार्यलाई कानूनसम्मत ठहराएको पुनरावेदन अदालत विराटनगरको फैसला न्याय र कानूनसम्मत नै देखिने ।

तसर्थ, माथि उल्लिखित तथ्य, कानूनी व्यवस्था तथा विवेचनाको आधार, कारणबाट पुनरावेदक र सत्यनारायण राजवंशी एकाघर सगोलको अंशियार श्रीमान् श्रीमती भएका र पुनरावेदकका पति घरको मुख्य व्यक्ति भई घर व्यवहार चलाउनको लागि कूल जग्गाको आधाभन्दा कम जग्गा राजीनामा पारित गरिदिएको कार्य कानूनसम्मत् नै हुँदा वादी दाबी नपुग्ने गरी फैसला गर्नुपर्नेमा वादी दाबी पुग्ने गरी भएको सुरू फैसला उल्टी गरी वादी दाबी नपुग्ने गरी भएको पुनरावेदन अदालत विराटनगरको मिति २०७०।९।३ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७४ साल चैत्र ६ गते रोज ३ शुभम् ।

इजलास नं.७

१

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री डम्बरबहादुर शाही, *०७६-WH-०२१०, बन्दीप्रत्यक्षीकरण, भोजवीर राना मगर वि. कारागार कार्यालय भरतपुरसमेत*

निवेदक भोजवीर राना मगरको जन्ममिति १९९३ साल भनी उल्लेख भएको निजका नाउँको नेपाली नागरिकताको प्रमाणपत्रको छायाँप्रति पेस भएको देखियो । निज भोजवीर रानामगरलाई पक्राउ गरी दाखिल गरिएको भन्ने मिति २०६६।६।४ को प्रतिवेदनसहित तत्पश्चात्का कागजातमा निजको उमेर ७० वर्ष भनी उल्लेख भएको देखिन्छ । निजको उमेर अहिले ७५ वर्षभन्दा बढी भएको तथ्यमा कुनै विवाद देखिएन । निवेदक नरध्वज गुरूङ वि. उच्च अदालत पोखरासमेत (ने.का.प. २०७५, अङ्क ४, नि.नं. ९९९८, पृ. ७७४) को बन्दीप्रत्यक्षीकरणको निवेदनका सन्दर्भमा यस अदालतबाट प्रतिपादित नजिर सिद्धान्तअनुसार "ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ज्येष्ठ नागरिकहरूको हित, सुविधा तथा कल्याणका लागि जारी गरिएको विशेष ऐन हो । विधायिकाबाट निर्मित ऐनले गरेको व्यवस्था प्रतिकूल यदि कुनै नियममा प्रावधान छन् भने पनि त्यस्तो प्रावधानले मान्यता पाउन सक्तैन । ऐनकै व्यवस्थाको अनुशरण गरिनु पर्दछ...कारागार नियमावली, २०२० को नियम २९(२क) मा उल्लिखित असल चालचलन भएका र सत्तरी वर्ष उमेर पुगेका कैदीहरूको हकमा उक्त

नियम २९(१क) मा उल्लेख भएबमोजिम नकारात्मक सूचीमा परेका मुद्दामा नै कैद परेको भए पनि नियम २९(२क) बमोजिमको कैद छुट पाउन सक्ने..... ज्येष्ठ नागरिकलाई कानूनले प्रदान गरेको सुविधालाई सङ्कुचित अर्थमा ग्रहण गरी सुविधा दिनलाई वञ्चित गर्नु मनासिब हुँदैन....निर्णय गर्ने अधिकारीले विवेकपूर्ण र तथ्यपरक तजबिजको प्रयोग गरी ऐनले तोकेको दायराभित्र रहेर उचित निर्णय गर्नु नै पर्दछ। तजबिजी अधिकार हो भन्ने कुराको आडमा निर्णय नै नगरी बस्न मिल्दैन। कानूनबमोजिम आफूले गर्नुपर्ने निर्णय नै नगरी बस्ने र परिणामत: ऐनले गरेको व्यवस्थालाई निष्प्रभावी तुल्याउने छुट कुनै सार्वजनिक अधिकारीलाई हुन सक्दैन । ज्येष्ठ नागरिकलाई सजायमा छुट दिने सम्बन्धमा उचित समयमा नै तथ्यसङ्गत निर्णय गर्नु सम्बन्धित अधिकारीको कानूनी कर्तव्य देखिने" भन्ने व्याख्या भएको छ। तसर्थ, नेपालको संविधान, नेपाल कानून तथा सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसमेतको आधारबाट निज निवेदक भोजवीर राना मगरले ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ बमोजिम कैद छुट सुविधा पाउने नै देखिने।

निर्णय गर्ने अधिकारीका सम्बन्धमा विचार गर्दा निवेदक पेम्बा गुरूङ वि. कारागार कार्यालय नख्खुसमेत (ने.का.प. २०७६, अङ्क ३, नि.नं.१०२१९, पृष्ठ ५४६) मा प्रकाशित यस अदालतबाट प्रतिपादित नजिर सिद्धान्तमा “.....कानून र नियममा ज्येष्ठ नागरिकको सजाय छुट दिने अधिकारी को हो भन्ने स्पष्ट व्यवस्था नभएको सन्दर्भमा कैदको सजाय छुट दिनसक्ने अधिकारी तत्काल किटान गर्नुपर्ने" भनी उल्लेख भएको देखिन्छ। फैसला कार्यान्वयन गर्ने निकायसमेत सुरू तहको अदालत भएको सन्दर्भमा निवेदकले के कति छुट सुविधा पाउने हो भन्ने सम्बन्धमा सुरू तहबाट नै निर्णय गर्नु मनासिब हुने।

तसर्थ, नेपालको संविधान, ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ मा भएको कानूनी व्यवस्था, सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तहरूसमेतको आधारमा निवेदकको निवेदन मागबमोजिम छुट सुविधातर्फ निर्णय हुनुपर्ने देखियो । अब यसमा जे जो बुझ्नुपर्छ बुझी यो आदेशको जनाउ पाएका मितिले १५ दिनभित्र ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ बमोजिम निवेदक भोजवीर राना मगरले पाउने कैद छुट सम्बन्धमा निर्णय गर्नु भनी विपक्षीमध्येको चितवन जिल्ला अदालतका नाउँमा परमादेश जारी गरिएको छ । उपर्युक्तअनुसार निवेदकले कानूनी उपचार प्राप्त गर्न सक्ने नै भएकाले अहिले बन्दीप्रत्यक्षीकणको आदेश जारी गरिरहन नपर्ने।

इजलास अधिकृत: रूद्रप्रसाद अर्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल माघ १४ गते रोज ३ शुभम्।

२

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री डम्बरबहादुर शाही, *०७६-WH-०२२१, बन्दीप्रत्यक्षीकरण, श्यामप्रसाद अर्याल वि. जिल्ला प्रहरी कार्यालय, म्याग्दीसमेत*

निवेदक सागर अर्याललाई पहिलो पटक २०७५/११/११ मा स्याङ्जाबाट पक्राउ गरिएको, दोस्रो पटक मिति २०७६/५/२७ मा स्याङ्जा जिल्ला अदालतबाट थुनामुक्त हुनासाथ अदालत परिसरबाटै पक्राउ गरिएको र कास्की पुर्‍याइएको, तेस्रो पटक मिति २०७६/६/१४ मा जिल्ला प्रशासन कार्यालय कास्कीबाट तारिखमा छुट्नासाथ पुन: पक्राउ गरिएको, चौथो पटक मिति २०७६/७/१५ मा तनहुँमा थुनाबाट छुट्नासाथ पुन: तत्काल पक्राउ गरी लमजुङ पुर्‍याई थुनामा राखेकोमा जिल्ला प्रशासन कार्यालय, लमजुङबाट छुट्नासाथ पुन: मिति २०७६/८/९ मा पाँचौ पटक पक्राउ गरी गोरखा पुर्‍याएकोमा मिति २०७६/९/३ मा जिल्ला प्रशासन कार्यालय गोरखाबाट छुट्नासाथ छैठौं पटक पक्राउ गरी थुनामा

राखेको। सोउपर परेको रिट नं. ०७६-WH-०१९६ को निवेदनमा निजलाई थुनामुक्त गर्ने गरी यस अदालतबाट मिति २०७६/९/२४ मा बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएकोमा अदालतबाट छुट्नासाथ तत्कालै सातौं पटक पक्राउ गरी म्याग्दी पुऱ्याई हिरासतमा राखेको भन्ने निवेदन बेहोरा देखिन्छ । यसरी निवेदकलाई विभिन्न बहानामा पटकपटक पक्राउ गरी मुद्दा हेर्ने अधिकारीका आदेशले धरौटी तथा तारेखमा छाड्ने र पुनः पुनः तत्काल पक्राउ गरी निरन्तर थुनामा राख्ने कार्य गरेको देखियो । यस अदालतबाट जारी भएको बन्दीप्रत्यक्षीकरणको आदेशले मिति २०७६/९/२४ मा रजिस्ट्रारको रोहबरमा थुनामुक्त भएपश्चात् लगत्तै पक्राउ गरिएको भन्ने निवेदन जिकिर रहेको छ भने मिति २०७६/९/२५ मा म्याग्दी जिल्लाको बेनीमा गस्ती प्रहरीलाई अभद्र व्यवहार गरेको भन्ने आरोपमा कारबाही चलाएको भन्ने विपक्षीहरूको लिखित जवाफमा उल्लेख गरिएको पाइयो। मिति २०७६/९/२४ गते बेलुकी मात्र यस अदालतको आदेशबमोजिम थुनामुक्त भएका निवेदकलाई भोलिपल्ट बिहानै म्याग्दी जिल्लामा प्रहरीलाई अभद्र व्यवहार गरेको भनी पक्राउ गरेको भन्ने भनाइ प्रथमदृष्टिमा नै बनावटी देखिन्छ, विश्वसनीय नदेखिने।

जरूरी पक्राउ पुर्जी जारी गरी निवेदकलाई पक्राउ गरिएको भनिएकोमा के कस्तो जरूरी अवस्था परी जरूरी पक्राउ पुर्जी जारी गरिएको हो भन्ने चित्त बुझ्दो कारण खुलाइएको देखिँदैन । प्रहरीबाट पक्राउ पुर्जी जारी गर्दा सोको दुरूपयोग हुनसक्ने सम्भावनालाई सम्बोधन गर्न विधायिकाले मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पुर्जी जारी गर्न सक्ने व्यवस्था कानूनमा गरिएको देखिन्छ । तत्काल पक्राउ नगरे अपराधी उम्कन सक्ने र मुद्दा हेर्ने अधिकारीबाट तत्काल पक्राउ पुर्जी लिन सम्भव नभएमा आवश्यक अवस्थामा जरूरी पक्राउ पुर्जी जारी गर्न सकिने कानूनी प्रावधानसमेत रहेको छ । विशेष अवस्थामा मात्र प्रयोग गर्न सकिने उक्त प्रावधानलाई दुरूपयोग गरी सामान्यीकरण गर्न मिल्दैन । विपक्षी जिल्ला प्रहरी कार्यालय म्याग्दीबाट कानूनी अख्तियारीको दुरूपयोग गरी जरूरी पक्राउ पुर्जी जारी गरेको पाइयो। म्याद थपसम्बन्धी कार्यसमेत सोही अनुचित र अनियमित कार्यको श्रृङ्खलामा भएको देखिन्छ । मुद्दा हेर्ने अधिकारीले मात्र थुनामा राखी अनुसन्धान गर्नका लागि म्याद थप गर्न सक्ने कानूनी व्यवस्था रहेकोमा सहायक प्रमुख जिल्ला अधिकारीबाट म्याद थप गरेको र निवेदकलाई थुनामा राखेको पाइयो। म्याद थप गर्दा के कति कामका लागि म्याद थप्नुपरेको हो भनी कारण खुलाई म्याद थपको अनुमति माग गरेको र थप गरेको पाइएन । मनोमानी रूपमा केवल कर्मकाण्डी तवरबाट मानिस पक्राउ गरेको र म्याद थप गरेको देखिने।

निवेदकलाई एउटा जिल्लामा पक्राउ गर्ने, मुद्दा चलाउने र त्यस मुद्दामा छुटेपछि थुनामुक्त नगरी पुनः पक्राउ गरी अर्को जिल्लामा पुऱ्याउने र थुनामा नै निरन्तर राख्ने गरेको देखियो । प्रहरीले जसरी पनि निवेदकलाई थुनामै राख्ने बहाना बनाई बन्दी बनाउने कार्यको स्वेच्छाचारी कार्यशैली अपनाएको देखिएको छ । निवेदकलाई यस अदालतबाट ०७६-WH-०१९६ को रिट निवेदनका सन्दर्भमा थुनामुक्त गर्ने आदेश भई थुनामुक्त गरेपछि लगत्तै यस अदालतको परिसरबाटै पक्राउ गरिएको भनी निवेदनमा उल्लेख गरिएको देखिन्छ। समग्रमा हेर्दा निवेदकलाई अनुचित र प्रवृत्त धारणा राखी कानूनी अख्तियारीको दुरूपयोग गरी थुनामा राखिएको देखिने।

अत: निवेदकलाई गैरकानूनी रूपमा थुनामा राखेको देखिँदा निज सागर अर्याललाई म्याग्दी जिल्ला अदालतका जिल्ला न्यायाधीशको रोहबरमा तत्काल थुनामुक्त गर्नु भनी नेपालको संविधानको धारा १३३(२), (३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम यो बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिएको छ । यस इजलासबाट जारी भएको

संक्षिप्त आदेशअनुसार निवेदक सागर अर्याललाई थुनामुक्त गर्न लेखी पठाइएको देखिँदा सोतर्फ थप केही गरिरहनु नपर्ने।

माथि तथ्यगत सन्दर्भ र विवेचित कुराहरूबाट विवादित थुना सर्वथा अनुचित, पूर्वाग्रही, प्रवृत्त धारणा राखी गरिएको र कानूनी अख्तियारीको जानाजान दुरूपयोग गरिएको देखिएको छ । पटकपटक बहाना खडा गरी थुनामा राख्ने गरिएको यो सिलसिलाले संविधानद्वारा प्रदत्त मौलिक हक तथा लोकतान्त्रिक मूल्य मान्यताप्रति स्वेच्छाचारी रूपमा आघात पार्ने कार्य भएकोसमेत महसुस भएको छ। यसलाई न्यायिक निर्णय वा आदेशको पालना नगर्ने, छल्ने, पन्छिने वा अटेर गर्ने प्रवृत्तिको रूपमा समेत लिनुपर्ने अवस्था देखिएको छ । यस प्रकारको प्रवृत्तिलाई स्वाभाविक र स्वीकार्य मान्न सकिँदैन । यो प्रवृत्ति कानूनतः गम्भीर आपत्तिको विषय भएकोले संविधान र प्रचलित कानूनको मर्यादा राखी काम कारबाही गर्न गराउन विपक्षीहरूमध्येका जिल्ला प्रहरी कार्यालय म्याग्दी, प्रहरी प्रधान कार्यालय तथा गृह मन्त्रालयसमेतका सम्बन्धित पदाधिकारीहरूलाई नेपालको संविधानको धारा १३३(२) बमोजिम यो "आवश्यक र उपयुक्त आदेश जारी" गरी सचेत गराइएको छ । पुनः यस प्रकारको प्रवृत्ति दोहोऱ्याइएको पाइएमा नेपालको संविधानको धारा १२८(४) लगायतका प्रचलित कानूनबमोजिम सम्बन्धित पदाधिकारीहरूउपर कारबाही प्रक्रिया अपनाउनुपर्ने अवस्था आउने कुरासमेत खुलाई विपक्षीहरूलाई जानकारी दिने।

इजलास अधिकृत: रूद्रप्रसाद अर्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल माघ १४ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री डम्बरबहादुर शाही, *०७६–WH–०२८०, बन्दीप्रत्यक्षीकरण, भिमप्रसाद अधिकारीसमेत वि. महानगरीय प्रहरी वृत्त, सोह्रखुट्टेसमेत*

प्रचलित फौजदारी कानून प्रतिकूल कसुरजन्य कार्य भएको अवस्थामा सम्बन्धित कसुर गर्ने व्यक्तिलाई पक्राउ गरी अनुसन्धान गर्न सक्ने अधिकार कानूनले प्रहरीलाई प्रदान गरेको छ। यसरी अनुसन्धान प्रयोजनार्थ पक्राउ गर्दा वा हिरासतमा राख्दा पनि कानूनले निर्दिष्ट गरेको सर्त र प्रक्रिया अनिवार्य रूपमा पूरा गर्नुपर्ने हुन्छ । बनावटी वारदातको परिकल्पना गरी पक्राउ गर्ने र थुनामा राख्ने कार्यबाट संविधानले प्रदान गरेको वैयक्तिक स्वतन्त्रताको हकमा आघात हुन पुग्दछ । त्यस प्रकारको कार्यबाट फौजदारी न्याय प्रक्रियाको दुरूपयोग हुन पुग्दछ; कानून कार्यान्वयन गर्ने निकाय वा पदाधिकारीहरूबाट अख्तियारीको दुरूपयोग गरेको हुन जान्छ; र परिणामतः न्यायिक प्रक्रियाप्रतिको जनताको आस्था र विश्वास धरापमा पर्दछ। यसलाई कदापि वाञ्छित कुरा मान्न सकिँदैन। यसका अतिरिक्त साधिकार अदालतको आदेशबमोजिम थुनामुक्त भएका व्यक्तिलाई अदालत परिसरबाट बाहिर जान पाउँदा नपाउँदै गेटबाट नै पुनः पक्राउ गरी बन्दी बनाउनु सर्वथा अनुचित, गैरजिम्मेवारीपूर्ण र स्वेच्छाचारी कार्य हो । यसलाई नेपालको संविधानद्वारा प्रत्याभूत हक अधिकारउपरको थिचोमिचो र न्यायिक आदेश छल्ने, अवज्ञा गर्ने, तथा संवैधानिक सीमा नाघ्ने प्रवृत्तिको रूपमा पनि हेर्न सकिन्छ । नेपालको संविधानले आत्मसात् गरेको लोकतान्त्रिक मूल्य मान्यताको सापेक्षतामा हेर्दा यस प्रकारको प्रवृत्तिलाई शोभनीय ठान्न सकिँदैन । यस दृष्टिले हेर्दा निवेदकहरूलाई पक्राउ गरिएको र बन्दी बनाएको सन्दर्भ अनुचित, अविवेकपूर्ण, स्वेच्छाचारी र गैरकानूनी छ भन्ने देखिन आयो । यस अदालतको आदेशअनुसार थुनामुक्त गरिनासाथ प्रवृत्त धारणा राखी अदालतको गेटछेउबाट नै तत्काल पुनः पक्राउ गरी बन्दी बनाएको देखिँदा यतिकै कुराबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने पर्याप्त आधार देखिएकाले निवेदकहरूलाई कानूनी

औपचारिकता निर्वाहका लागि कर्मकाण्डी शैलीमा दिइएको जरूरी पक्राउ पुर्जी, गरिएको म्याद थप र सोसम्बन्धी उचित आधार र कारण नखुलाएको भन्ने जस्ता पक्षमा थप विवेचना गरी रहनुको आवश्यकता र औचित्य नदेखिने।

अतः निवेदकहरू भिमप्रसाद अधिकारी, हरिचन्द्र खड्का र विष्णुप्रसाद अधिकारीलाई गैरकानूनी रूपमा पक्राउ गरी बन्दी बनाएको देखिँदा निजहरूलाई तत्काल थुनामुक्त गर्नु भनी नेपालको संविधानको धारा १३३(२) र (३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ समेत बमोजिम यो बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिएको छ। निवेदकहरूलाई यस अदालतमा उपस्थित गराई यस अदालतका रजिस्ट्रारको रोहबरमा थुनाबाट तत्काल मुक्त गर्नु भनी मिति २०७६/११/१६ मा गरिएको संक्षिप्त आदेशअनुसार निजहरूलाई थुनामुक्त गरिसकेको देखिँदा सोतर्फ अरू थप केही गरिरहन नपर्ने।

"अदालतबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई थुनामुक्त भएका व्यक्तिलाई "अदालतको गेटबाट नै" पुन: पक्राउ गरी लगेको कार्यलाई अदालतको अवहेलना गरेको मानी सम्बद्ध प्रहरी अधिकारीहरूउपर नेपालको संविधानको धारा १२८(४) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १७ बमोजिम कारबाही र सजाय किन हुन नपर्ने हो ? आदेशको जनाउ पाएको ७(सात) दिनभित्र महानगरीय प्रहरी वृत्त, सोह्रखुट्टेका प्रमुख, महानगरीय प्रहरी परिसर, टेकुका प्रमुख, महानगरीय प्रहरी वृत्त सिंहदरबारका प्रमुख र प्रहरी महानिरीक्षकसहितका ४ जना प्रहरी अधिकारीहरूका नाउँमा लिखित जवाफ लिई आफैँ उपस्थित हुन आउनु भनी म्याद जारी गरी रीतपूर्वक तामेल गराउनू। यो आदेशको प्रतिलिपि राखी अवहेलना मुद्दाको छुट्टै मिसिल खडा गरी मुद्दा दर्ता गरी अरू कानूनबमोजिम गरी लिखत जवाफ परेपछि वा सो अवस्था नाघेपछि नियमानुसार पेस गर्नु" भनी संक्षिप्त आदेशमा उल्लेख भएअनुसारको प्रक्रिया अगाडि बढाइएको देखिँदा सो सम्बन्धमा सोही अपहेलनासम्बन्धी कारबाहीकै सन्दर्भमा विवेचना भई न्याय निरूपण हुने नै भएकाले त्यसतर्फ पनि यहाँ थप उल्लेख गरिरहन नपर्ने।

इजलास अधिकृत: बिना गौतम

इति संवत् २०७६ साल फाल्गुण १६ गते रोज ६ शुभम्।

४

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७४-CR-१८००, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. सुभानसिं तामाङसमेत*

ज्यान मार्ने उद्योगको कसुर स्थापित हुन प्रतिवादीले मर्नेसम्मको कार्य गरेको वा गर्दै गरेको अवस्थामा तेस्रो पक्ष उपस्थित भई मान्छेको ज्यानसम्म जान नपाएको अवस्था विद्यमान हुनु आवश्यक छ। यो हाम्रो न्याय निरूपणमा एउटा विधिशास्त्रीय अवधारणा बनिसकेको अवस्था छ। प्रस्तुत मुद्दाको उठान भएको जाहेरी दरखास्त हेर्दा पीडितलाई यी प्रतिवादीहरूले कुटपिट गरी भागेछन् भनी उल्लेख गरेको देखिन्छ। हतियारसहितका तीनजना प्रतिवादीहरूले पीडितलाई मार्ने नै उद्देश्यसहित प्रहार गरेको भए कसैको उपस्थिति नभएको स्थितिमा घाइतेलाई मार्न नसक्ने अवस्था थिएन। तसर्थ, प्रतिवादीहरूको पीडितलाई ज्यानै मार्नेसम्मको मनसाय रहेको भनी मान्नु युक्तिसङ्गत हुने देखिन नआउने।

तसर्थ, विश्लेषण गरिएअनुसार अनुसन्धानमा बुझिएका वादी पक्षका गवाह सानोकान्छा भन्ने कामी तामाङ, प्रतिवादीहरूको बयान भनाइबाट पीडित र प्रतिवादीहरूबिच आपसमा कुटपिट भएको भन्ने देखिएको, पीडितको घा जाँच फारामबाट पीडित मर्नेसम्मको अवस्था रहेको भन्ने नदेखिएको र तेस्रो पक्षको उपस्थितिको कारण पीडितलाई प्रतिवादीहरूले थप प्रहार (कुटपिट) गर्न नपाएको कारण बाँच्न सफल

भएको भन्ने नभई पीडितलाई घाइते बनाई छोडी गएको भन्ने देखिन आएकोसमेत आधार कारणबाट प्रस्तुत वारदात कुटपिटको वारदात भएको देखिँदा प्रतिवादीहरू रामबहादुर तामाङ, मानबहादुर तामाङ र सुभानसिं तामाङलाई ज्यान मार्ने उद्योगको कसुरबाट सफाइ दिई मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा परिणत गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७४।२।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रूद्रप्रसाद अर्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल माघ १३ गते रोज २ शुभम्।

५

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा, *०७०-WO-०८२५, उत्प्रेषण, अलिशान अख्तरसमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौंसमेत*

साधिकार अदालतको आदेशबमोजिम एकपटक पदनाम दिइ पदस्थापन गरेको पत्र दिइसकेपछि कुनै उचित कारण र आधार नखुलाई आफैँले गरेको पूर्वनिर्णय बदर गर्नु उचित होइन। यसरी निर्णय गर्दा निवेदकहरूलाई प्रतिवादको मौकासमेत दिएको देखिँदैन। पुनरावेदन अदालतको आदेशानुसार पदस्थापन गरिएको अवस्थामा सो आदेश कायम रहिरहेको अवस्थामा पदस्थापन बदर गर्नु सर्वथा अनुचित देखिन्छ। अदालतबाट भएको आदेशअनुसार प्रदान गरिएको पदनाम र पदस्थापन प्रतिकूल विपक्षी क्षेत्रीय स्वास्थ्य निर्देशनालयले आफ्नो पूर्वनिर्णय आफैँ बदर गरेकोलाई कानूनअनुकूल मान्न नमिल्ने।

अतः सुनुवाइको मौकासमेत नदिई तथा अदालतबाट जारी भएको आदेशविपरीत मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयबाट मिति २०७०/१२/०३ मा भएको निर्णय र २०७०/१२/०४ को पत्रसमेत उत्प्रेषणको आदेशले बदर हुन्छ। आफ्नो हकमा निवेदन फिर्ता लिएका निवेदकहरू राजेशकुमार महतो र सरोजकुमार यादवबाहेकका निवेदकहरू अलिशान अख्तर र प्रमोद पण्डितलाई २०७०/११/१६ को निर्णय र मिति २०७०/११/२७ को पत्रअनुसार भएको सि.अ.हे.व. पदको पदस्थापन कायम राखी कामकाज लगाउनु भनी परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: रूद्रप्रसाद अर्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल माघ १५ गते रोज ४ शुभम्।

- यसै प्रकृतिको ०७०-WO-०८६१, उत्प्रेषण / परमादेश, हरेराम साहसमेत वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

इजलास नं.८

१

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७५-CR-०५६२, जबरजस्ती करणी, बिक्रम कुमाल वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले पीडितसँग सहमतिमा यौनसम्पर्क भएको भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा, मिति २०७२।५।९ गते पीडित आफ्नो घरदेखि माइती जाने भनी हिँडेकी खुट्टाको अपाङ्गता भएकी तथा ३ महिनाकी सुत्केरी महिलालाई प्रतिवादी बिक्रम कुमालले एक्कासी बाटो छेकी हात समाई, लतारी बाटोबाट काँडाघारीमा लगी आफ्नो लिङ्ग मेरो योनिभित्र छिराई मलाई जबरजस्ती करणी गरेको हुँदा निजलाई जबरजस्ती करणी गरेको अपराधमा हदैसम्मको सजाय गरी क्षतिपूर्तिसमेत दिलाई भराइपाउँ भनी पीडित परिवर्तित नाम सङ्केत नं. ५२(र) ले जाहेरी बेहोरामा लेखाइदिएको पाइन्छ। यी पीडितले अदालतमा आई आफूले मिति

२०७२।५।१० मा दिएको ठाडो निवेदन, सनाखत कागज तथा जाहेरी दरखास्तसमेतमा भएको बेहोरा ठिक साँचो भएको र राजीखुसीसाथ सहीछाप गरेको भनी बकपत्र गरेको देखिन्छ । पुनरावेदक प्रतिवादी बिक्रम कुमालले अनुसन्धान अधिकारीसमक्ष कोही कसैले नदेख्ने उचित स्थानमा पुगेपछि पीडित परिवर्तित नाम सङ्केत नं. ५२(र) लाई भुइँमा पल्टाई सल मुखमा कोची, निजको माथि चढी मेरो लिङ्ग निजको योनिमा जबरजस्ती छिराई आफ्नो मनपरी ढङ्गले जबरजस्ती करणी गरेपछि मेरो वीर्यसमेत निजको योनिभित्र झारेँ र निजलाई छाडी आफ्नो कपडा लगाई खोलामा गई नुहाई धुवाई गरी घरतिर गएको हुँ भनी बयान गरेको र उक्त बयानको बेहोरा ठिक साँचो भएको साथै पीडित परिवर्तित नाम सङ्केत नं. ५२(र) ले पहिले यौनसम्पर्क गर्न मानेकी थिइनन्, पछि निजको सहमतिमा नै यौनसम्पर्क भएको हो भनी अदालतमा बयान गरेको देखिन्छ । पीडित परिवर्तित नाम सङ्केत नं. ५२(र) प्रतिवादी बिक्रम कुमालसँग पूर्वपरिचित व्यक्ति देखिँदैनन् । न त निजहरू एकै गाउँ-ठाउँको भन्ने छ । आफूसँग चिनजान नभएको, बाटोमा देखी पछि लाग्दै आउने व्यक्तिसँग एकैपटक सहमतिमा करणी हुन्छ भन्ने कुरा स्वाभाविक र पत्यारलायक देखिँदैन । फेरी उक्त वारदातमा पीडितको पनि सहमति रहेको भए घटनाक्रम सविस्तार गरी अपरिचित व्यक्ति जोसँग चिनजान तथा पूर्वरिसइवी पनि नभएको यी प्रतिवादीलाई आरोप लगाउनुपर्ने विश्वसनीय आधार कारण पनि केही देखिँदैन । त्यसैगरी मिसिल सामेल रहेको पीडित परिवर्तित नाम सङ्केत नं. ५२(र) को स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडितको शरीरको विभिन्न भागमा Scratches Marks रहेको, Scratches might be struggle signs साथै There might be sexual activities according to struggle sign भन्ने बेहोरा उल्लेख भएको पाइँदा पीडित र प्रतिवादीका बिचमा सहमतिमा नै करणी लिनु-दिनु गरेको भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

पीडितको जाहेरी बेहोरा र प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष पीडितलाई जबरजस्ती करणी गरेको स्वीकार गरी तथा अदालतमा बयान गर्दा पीडितले पहिला नमानेको र पछि सहमति भई यौनसम्पर्क भएको भनी बेहोरा लेखाएकोबाट निजको उक्त कार्य आशय करणीअन्तर्गतको नभई जबरजस्ती करणीअन्तर्गतको कसुर गरेको भन्ने देखियो । यस स्थितिमा आशय करणीको व्यवस्था आकर्षित हुन्छ, सोतर्फ इन्साफ हुनुपर्छ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । पीडित परिवर्तित नाम सङ्केत नं. ५२(र) को उमेर २० वर्ष भएको भन्ने पीडितको बकपत्रबाट खुल्न आएको हुँदा यी प्रतिवादी बिक्रम कुमालले पीडित परिवर्तित नाम सङ्केत नं. ५२(र) लाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३(४) नं. बमोजिम जबरजस्ती करणी ठहर गरेको सुरू प्युठान जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत तुलसीपुरको फैसला मिलेकै देखिने ।

अब, पीडित परिवर्तित नाम सङ्केत नं. ५२(र) को अपाङ्गतासम्बन्धी प्रतिवादीले लिएको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, यी पीडितसँग अपाङ्गताको प्रमाण पत्र छ भनी अदालतमा गरेको बकपत्र तथा सुरू जिल्ला अदालतको आदेशबमोजिम जिल्ला अस्पताल प्युठानबाट पीडितको स्वास्थ्य परीक्षण गर्दा निजको दुई खुट्टाको लम्बाइको फरक 2cm रहेको भनी पीडितको Report Card मा लेखिएको र सो Report बमोजिम निज पीडित 'घ' वर्गको सामान्य अपाङ्ग भएको भन्ने महिला तथा बालबालिका कार्यालय, प्युठानको च.नं. ५५४ मिति २०७२।०६।११ को पत्रमा बेहोरा उल्लेख गरेको

पाइन्छ । **अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४** मा शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीयसम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (Functional Impairment) वा विद्यमान अवरोधको कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्तिलाई अपाङ्गता भएका व्यक्ति भनी व्याख्या भएको देखिन्छ । सोही ऐनको परिच्छेद ४ मा अपाङ्गता भएका महिला तथा बालबालिकाका थप अधिकारसम्बन्धी व्यवस्था गरी **नेपाल सरकारले अपाङ्गता भएका महिलाको विशेष अवस्थालाई ध्यानमा राखी उनीहरूको स्वास्थ्य तथा प्रजनन अधिकारको संरक्षणको लागि आवश्यक व्यवस्था गर्नुपर्ने छ** भनी व्यवस्था गरेको पाइन्छ। त्यस्तै **मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३क. नं.** मा *"कसैले गर्भवती, अशक्त,* ***अपाङ्गता भएका*** *वा होस ठेगानमा नरहेका वा आफ्नो संरक्षण वा हेरविचारमा रहेका महिलालाई जबरजस्ती करणी गरेमा वा जुनसुकै उमेरका महिलाउपर सामूहिक रूपमा जबरजस्ती करणी गरेमा यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नुपर्छ ।"* भन्ने व्यवस्था गरेको पाइन्छ। उक्त कानूनी व्यवस्था हेर्दा, अपाङ्गता भएका पीडितलाई करणी भएको हकमा वा स्थितिमा अपाङ्गताको वर्गीकरणअनुसार अभियुक्त / प्रतिवादीलाई यो-यति सजाय गर्नुपर्छ भनी अपाङ्गताको वर्गको आधारमा सजायको वर्गीकरण गरेको पाइँदैन। फौजदारी कानूनको दृष्टिबाट हेर्दा अशक्तता / अपाङ्गता छ वा छैन सो कुरा हेरिने हो। यस्ता व्यक्तिले आफ्नो आत्मरक्षा वा सुरक्षा गर्न सक्दैनन्, त्यसैले उनीहरूउपर गरिने कसुरलाई गम्भीरतापूर्वक लिइनुपर्छ भन्ने कानूनको मनसाय हो । यहाँ पीडितको एउटा गोडा छोटो रहेको भन्ने देखिएको छ । यस्ता व्यक्तिलाई जुलुमीको पञ्जाबाट भाग्न अवश्य पनि कठिन हुने हुन्छ । प्रतिवादीले पीडितलाई पछ्याउँदै गई निजउपर कसुर गरेको पाइएबाट पीडितको व्यक्तिगत असक्षमता अर्थात् अपाङ्गताको फाइदा लिएको रहेछ भन्ने पनि देखियो। त्यसकारण प्रतिवादी बिक्रम कुमालले पीडित सामान्य वर्गको अपाङ्ग भएकोले मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३क. नं. र १० नं. बमोजिम थप सजाय गरी भएको उच्च अदालत तुलसीपुरको फैसला बदर गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्न नसक्ने भई प्रतिवादी बिक्रम कुमाललाई अभियोग दाबीबमोजिमको कसुर अपराधमा ऐ. महलको ३(४) नं. बमोजिम ५ (पाँच) वर्ष कैद हुने तथा ३क. नं. बमोजिम ५ (पाँच) वर्ष थप कैद सजाय हुने साथै ऐ. महलको १० नं. बमोजिम पीडित परिवर्तित नाम सङ्केत नं. ५२(र) ले प्रतिवादी बिक्रम कुमालबाट रू. ४०,०००।- (चालिस हजार) रूपैयाँ क्षतिपूर्तिसमेत भराइपाउने ठहराएको सुरू प्युठान जिल्ला अदालतको फैसला सदर गरी उच्च अदालत तुलसीपुरबाट भएको फैसला मिलेकै देखिने।

तसर्थ, प्रतिवादी बिक्रम कुमालले वर्ष २० की अपाङ्ग पीडित परिवर्तित नाम सङ्केत नं. ५२(र) लाई जबरजस्ती करणी गरी अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको १, ३(४) तथा ३क. नं. बमोजिमको कसुर अपराध गरेको देखिएकाले निज प्रतिवादी बिक्रम कुमाललाई ऐ. महलको ३(४) नं. बमोजिम ५ (पाँच) वर्ष कैद हुने तथा अपाङ्ग महिलालाई प्रतिवादीले जबरजस्ती करणी गरेको देखिएकाले ऐ. महलको ३क. नं. बमोजिम निज प्रतिवादी बिक्रम कुमाललाई ५ (पाँच) वर्ष थप कैद सजाय हुने साथै ऐजन महलको १० नं. बमोजिम पीडित परिवर्तित नाम सङ्केत नं. ५२(र) ले प्रतिवादी बिक्रम कुमालबाट रू. ४०,०००।- (चालिस हजार) रूपैयाँ क्षतिपूर्तिसमेत भराई पाउने ठहरी भएको सुरू प्युठान जिल्ला अदालतको मिति २०७३।२।६ को फैसलालाई सदर गरी मिति २०७४।४।१६ मा उच्च अदालत तुलसीपुरबाट भएको फैसला मिलेकै देखिँदा

सदर हुने।

इजलास अधिकृत: करूणा श्रेष्ठ

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७७ साल साउन १८ गते रोज १ शुभम्।

२

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री कुमार रेग्मी, *०७०-WO-०५३०, उत्प्रेषण / परमादेश, भेषराज खतिवडा वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत*

प्रत्येक शाखा कार्यालयलाई छुट्टाछुट्टै कर लगाएको कानूनसम्मत छ छैन भन्ने सम्बन्धमा हेर्दा ऐ. ऐनको दफा १३८ र ऐ. नियमावलीको नियम १४२ र सोअन्तर्गतको अनुसूची १० को खण्ड १२(१) को व्यवस्थालाई हेर्नुपर्ने देखियो। पहिलो सर्त ऐ.ऐनको दफा ९४(१)(ख) बमोजिम नगरपरिषद्को निर्णयबमोजिम कर निर्धारण भएकोमा विवाद रहेको देखिएन। दोस्रो, दफा १३८ को "नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकिएको व्यापार व्यवसायको पेसामा पुँजीगत लगानी र आर्थिक कारोबारको आधारमा तोकिएबमोजिम व्यवसाय कर लगाई असुल गर्न सक्ने छ" भन्ने व्यवस्थालाई हेर्दा निवेदक 'क' वर्गको वाणिज्य बैंकले आफ्नो व्यापार व्यवसाय र आर्थिक कारोबार प्रत्येक शाखा कार्यालयहरूबाट गर्नेमा समेत कुनै विवाद रहन सक्दैन। प्रत्येक शाखा कार्यालयले बैंकिङ ऐन तथा कानूनबमोजिम निक्षेप सङ्कलन, आर्थिक कारोबार, व्यापार व्यवसायमा लगानी गरेका हुन्छन्। सामान्यतः हेर्दा वाणिज्य बैंकको केन्द्रीय कार्यालयले व्यवसायसँगै प्रशासनिक र व्यवस्थापनको कार्यमा बढी संलग्न रही केन्द्रीय कार्यालयअन्तर्गत हरेका शाखा, उपशाखा कार्यालयहरूले वित्तीय कारोबार गरी स्थानीय व्यापार व्यवसायको गतिविधिको आधारमा कुनैले बढी मुनाफा, कुनैले घटी र कुनै घाटामा समेत गएका हुन सक्छन्। यसै परिस्थितिलाई हेरेर स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४२ ले व्यवसाय करको दर अनुसूची १० मा तोकिएबमोजिम नगरपालिकाले लगाउन सक्ने व्यवस्था गरी अनुसूची १० को खण्ड १२(१) ले वाणिज्य बैंकको हकमा न्यूनतम रू.५,०००।- र अधिकतम रू.५०,०००।- तोकेको देखिन्छ। नियम १४२ ले व्यवसाय करको दर भनेको र वाणिज्य बैंकका प्रत्येक शाखा, उपशाखाहरूले व्यवसाय गर्ने भएको हुँदा प्रत्येकको हकमा नगरपरिषद्को निर्णयबमोजिम अनुसूची १० को खण्ड १२(१) मा तोकिएको सिमाभित्र रही व्यवसाय कर लगाइएको विषयलाई कानूनविपरीतको कार्य भन्न सक्ने स्थिति नदेखिने।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १३८ मा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा तोकिएबमोजिम व्यवसाय कर लगाइने कानूनी व्यवस्था रहेकोमा बैंकका प्रत्येक शाखाले गर्ने लगानी तथा कारोबार फरकफरक हुन्छ। बैंकले आफूले दिने सेवा प्रवाहका साथै वित्तीय लगानी तथा आर्थिक कारोबारमार्फत नाफा कमाउने उद्देश्यसमेत राखेका हुन्छन्। निवेदकको निवेदन जिकिरबाट समेत बैंकका शाखा कार्यालयहरूबाट पुँजीगत लगानी र आर्थिक कारोबार नभएको भन्ने देखिँदैन भने निवेदकले शाखा कार्यालयबाट पुँजीगत लगानी र आर्थिक कारोबार नहुने भनी आधार र प्रमाण प्रस्तुत गर्न सकेकोसमेत पाइँदैन। यस्ता शाखा कार्यालयहरू पनि विभिन्न किसिमका पुँजीगत लगानी र आर्थिक कारोबार गर्नकै लागि कार्यक्षेत्र तोकी खोलिएका बैंकका वित्तीय शाखाहरू हुन् भनी बुझ्नुपर्ने हुन्छ। यसरी आ-आफ्नो कार्यक्षेत्रमा व्यवसाय गर्ने प्रत्येक शाखालाई नगरपालिकाले कानूनी प्रक्रिया पूरा गरी नगरपरिषद्को निर्णयबमोजिम कर लिन सक्ने नै देखिन्छ। यसरी आफ्नो व्यवसाय सञ्चालनको क्रममा आर्थिक कारोबार तथा लगानीमार्फत मुनाफा आर्जन गर्नेले करको दायित्वबाट पन्छिन मिल्ने देखिँदैन। निवेदकले करको दायित्वबाट छुट पाउन कर नलाग्ने

आधार, कारण र प्रमाण स्पष्ट कानूनी व्यवस्थासहित विश्वासिलो र भरपर्दो तरिकाले प्रमाणित गर्नुपर्ने हुन्छ। प्रस्तुत विवादमा सो अवस्थाको विद्यमानतासमेत नदेखिने।

निवेदक बैंकले आफ्नो शाखामध्ये काठमाडौं महानगरपालिकामा १४ वटा शाखा र ललितपुर उपमहानगरपालिकामा ३ वटा शाखा कार्यालय खोली बैंकिङ कारोबार गरेको कुरा आफ्नो निवेदन बेहोरामा उल्लेख गरेको देखिन्छ। यसरी विभिन्न शाखा कार्यालय खोली व्यावसायिक बैंकिङ कारोबार गरेको अवस्थामा त्यस्ता बैंकका शाखाहरूबाट समेत व्यवसाय कर असुल गर्ने गरी भएको विपक्षी नगरपरिषद्को निर्णय र विद्यमान स्थानीय कानूनसमेतका आधारमा कर निर्धारण गर्ने गरी भएका निर्णय तथा सोही विषयमा निवेदकले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा दिएको निवेदनउपर मन्त्रालयबाट मिति २०६९।०८।११ मा भएको सचिव स्तरीय निर्णय र सोको आधारमा मिति २०६९।०९।०८ मा निवेदक बैंकलाई लेखिएको पत्रलाई गैरकानूनी भन्न सकिने अवस्था नदेखिने।

अतः कानूनी व्यवस्थाबमोजिम स्थानीय निकायले व्यावसायिक लगानी तथा आर्थिक कारोबार गर्ने बैंक तथा वित्तीय संस्थाका प्रत्येक शाखाबाट कानूनले निर्धारण गरेबमोजिमको व्यवसाय कर असुल गर्न सक्ने देखिएको हुँदा निवेदक र निवेदकसरहका अन्य बैंकका प्रत्येक शाखा कार्यालयबाट व्यवसाय कर लिने गरी विपक्षी मन्त्रालय र नगरपालिकाहरूबाट भए गरेका निर्णय तथा सो निर्णयबमोजिम कर असुलीका सन्दर्भमा भएका पत्रचारसमेत कानून र कानूनको परिधिभित्रै भए गरेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन। तसर्थः प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः ताराकुमारी शर्मा

इति संवत् २०७६ साल माघ २१ गते रोज ३ शुभम्।

इजलास नं.९

१

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सपना प्रधान मल्ल, *०७४-CR-१६३३, लागु औषध (अफिम), रोशन थापासमेत वि. नेपाल सरकार*

पुनरावेदक / प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष र अदालतमा बयान गर्दा चारै जनाको प्रतिवादीहरू भे.४ प २८१९ नं. र भे.५ प ६७४१ नं.को मोटरसाइकल पालैपालो गरी चलाई सुर्खेतको विरेन्द्रनगरबाट नेपालगन्ज हुँदै भारतको रूपैडियासम्म पुगी त्यहाँबाट पनि सँगै फर्कंदा भे.४ प २८१९ नं. को मोटरसाइकल चलाउँदा लगाएको ninja हेलमेटबाट १७ ग्राम ३७ मिलिग्राम अफिम फेला परेकोमा कुनै विवाद देखिँदैन । पुनरावेदक / प्रतिवादीहरूले अदालतमा बयान गर्दा बरामद हुन आएको ninja लेखिएको हेलमेट अपरिचित व्यक्तिको हो, छिन्चु भन्ने ठाउँमा खाना खाएर फर्कने क्रममा आफ्नो हेलमेट नभएकोले अर्को व्यक्तिको हेलमेट लिएर हिँडेको र त्यसमा उक्त लागु औषध राखेको आफूलाई थाहा नभएको भनी उल्लेख गरेको देखिए तापनि निज प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा कालो रङको बरामद ninja लेखिएको हेलमेट मिनबहादुरको हो भनी उल्लेख गरेको देखिएकोले उक्त बयान आफैँमा खण्डित भइरहेको देखिन्छ। उक्त बयान आफ्नो इच्छा विरूद्धको बयान हो भनी निज प्रतिवादीहरूले वस्तुनिष्ठ आधारमा पुष्टि गर्न सकेको नहुँदा उक्त हेलमेट भे.४ प २८१९ का धनी तथा सोही मोटरसाइकलमा सवार प्रतिवादी मिनबहादुरको भएको स्पष्ट हुन आउँछ । प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान बेहोराबाट निजहरू सबैलाई उक्त लागु औषधका बारेमा जानकारी भएको र अघिल्लो दिनको दिनको ११:३० बजेदेखि लागु

औषध बरामद हुँदाका बखतसम्म अर्थात् रातको १:३० बजेसम्म अविच्छिन्नरूपमा सँगसँगै रहेको देखिन्छ। यी प्रतिवादीहरू एकअर्काबाट छुट्टिएर कुनै काम विशेषले अन्यत्रै गएको भन्ने कसैको पनि वस्तुनिष्ठ जिकिर छैन । निज प्रतिवादीहरू चारैजनाले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा निजहरू भारतको रूपैडिया बजार स्थित यकिन नाम थाहा नभएको मेडिकलमा गई ने.रू.१००।- मा ४ वटा सिटामोल जस्तो देखिने सेतो ट्याबलेट खरिद गरी चारै जनाले १/१ ट्याबलेट सेवन गरेको भनी उल्लेख गरेको देखिएबाट निजहरू लागु औषधका सेवनकर्ता भएको देखियो । निजहरू आफू लागु औषध सेवनकर्ता देखिएको र करिब १३/१४ घण्टा सँगसँगै हिँड्ने, खाने, बस्ने गरेको तथ्य स्थापित भएको अवस्थामा मोटरसाइकलमा सवार रहँदै गरेको समयमा निजहरूको समूहमध्येबाट मध्यरातको समयमा प्रहरीले लागु औषध बरामद भएको यथार्थतालाई अन्यथा भन्न सक्ने अवस्था देखिएन । निजहरूले विरेन्द्रनगरबाट नेपालगन्ज आउनुको उद्देश्य खुलाउन सकेको छैन। अन्य कार्यको लागि यसरी दिन रात सँगसँगै हिँड्नु परेको भनी विश्वसनीय वस्तुनिष्ठ आधार कारणसमेत पेस गर्न सकेको अवस्था छैन । निज प्रतिवादीहरू कसुरमा इन्कारी रही अदालतसमक्ष बयान गरे तापनि लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ बमोजिम निजहरूले सो कुरा प्रमाणित गर्न सकेको देखिँदैन । निज प्रतिवादीहरू सबैले अधिकारप्राप्त अधिकारीसमक्ष मौकामा गरेको बयान बेहोरा मिसिल संलग्न प्रमाण कागजातहरूबाट समर्थित भइरहेको र अदालतमा भएको बयान बेहोरालाई समर्थित गर्ने सबुद प्रमाणको अभाव देखिएकोले निज प्रतिवादीहरू सबैको बरामदित लागु औषधको कारोबारमा मिलेमतो वा संलग्नता रहेको देखिने।

प्रस्तुत मुद्दामा निज चारै जना प्रतिवादीहरू मिति २०७२।११।२८ गते दिनको करिब ११:३० बजेदेखि रातको करिब १:३० बजेसम्म दुईवटा मोटरसाइकलमा करिब १३/१४ घण्टा अविच्छिन्नरूपमा सँगसँगै हिँडेको कुरा निजहरूले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतसमक्ष गरेको बयान बेहोराबाट देखिएकोले सोमा विवाद देखिँदैन । आफ्नो हेलमेट छिन्चुमा हराएकोले अरू कसैको हेलमेट उठाई आफूले लगाई हिँडेको भन्ने जिकिर कतैबाट पुष्टि हुन सकेको अवस्था छैन । एकैसाथ एकै प्रयोजनको लागि लामो समय साथसाथै रही कुनै अन्य निश्चित उद्देश्य बिना निजहरू मोटरसाइकलमा सँगसँगै हिँडेकै अवस्थामा र आफूहरूले सँगसँगै कुनै सेतो हेलमेट किनी एकैसाथ बसी सेवनसमेत गरी हिँडेको अवस्थामा सुरज पुरीले लगाएको हेलमेटबाट लागु औषध बरामद भई चारै जना पक्राउमा परेकोले लागु औषध बरामद नभएका प्रतिवादीहरूको उक्त लागु औषध कारोबार गर्ने मनसाय थियो वा थिएन भनी परीक्षण गर्नुपर्ने नदेखिनुका साथै निजहरूको दायित्वमा समेत भिन्नता हुने देखिएन। निज प्रतिवादीहरूले अभियोग दाबीलाई समर्थित गर्ने प्रमाणहरूलाई वस्तुनिष्ठ आधारमा अन्यथा पुष्टि गर्न सकेको अवस्था नहुँदा निजहरूले अदालतमा गरेको इन्कारी बयानका आधारमा मात्र निजहरूलाई कसुरबाट उन्मुक्ति दिन मिल्ने नदेखिने।

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(६)(१) को कानूनी व्यवस्थाअनुसारको २५ ग्रामसम्मको लागु औषधको कारोबार गरेको पुष्टि हुने व्यक्तिलाई न्यूनतम ***पाँच वर्ष कैद र पाँच हजार रूपैयाँ*** जरिवाना तथा अधिकतम ***दश वर्ष कैद र पच्चिस हजार रूपैयाँ जरिवाना*** गर्न सकिने देखिन्छ। हाल प्रचलनमा रहेको फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १४ मा सजाय निर्धारण गर्दा विचार गर्नुपर्ने कुराहरूमा ऐ दफाको (क) मा ***"कसुरको गम्भीरता र कसुरदारको दोषको मात्राअनुसार सजाय समानुपातिकभन्दा बढी हुन नहुने"*** र (ख) मा ***"सजायको उद्देश्य प्राप्त गर्न आवश्यक हुनेभन्दा चर्को सजाय हुन नहुने"*** भनी

उल्लेख गरेको देखिने।

प्रस्तुत मुद्दामा बरामदित लागु औषधको परिमाण १७ ग्राम ३७ मिलिग्राम भएकोमा विवाद देखिँदैन । उक्त परिमाणको लागु औषध कारोबारमा संलग्न प्रतिवादीहरू चार जना रहेका छन् । उक्त परिमाणलाई चार भाग लगाउँदा एक जनाको भागमा करिब ४ ग्राम ३४ मिलिग्राम पर्न आउने देखिन्छ। उक्त कानूनी व्यवस्थाको विधायिकी मनसाय र अदालतले गरेको व्याख्याअनुसार सजाय निर्धारण गर्नका लागि विधायिकाले अदालतलाई प्रदान गरेको तजबिजी अधिकारको प्रयोग गर्दा कसुरको गम्भीरता र कसुरदारको दोषको मात्रालाई सूक्ष्मरूपमा विश्लेषण गरी सोही अनुपातसँग मिलान हुने गरी अदालतले सजाय निर्धारण गर्न नमिल्ने अवस्था देखिँदैन । उक्त कानूनी व्यवस्था र ने.का.प. २०६५, अङ्क ७, नि.नं. ७९९६ को मुद्दामा यस अदालतको व्याख्याको मनसाय भनेको आवश्यकभन्दा चर्को सजाय गर्न नहुने र कसुरदारले गरेको कसुरको गम्भीरता तथा कसुरको मात्राअनुसार समानुपातिक रूपमा सजाय निर्धारण गर्ने भन्ने नै हो। एकैसाथ कारोबार गरेका यी प्रतिवादीहरूले गरेको कसुर स्थापित भए पनि एक जनाको भागमा पर्न आउने ४ ग्राम ३४ मिलिग्राम परिमाणको लागु औषधको कारोबारमा निज प्रतिवादीहरूलाई तजबिजी अधिकार प्रयोग गरी जनही ७ (सात) वर्ष कैद र रू.१५०००।– (पन्ध्र हजार रूपैयाँ) जरिवाना हुने ठहर भएको सुरू सुर्खेत जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत सुर्खेतको फैसला उल्लिखित कानूनी व्यवस्था र यस अदालतबाट भएको व्याख्याको रोहमा कसुरको गम्भीरता र कसुरदारले गरेको दोषको मात्राअनुसार समानुपातिकरूपमा मिलेको देखिने।

अतः उल्लिखित विवेचित आधार, कारणहरूबाट सुरू सुर्खेत जिल्ला अदालतबाट लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम निज प्रतिवादीहरू रोशन थापा, आकाशकुमार सुनार, सुरज पुरी र मिनबहादुर थापा मगरलाई जनही ७(सात) वर्ष कैद र रू.१५०००।- (पन्ध्र हजार रूपैयाँ) जरिवाना हुने ठहऱ्याई मिति २०७३।०८।२० मा भएको फैसलालाई सदर गरेको उच्च अदालत सुर्खेतको मिति २०७४/३/२६ को फैसला केही उल्टी भई निज प्रतिवादीहरूलाई जनही पाँच वर्ष कैद र पाँच हजार रूपैयाँ जरिवाना हुने तथा वारदातमा प्रयोग भएको मोटरसाइकल थान दुईसमेत ऐ.ऐनको दफा १८ बमोजिम जफत हुने गरी ठहर भएको फैसला सो हदसम्म सदर हुने।

इजलास अधिकृत: कुलप्रसाद दाहाल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७७ साल असोज ५ गते रोज २ शुभम्।

२

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७३-CR-०२६६, करकाप, बालकृष्ण कुस्ले वि. रामशरण धितालसमेत*

वादीले पहिले नै लेखी ल्याएको २/३ वटा कागजमा प्रतिवादीहरूले करकापपूर्वक सहीछाप गराएको भनी जिकिर लिएको भए पनि उक्त २/३ वटा कागज के कस्तो थियो, के कस्तो लिखत करकापबाट गराएको हो भन्ने उल्लेख गर्न सकेको पाइँदैन। वादीले करकापपूर्ण लिखत गराएको भने तापनि प्रतिवादीबाट आफूहरूले वादीलाई करकापपूर्वक कुनै लिखत नगराएको भन्ने प्रतिउत्तर रहेको देखिन्छ। प्रतिवादीले प्रतिउत्तर पत्रमा उल्लेख गरेको रू.४८,००,०००।- को लिखतमा वादी साक्षीसम्म बसेको देखिन्छ। वास्तवमा कागज गर्ने यी वादीको पत्नी लक्ष्मी कपालीको तर्फबाट करकापमा कुनै दाबी रहेको देखिँदैन । प्रतिवादीको साक्षीले बकपत्र गर्दा लिखत करकापबाट होइन भनी बकपत्र गरेको पाइन्छ। फौजदारी मुद्दामा दाबी प्रमाणित गर्ने भार वादीमा रहने हुन्छ र शंकारहित तबरबाट दाबी प्रमाणित गर्नु फौजदारी न्यायको मान्य सिद्धान्त हो। प्रमाण ऐन, २०३१ को दफा २५ मा वादी पक्षले

शंकारहित तवरबाट आफ्नो दाबी पुष्टि गर्नुपर्छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । यदि शंकारहित तबरले वादीले आफ्नो दाबी प्रमाणित गर्न नसके शंकाको सुविधा अभियुक्तले पाउने हुन्छ । प्रस्तुत मुद्दामा करकापबाट गराइएको भनिएको उक्त लिखतहरू कारकापबाटै गराइएको भन्ने पुष्टि हुने वस्तुनिष्ठ आधार वादी पक्षबाट पेस हुन सकेको नपाइने ।

वादीले आफू र आफ्नो पत्नीलाई जबरजस्ती गरी करकापसँग २/३ वटा कागजमा सही गराएको भन्ने उल्लेख गरेको र त्यसमध्येको एउटा कागजको हकमा लेनदेन मुद्दा परी वादी दाबी पुग्ने ठहरी फैसला भएको र उक्त फैसला कार्यान्वयनको सिलसिलामा वादी प्रतिवादीबिच रकम लिनुदिनु गरी घरसारमा मिलापत्रसमेत गरेको यसै लगाउको आजै फैसला भएको ०७३-CI-०४३२ को लेनदेन मुद्दाको मिसिलबाट देखिन आएको छ । जुन लिखतलाई करकापबाट भएको भन्ने दाबी लिइएको हो सो लिखत सम्बन्धमा भएको फैसला कार्यान्वयनको सिलसिलामा सहमतिबाट रकम लेनदन भई कारोबार नै फरफारक भइसकेको अवस्थामा उक्त लिखत अब करकापबाट भएको भन्ने जिकिर पुग्न सक्ने देखिँदैन । प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीले बाँकी २ वटा कागजमा पनि कपटपूर्ण कागज गरी लेनदेनको लिखत बनाई थप बिगोमा दाबी गर्ने अवस्था विद्यमान छ, रकम लेनदेन नै छैन भन्नेबारे सम्पत्तिको स्रोत खुलाउन लगाउनुपर्छ भन्ने जिकिर लिएको हकमा ती अन्य लिखतबारे हाल कुनै विवाद उठेको वा त्यस्तो कुनै कारोबार भएको भनी प्रतिवादीले आफ्नो प्रतिउत्तर वा सुनुवाइको अवस्थामा समेत उल्लेख गरेको नदेखिँदा पछि प्रस्तुत मुद्दाको रूप हेरी कुनै मुद्दा दर्ता भएको रहेछ भने सोही मुद्दामा विचार गरिने नै हुँदा त्यसतर्फ हाल केही बोलिरहनु नपर्ने ।

तसर्थ, उल्लिखित आधार र कारणबाट वादी दाबी पुग्न नसक्ने ठहऱ्याई ललितपुर जिल्ला अदालतबाट मिति २०७१।१।२२ गते भएको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७१।११।४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सीता अधिकारी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल फागुन १ गते रोज ५ शुभम् ।

३

मा.न्या.श्री अनिल कुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७३-CI-०४३२, लेनदेन, लक्ष्मी कपाली वि. सूर्य विलास देवकोटा*

यिनै वादी प्रतिवादी भई दायर भएको करकाप मुद्दा फैसला हुँदा वादी दाबी पुग्न नसक्ने ठहरी फैसला भएकोले यी पक्षहरूबिच भएको तमसुकको लेनदेन करकापबाट भएको अवस्था नदेखिँदा कपाली तमसुकमा उल्लिखित रकम रू.४८,००,०००।- (अठचालिस लाख) र कानूनतः ब्याज वादीले प्रतिवादीबाट भराई लिन पाउने भनी सुरू ललितपुर जिल्ला अदालतबाट भएको फैसलाउपर पुनरावेदक प्रतिवादीको तत्कालीन पुनरावेदन अदालत पाटनमा पुनरावेदन परेकोमा उक्त अदालतबाट सुरू ललितपुर जिल्ला अदालतको फैसलालाई नै सदर गरेको देखिने ।

पक्षहरूबिच भएको मिति २०६४।०७।२९ को सक्कल लिखतमा उल्लिखित साँवा रू.४८,००,०००।- र कानूनतः ब्याज वादीले प्रतिवादीबाट भराई पाउने ठहऱ्याई भएको ललितपुर जिल्ला अदालतको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसलाउपर पुनरावेदक प्रतिवादीको तर्फबाट यस अदालतमा मुद्दा दोहऱ्याई हेरिपाउँको निवेदन परी मिति २०७३।४।३१ मा अनुमति भएको देखिने ।

सुरू ललितपुर जिल्ला अदालतको मिति २०७१।०१।२२ र पुनरावेदन अदालत पाटनको

मिति २०७१।११।०४ गतेको फैसलाबमोजिमको बिगो भराइपाउँ भनी वादीले फैसला कार्यान्वयनको लागि सुरू ललितपुर जिल्ला अदालतमा मिति २०७३।०३।३० मा निवेदन दिएको देखिन्छ । उक्त निवेदनउपर कारबाही हुँदा प्रतिवादीबाट वादीले भराई लिन पाउने ठहरेको बिगोमध्ये रू.४०,००,०००।– मात्र प्रतिवादीले दिन सक्ने भनी भनेको र प्रतिवादीको उक्त भनाइअनुसारको रकम बुझी लिन वादी मन्जुर भएको देखिन्छ। साथै वादीले उक्त मुद्दामा भएको सम्पूर्ण वादी दाबी छाडी प्रतिवादीबाट रू.४०,००,०००।– मात्र बुझिलिएँ, अब उप्रान्त उक्त मुद्दाबाट कुनै रकम दाबी नगर्ने हुँदा उक्त मुद्दा उक्त रकमको लाग्ने दशौंद दस्तुर लिई उक्त मुद्दामा प्रतिवादीको रोक्का रहेको जग्गाको रोक्कासमेत फुकुवा गरी प्रस्तुत मुद्दा तामेलीमा राखिपाउँ भनी वादीको निवेदन परेको देखिन्छ । ललितपुर जिल्ला अदालतबाट मिति २०७३।०३।३१ मा उपर्युक्त विषयमा वादी सूर्य विलास देवकोटा र प्रतिवादी लक्ष्मी कपाली भएको बिगो मुद्दामा वादीले प्रतिवादीबाट पाउनुपर्ने रकम घरसारमै बुझिलिएको हुँदा प्रस्तुत पत्र लेख्ने काम भएको छ, प्रस्तुत मुद्दामा ललितपुर जिल्ला अदालतको च.नं. ३१३२ मिति २०७०।९।५ र च.नं. ११५४८ मिति २०७३।०१।२९ को पत्रले रोक्का रहेको जग्गा अन्य मुद्दा वा कारणबाट रोक्का राख्नु नपर्ने भए फुकुवा गरिदिनु भनी आदेश भएको पाइन्छ। त्यस्तै ललितपुर जिल्ला अदालतबाट मिति २०७३।०३।३१ मा भएको तामेली आदेश पर्चामा वादीले प्रतिवादीबाट पाउनुपर्ने रकममध्ये रू.४०,००,०००।- वादीले प्रतिवादीबाट घरसारमै बुझिलिएको र अब उप्रान्त यस मुद्दाबाट कुनै किसिमको दाबी गर्ने छैन भनी वादीले निवेदन दिई सनाखतसमेत गरी लाग्ने अढाई दस्तुर रू.१,००,०००।- दाखिला गरी रोक्का रहेको जग्गासमेत फुकुवा गरिसकेको मिसिलबाट देखिँदा प्रस्तुत मुद्दा तामेलीमा राखी दिएको छ, दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनु भनी ललितपुर जिल्ला अदालतको तहसिलदारबाट तामेली आदेश भएको देखिने।

प्रत्यर्थी वादीको यस अदालतमा परेको सबुत प्रमाणसहित उपस्थित भएकोबारे भन्ने निवेदनमा प्रस्तुत मुद्दा जिल्ला अदालत ललितपुरबाट फैसला भई सोउपर पुनरावेदन गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट फैसला भई तत्पश्चात् फैसला कार्यान्वयनका लागि ललितपुर जिल्ला अदालतमा निवेदन दिएकोमा मैले फैसलाबमोजिमको पाउनुपर्ने रकम विपक्षी लक्ष्मी कपालीले घरसारमा नै बुझाउन ल्याउनु भएकोमा मैले घरसारमा नै बुझी अदालतमा गई वादी दाबी छोडी मुद्दा फिर्ता लिई मिलापत्र भइसकेको अवस्था रहेको बेहोरा खुलेबाट प्रतिवादीले आफूले केही रकम दिएको र वादीले सो रकम बुझिलिई आफ्नो बाँकी दाबी छाडेको अवस्थामा प्रस्तुत मुद्दाको औचित्य नै समाप्त भइसकेको देखिन्छ । प्रस्तुत मुद्दामा मिलापत्र भई औचित्य नै समाप्त भई लगत नै कट्टा भएको जानकारी गराउँदै सो कुराको प्रमाण यसै निवेदनसाथ पेस गरेको छु भनी वादीले निवेदन दिएको मिसिल संलग्न प्रमाणबाट देखिएको सम्बन्धमा प्रतिवादीले अन्यथा भन्न सकेको छैन । यसरी यी वादी प्रतिवादीका बिच सुरू अदालतहरूको फैसलाबमोजिम पाउने रकममा पक्षहरूबिच सहमति भई पाउने रकममा पक्षहरूबिच सहमति भई रू.४०,००,०००।- रकम लिनुदिनु गरी घरसारमा मिलापत्र भइसकेको र सुरू अदालतमा मुद्दा तामेलीमा राखिसकेको अवस्था हुँदा प्रस्तुत मुद्दा निष्प्रयोजित भइसकेको देखिने।

अतः विवेचित आधार र कारणहरूबाट पक्षहरूबिच भएको मिति २०६४।०७।२९ को सक्कल लिखतमा उल्लिखित सावाँ रू.४८,००,०००।– र कानूनतः ब्याज वादीले प्रतिवादीबाट भराई पाउने ठहऱ्याई भएको ललितपुर जिल्ला अदालतको मिति २०७१।०१।२२ को फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७१।११।०४

को फैसला पक्षहरूको सहमतिबमोजिम कार्यान्वयन नै भइसकेको अवस्थामा प्रतिवादीको जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः सीता अधिकारी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल फागुन १ गते रोज ५ शुभम्।

४

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री सुष्मालता माथेमा, *०७६-WH-०४०७, बन्दीप्रत्यक्षीकरण, मणीकुमार राई वि. जिल्ला प्रहरी कार्यालय, उदयपुरसमेत*

कुनै पनि व्यक्तिलाई जेसुकै कारण भए पनि आगजनी गर्ने, कसैको पनि जिउ ज्यानमा प्रतिकूल प्रभाव पार्ने, सर्वसाधारण प्राकृतिक व्यक्ति वा कानूनी व्यक्तिको सम्पत्ति नोक्सान गर्ने अधिकार हुँदैन । जुनसुकै राजनीतिक आस्था भए पनि अपराध गर्नेले कसुरको मात्राअनुसार सजायको भागी हुनै पर्ने।

यी निवेदक पहिलोपटक मिति २०७५।१।४ मा जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुबाट आगजनी मुद्दामा पक्राउ गरी ६ महिना कैद सजाय भएको देखिन्छ । उक्त सजायउपर यी बन्दीले पुनरावेदन गरेको मिसिल संलग्न कागजातहरूबाट नदेखिएकोले निजले सो अपराध गरेकोमा भएको सजायमा चित्त बुझाई बसेको देखिन्छ। उक्त घटनाबापत यी बन्दीलाई भएको उक्त कैद भुक्तान गरेपछि थुनामुक्त हुनुपर्ने हो, तर पुनः जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बुमा अभद्र व्यवहार कसुरमा मुद्दा चलाएकोले उक्त मुद्दामा थुनछेकको क्रममा माग भएको धरौटी रकम बुझाइसकेपछि पनि थुनामुक्त गर्नुपर्नेमा थुनामुक्त नगरी अभद्र व्यवहारकै अर्को मुद्दा जिल्ला प्रशासन कार्यालय, उदयपुरमा चलाइएको पाइयो। यसरी यी बन्दीले गरेको कसुरबापत कानूनबमोजिम कैद अवधि पूरा गरी सकेर तथा माग गरेको धरौटीसमेत बुझाएर थुनामुक्त भए पनि पुनः विभिन्न अर्को स्थानबाट पक्राउ गरी जिल्ला प्रहरी कार्यालय, उदयपुरमा थुनामा राखिएको मिसिल संलग्न कागजातहरूबाट देखिन आयो । यसबाट यी बन्दी मणीकुमार राईलाई प्रवृत्त भावना राखी पटकपटक विभिन्न मुद्दामा पक्राउ गरी गैरकानूनी तवरबाट थुनामा राखिएको देखिन आएकोले र निजलाई लगाइएको आरोपहरूका सम्बन्धमा तत् तत् मिसिल संलग्न प्रमाणका आधारमा कारबाही हुन सक्ने नै हुँदा हाललाई निज मणीकुमार राईलाई थुनामुक्त गर्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

अतः वस्तुनिष्ठ आधार र कारणविना निवेदकलाई पक्राउ गर्ने र अनुसन्धानको क्रममा भनी थुनामा राख्ने कार्य मुलुकी फौज्दारी कार्यविधि संहिता, २०७४ को दफा ९ विपरीत तथा निश्चित राजनीतिक आस्था भएको कारणले मात्र प्रवृत्त भावनाबाट कानूनको उचित कार्यविधिको पालना नगरी पटकपटक म्याद थप गरी हिरासतमा राखिरहेको कार्य न्यायिक दृष्टिकोणबाट समेत औचित्यपूर्ण नदेखिएकोले रिट निवेदक मणीकुमार राईको निवेदन मागबमोजिम निजलाई सर्वोच्च अदालत नियमावली, २०७४ नियम ३७(क) बमोजिम उदयपुर जिल्ला अदालतका स्रेस्तेदारको रोहबरमा थुनामुक्त गर्नु भनी प्रत्यर्थीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: दिपेन्द्रनाथ योगी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७७ साल असार ३१ गते रोज ४ शुभम्।

इजलास नं.१०

१

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, *०७५-CR-०६३८, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. दयाराम पुडासैनी*

प्रतिवादी दयाराम पुडासैनीले म

जाहेरवालालाई वैदेशिक रोजगारमा मकाउ मुलुक पठाइदिन्छु भनी रू.४,००,०००। र राहदानी बुझी लिई रोजगारमा पठाउने कुनै काम नगरेको हुँदा आवश्यक कारबाही गरी बिगो र हर्जाना दिलाई भराइपाउँ भन्नेसमेत बेहोराको अमृत रंजितकारको जाहेरी दरखास्तका आधारमा मुद्दाको उठान भई अनुसन्धान भएको प्रस्तुत मुद्दामा जाहेरवालालाई विदेश पठाइदिन्छु भनी रकम लिएको नभई लेनदेन कारोबारमा लिएको र समयमा नै रकम बुझाउन नसकेको हुँदा वैदेशिक रोजगारको कागज गरिदिएकोमा लिएको रकम सबै फिर्ता गरिसकेको छु भनी अनुसन्धानका क्रममा र मैले बसन्त भुषालबाट रू.४,००,०००।– बैंकको ब्याज तिर्नको लागि मेरो बा.५ च १३३९ नं. को गाडी बन्धकी राखेर रकम लिएको हो। सोही समयमा मलाई झुक्याई वैदेशिक रोजगारको लिखत कागज अमृत रंजितकारको नाममा गराएको रहेछ। मैले अमृत रंजितकार भन्ने व्यक्तिलाई चिनेको पनि छैन। अन्दाजी २ वर्षअगाडि उक्त रकम मैले बसन्त भुषालबाट लिएको हो। रकम लिएको २ महिनापछि मैले निजको रकम फिर्ता गरिसकेको छु भनी कसुरमा इन्कार रही वैदेशिक रोजगार न्यायाधिकरणमा प्रतिवादीले बयान गरेको।

जाहेरवाला अमृत रंजितकारले वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंमा आई बकपत्र गर्दा मैले बसन्त भुषालसँग लिनुपर्ने चार लाख रूपैयाँको लेनदेन कारोबारलाई बसन्त भुषालले यी प्रतिवादी दयाराम पुडासैनीको नाममा कागज गरिदिएको हो। रकम छिटो उठाउन र नफसोस भनेर वैदेशिक रोजगारको कागज बनाएको थाहा भयो। यी प्रतिवादी दयारामले मलाई वैदेशिक रोजगारमा पठाउन भनी भनेका होइनन्। बसन्त भुषालसँगको लेनदेन कारोबार सकिएकाले यी प्रतिवादीउपरको अभियोग दाबीबमोजिमको रकम मैले लिनुपर्ने छैन भनी आफ्नो जाहेरी बेहोराको प्रतिकूल हुने गरी बेहोरा लेखाएको पाइन्छ भने प्रतिवादीका साक्षी दिलिप श्रेष्ठले प्रतिवादी दयारामले वैदेशिक रोजगारसम्बन्धी कुनै कसुर नगरेकाले निजले सफाइ पाउनुपर्छ भनी प्रतिवादीको इन्कारी बयानलाई समर्थन गरी बकपत्र गरेको पाइन्छ। फेरि मिसिल संलग्न मिति २०७३।११।१० मा सनाखत निवेदन दिई जाहेरवालाले आफ्नो बिगो र हर्जाना रकम फिर्ता पाइसकेको देखिएकाले बिगोको हकमा वादीले अभियोग माग दाबीसमेत लिएको नदेखिने।

प्रतिवादीको इन्कारी बयानलाई प्रतिवादीका साक्षी एवम् स्वयं जाहेरवालाले गरेको बकपत्रसमेतबाट पुष्टि गरेको र जाहेरी बेहोराको प्रतिकूल हुने गरी जाहेरवालाले बकपत्र गरेको अवस्थामा जाहेरवालाले लिखतबमोजिम प्रतिवादीले रकम लिएको हो भनेको लिखतलाई मात्र प्रमाणमा लिई प्रतिवादीलाई आरोपित कसुरमा सजाय गर्न न्यायोचित नहुने।

वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७४।९।३० मा प्रतिवादी दयाराम पुडासैनीलाई अभियोग मागदाबीबाट सफाइ पाउने ठहऱ्याई भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृतः केदारप्रसाद गौतम

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७७ साल जेष्ठ १६ गते रोज ६ शुभम्।

२

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, *०७५-CR-१०११, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. जहानसिंह कार्कीसमेत*

पुनरावेदन पत्रमा प्रत्यर्थी बनाइएका प्रतिवादी जहान सिंह कार्कीलाई अभियोग मागदाबीबमोजिम सजाय भएको र जाहेरवालाको बिगो हर्जाना निजबाट भरिपाउने ठहरेकाले निजको हकमा कुनै जिकिर लिइएको छैन भनी पुनरावेदन पत्रमा उल्लेख भएको र निज प्रतिवादी जहान सिंह कार्कीलाई अभियोग मागदाबीबमोजिम सजाय भई जाहेरवालाको बिगो हर्जाना निजबाट भरिपाउने ठहरेउपर निज प्रतिवादी

जहान सिंह कार्कीको तर्फबाट पुनरावेदन परेको नदेखिँदा निजलाई भएको सजायका सम्बन्धमा विवेचना गरिरहन नपर्ने ।

प्रतिवादी जहान सिंह कार्कीले म जाहेरवाला तुलकुमारी सापकोटालाई वैदेशिक रोजगारको लागि क्यानडा मुलुक पठाइदिन्छु भनी रू.१८,००,०००।– रकम बुझिलिई सम्झौताबमोजिमको रोजगारमा पठाउने कुनै काम नगरेको हुँदा निज प्रतिवादीलाई पक्राउ गरी लिए खाएको बिगो रकम र सो रकमको ५०% ले हुन आउने हर्जाना रकमसमेत दिलाई भराइपाउँ भन्नेसमेत बेहोराको तुलकुमारी सापकोटाले दिएको जाहेरी दरखास्तका आधारमा मुद्दाको उठान भई अनुसन्धान भएको प्रस्तुत मुद्दामा जाहेरवालीको जाहेरीमा प्रतिवादी प्रज्ञा जोशीलाई अपराध गर्ने व्यक्तिको सूचीमा राखेको पाइँदैन भने जाहेरी बेहोरामा प्रज्ञा जोशीले प्रतिवादी जहान सिंह कार्कीलाई भेट गराइदिएका र निज जहान सिंह कार्कीले विदेश पठाउने भनी रकम बुझी कागज गरिदिएको भन्ने बेहोरा उल्लेख भएकोमा अनुसन्धानका क्रममा जाहेरवालाले कागज गर्दा प्रतिवादी प्रज्ञा जोशी र जहान सिंह कार्की मिलेमतोमा संयुक्त रूपमा रकम लिई जहान सिंह कार्कीले कागज गरिदिएको हो भनी बेहोरा लेखाई दिएको पाइन्छ । जाहेरवालाले न्यायाधिकरणमा आई बकपत्र गर्दा पनि सोही बेहोरा समर्थित बेहोरा लेखाएको ।

प्रतिवादी जहान सिंह कार्कीले अनुसन्धानका क्रममा बयान गर्दा जाहेरवालीसँग प्रतिवादी प्रज्ञा जोशीले रकम लिएको हो भनी प्रज्ञा जोशीलाई पोल गरी बेहोरा लेखाएकोमा वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष बयान गर्दा निजलाई पोल गर्न सकेको पाइँदैन । वैदेशिक रोजगार न्यायाधिकरणमा निवेदनसाथ हाजिर हुने प्रतिवादी प्रज्ञा जोशीले बयान गर्दा कसुरमा पूर्ण रूपमा इन्कार रही बयान गरेको पाइन्छ भने निज प्रतिवादीको इन्कारी बयानलाई समर्थन हुने गरी निजका साक्षी शोभा गुरूङले वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष उपस्थित भई बकपत्र गर्दा प्रतिवादी प्रज्ञा जोशीले वैदेशिक रोजगारमा पठाउन भनी कोही कसैसँग रकम लिएको र कोही कसैलाई बाहिरी मुलुक पठाएकोसमेत थाहा छैन, निजले कोही कसैबाट रकम लिए खाएको नहुँदा प्रतिवादी प्रज्ञा जोशीले अभियोग दाबीबाट सफाइ पाउनुपर्ने हो भन्नेसमेत बेहोरा लेखाएको ।

जाहरेवालीले जाहेरीसाथ पेस गरेको सक्कल लिखत हेर्दा तुलकुमारी सापकोटालाई वैदेशिक रोजगारका लागि क्यानडा पठाइदिन्छु भनी जहान सिंह कार्कीले नगद रू.१८,००,०००।- (अठार लाख रुपैयाँ) बुझिलिएको ठिक साँचो हो भन्नेसमेत बेहोरा उल्लेख भई जहान सिंह कार्कीले सहीछाप गरेको ।

यसरी प्रतिवादी प्रज्ञा जोशीउपर किटानी जाहेरी नपरेको, रकम लिनु दिनु गरेको कागजमा यी प्रतिवादीले रकम लिएको भन्ने बेहोरा नदेखिएको र वैदेशिक रोजगार न्यायाधिकरणमा गरेको प्रतिवादी प्रज्ञा जोशीको इन्कारी बयानलाई निजका साक्षीले बकपत्रसमेतबाट पुष्टि गरेको अवस्थामा जाहेरवालाले पछि कागज गर्दा र प्रतिवादी जहान सिंह कार्कीले अनुसन्धानको क्रममा गरेको बयानमा पोल गरेको आधारमा मात्र यी प्रतिवादी प्रज्ञा जोशीलाई समेत आरोपित कसुरका कसुरदार कायम गर्न मिल्ने अवस्था नहुँदा यी प्रतिवादीले अभियोग दाबीवाट सफाइ पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलालाई अन्यथा मान्न मिल्ने अवस्था नभएको ।

वैदेशिक रोजगार न्यायाधिकरणबाट प्रतिवादी प्रज्ञा जोशीलाई अभियोग दाबीबाट सफाइ दिने गरी मिति २०७४।१०।१५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्ने ।

इजलास अधिकृतः केदारप्रसाद गौतम

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७७ साल ज्येष्ठ १६ गते रोज ४ शुभम् ।

३

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०६८-WO-०८२७, उत्प्रेषण, अधिवक्ता सन्तोष बस्नेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

निवेदकले पश्चिम सेती जलविद्युत् आयोजना निर्माणका लागि विनाप्रतिस्पर्धा उक्त कम्पनीलाई दिएको सम्झौताबाट ७४० मेगावाट विद्युत् चीनको सरकारी कम्पनीको कब्जामा पुगेको छ। उक्त सम्झौता प्राकृतिक स्रोतको बाँडफाँटसँग सम्बन्धित भएकाले संसद्बाट अनुमोदनसमेत गराउनुपर्नेमा सो प्रक्रिया पूरा नगरी भएको गैरसंवैधानिक कार्यबाट आम नागरिकको हकमा प्रतिकूल असर पर्न जाने हुँदा सार्वजनिक सरोकारको आधार लिई प्रस्तुत निवेदन दायर गरेको देखिन्छ । पश्चिम सेती जलविद्युत् आयोजना निर्माणका लागि भएको सो सम्झौताबाट आम सर्वसाधारण जनतामा प्रतिकूल असर पर्छ वा पर्दैन भन्ने तथ्यको आधारमा नै निवेदकलाई प्रस्तुत विषयमा निवेदन दिने हकदैया छ वा छैन भन्ने प्रश्नको निष्कर्षमा पुग्नुपर्ने हुन्छ । पश्चिम सेती नदीमा जलाशययुक्त बाँध निर्माण गरी सो नदीबाट ७४० मेगावाट विद्युत् उत्पादन हुन सक्ने हुँदा सो आयोजनालाई नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजना भनी सो सूचीमा राखेको तथ्यमा विवाद देखिँदैन। नेपाल जलस्रोतमा विश्वकै धनी देशको अग्र सूचीमा रहे तापनि लगानी अभावलगायतका विभिन्न कारणले राष्ट्रिय गौरवका ठूला विद्युत् आयोजनाहरू निर्माण हुन नसक्दा मुलुकको आर्थिक विकासमा अवरोध हुनुका साथै नागरिकहरू विद्युत् उपभोग गर्न पाउने अधिकारबाट वञ्चित हुनुपरेको तितो यथार्थता हामी सामु विद्यमान रहेको छ । नेपालको भविष्य जलविद्युत्को विकाससँग गाँसिएको वास्तविक यथार्थतालाई सबैले महसुस गरी सो क्षेत्रमा पर्याप्त मात्रामा लगानी गरी विद्युत् उत्पादनमा वृद्धि ल्याउन सकेको खण्डमा मात्र संविधानले परिकल्पना गरेको देशको विकास र संवृद्धिको आकांक्षा पूरा गर्न सकिने तथ्यलाई कसैले पनि नकार्न सक्दैन । जलस्रोतको क्षेत्रमा पर्याप्त लगानी हुन नसक्दा अपार जलस्रोत त्यत्तिकै खेर गइरहेको अवस्था छ। हालसम्म कुलेखानी जलविद्युत् आयोजना मात्र जलाशययुक्त आयोजना भएकाले पश्चिम सेती नदीमा जलाशययुक्त आयोजना निर्माण गर्न सकेमा सुख्खा मौसममा हुने बढ्दो बिजुलीको माग व्यवस्थापन गरी आर्थिक गतिविधि सञ्चालन गर्नमा समेत सहयोग पुग्ने देखिन्छ। प्रस्तुत आयोजना सञ्चालन भएमा बैतडी, बझाङ, डडेल्धुरा र डोटी जिल्लाका करिब २५०० घरधुरीका जनता विस्थापित हुन सक्ने भनी यस आयोजना सम्बन्धमा गरिएका विभिन्न अध्ययनबाट निष्कर्ष निकालिएको र उक्त आयोजना निर्माण भएको खण्डमा त्यस क्षेत्रका ठूलो जनसमुदाय प्रभावित हुने देखिन आउने।

निवेदकले प्रस्तुत निवेदनमा उर्जा मन्त्रालय र चाइना थ्री गोर्जेज इन्टरनेसनल कर्पोरेसनबिच पश्चिम सेती जलविद्युत् आयोजना निर्माणका लागि भएको समझदारीपत्रले सो आयोजनाबाट उत्पादन हुने विद्युत् चीनको सरकारी कम्पनीको कब्जामा गई आम नेपालीको हितमा प्रत्यक्ष असर पर्ने हुँदा प्रस्तुत विवादलाई सार्वजनिक सरोकारको रूपमा लिई नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) अनुसार उपचारको लागि अदालत प्रवेश गरेको देखिन्छ । निवेदक कानून व्यवसायी रहेको र यस्ता विषयमा निजले यस अदालतमा अरू पनि सार्वजनिक सरोकारका विषय उठाउँदै आएको पाइएको तथा ७४० मेगावाट बिजुली उत्पादन गर्ने पश्चिम सेती आयोजनालाई बिना प्रतिस्पर्धा कुनै एउटा कम्पनीलाई दिँदा विद्यमान कानूनी प्रक्रिया पूरा नगरिएको भन्ने विषय आम नेपालीको सरोकार र सार्थक सम्बन्ध रहने विषय देखिएको हुँदा निवेदकलाई ऊर्जा मन्त्रालय र चाइना थ्री गोर्जेज इन्टरनेसनल कर्पोरेसनबिच भएको सम्झौताको विषयलाई सार्वजनिक सरोकारको विवाद

लिई अदालत प्रवेश गर्ने हकदैया भएको तथ्य पुष्टि हुन आएकाले यस विषयमा धेरै विश्लेषण गरिरहनु नपर्ने ।

विपक्षीहरूले पेस गरेको लिखित जवाफमा ऊर्जा मन्त्रालय र चाइना थ्री गोर्जेज इन्टरनेसनल कर्पोरेसनबिच पश्चिम सेती जलविद्युत् आयोजना निर्माणका लागि सम्झौता भएको तथ्यलाई स्वीकारै गरेको देखिन्छ । सो कम्पनी चीनको सरकारी कम्पनी भए तापनि व्यापारिक प्रयोजनको लागि काम गर्ने प्रकृतिको ठेकेदार कम्पनी भएको तथ्यमा पनि विवाद देखिएन । पश्चिम सेती आयोजना आफैँमा ठूलो आयोजना भएको कारण उक्त आयोजना निर्माण गर्नको लागि आवश्यक पर्ने सम्पूर्ण रकम नेपाल सरकार आफैँले जुटाउन नसकेकाले सो आयोजनाका लागि उक्त कम्पनीसँग प्रारम्भिक सम्झौता भएको देखियो । उक्त कम्पनीले नेपालको पश्चिम सेती नदीमा जलविद्युत् आयोजना सञ्चालन गरी ७४० मेगावाट विद्युत् उत्पादन गरी निश्चित समयपछि सो विद्युत् परियोजना नेपाल सरकारलाई नै हस्तान्तरण गर्नुपर्ने अवस्थाको देखिन्छ । यस सम्झौतामा प्राकृतिक स्रोतको बाँडफाँटभन्दा पनि व्यापारिक प्रयोजनका हिसाबले सो कम्पनीले लगानी गरी विद्युत् उत्पादन भएपछि आफ्नो लगानी उठाई नाफा आर्जन गरी वा त्यसको बाँडफाँट गरी निश्चित समयपछि सो आयोजना नेपाल सरकारकै नाममा हस्तान्तरण हुने सन्दर्भअन्तर्गत वैदेशिक लगानीसँग सम्बन्धित देखियो । त्यसैगरी लगानी बोर्डको लिखित जवाफमा ऊर्जा मन्त्रालय र चाइना थ्री गोर्जेज इन्टरनेसनल कर्पोरेसनबिच २९ फेब्रुवरी २०१२ मा पश्चिम सेती जलविद्युत् परियोजना निर्माण गर्ने भएको समझदारीपत्र हालसम्म खारेज नै भएको अवस्था नभए तापनि उक्त कम्पनीले हाल सो परियोजना निर्माण गर्न अनिच्छा देखाएकाले सो परियोजनाको विकास एवं निर्माणको कार्य तत्काल अगाडि बढाउन परियोजनाको विकास ढाँचा (Development Modality) तय गरी लगानी बोर्डको बैठकमा पेस गर्न लगानी बोर्डबाट समिति गठन गर्ने निर्णय भई समितिले प्राविधिक विषयहरूको अध्ययन गरिरहेको भनी उल्लेख भएको पाइन्छ । उक्त चाइना थ्री गोर्जेज इन्टरनेसनल कर्पोरेसनले सो परियोजना निर्माण गर्न असमर्थता देखाएको, उक्त परियोजनाको विकास ढाँचा (Development Modality) तय गर्न उच्चस्तरीय समिति गठन भएको र सोपश्चात् थप प्रक्रिया अगाडि बढाउने भन्ने उल्लेख भएको देखिँदा मूलतः निवेदकले चुनौती दिएको भनिएको मिति २९ फेब्रुवरी २०१२ को सम्झौता स्वतः निस्क्रिय भएको मान्नुपर्ने अवस्था देखिन आयो । जहाँसम्म निवेदक स्वयंले मिति २०७६।९।१७ मा चाइना थ्री गोर्जेज इन्टरनेसनल कर्पोरेसनलाई विपक्षी खण्डबाट हटाइपाउँ भनी निवेदन दिई मिसिल संलग्न देखिएबाट रिट निवेदनको सान्दर्भिकता र औचित्य समाप्त भई निवेदन नै प्रयोजनहीन भइसकेको ।

पश्चिम सेती नदीमा विद्युत् उत्पादनका लागि उर्जा मन्त्रालय र चाइना थ्री गोर्जेज इन्टरनेसनल कर्पोरेसनबिच भएको सम्झौता उल्लेख गरेबमोजिम निष्क्रिय र प्रयोजनहीन भइसकेको अवस्थामा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२६ आकर्षित हुने नहुने सम्बन्धमा केही बोलिरहनु परेन । निवेदन दाबीको औचित्य समाप्त भई निष्प्रयोजन भएको रिटमा मागबमोजिम आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

निवेदनमा निवेदकले उठाएको एउटा विषय महत्त्वपूर्ण देखिन्छ । ऊर्जा मन्त्रालय र चाइना थ्री गोर्जेज इन्टरनेसनल कर्पोरेसनबिच पश्चिम सेती जलविद्युत् परियोजना निर्माण गर्ने मिति २९ फेब्रुवरी २०१२ (२०६८।११।१७) मा सम्झौता भएको देखिन्छ भने सो मितिभन्दा अगावै लगानी बोर्ड ऐन, २०६८ मिति २०६८।५।२३ बाट कार्यान्वयनमा आएको देखिन्छ । उक्त ऐनको दफा ९(झ) मा ५०० मेगावाट

वा सोभन्दा बढी क्षमताको जलविद्युत् परियोजनामा हुने लगानी, लगानी बोर्डअन्तर्गत कार्यान्वयन हुने भनी उल्लेख भएको पाइन्छ भने प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ को दफा ३ मा प्रतिस्पर्धा विरूद्धको सम्झौता गर्न नहुने व्यवस्था गरेको पाइन्छ । वार्ताद्वारा कुनै विशिष्ट अवस्थामा निश्चित प्रक्रिया पूरा गरी परियोजनामा लगानी गर्न अनुमति दिने व्यवस्था लगानी बोर्ड ऐन, २०६८ को दफा १६ मा उल्लेख भएको पाइन्छ। यसै सम्बन्धमा व्यवस्थापिका संसद्को प्राकृतिक स्रोत तथा साधन समितिबाट पनि नेपाल सरकारलाई मिति २०६८।१२।१९ मा यस सम्बन्धमा उपसमितिले दिएको प्रतिवेदनपश्चात् उक्त समझदारीपत्रलाई लगानी बोर्डको क्षेत्राधिकारभित्र ल्याई थप वार्तालगायतका प्रक्रिया लगानी बोर्डले अगाडि बढाउने, आयोजनालाई बहुउद्देश्यीय बनाउन प्रयास गर्ने, नेपाल र नेपालीको हित अभिवृद्धि हुने गरी समझदारीपत्रलाई परिमार्जन गर्ने, आगामी दिनमा १० मेगावाटभन्दा माथिका सबै जलविद्युत् आयोजना छनौट गर्दा अनिवार्य रूपमा प्रतिष्पर्धाको माध्यमलाई अवलम्बन गर्ने गरी कानूनी व्यवस्था गर्ने र अख्तियारी बिना, आवश्यक कानूनी प्रक्रिया नपुऱ्याई विदेशी लगानी आवश्यक पर्ने ठाउँमा अर्थ मन्त्रालयको स्वीकृति पनि नलिई समझदारीपत्रमा हस्ताक्षर गर्ने प्रवृत्तिलाई अन्त्य गरी यसमा संलग्न दोषी देखिएका अधिकारीहरूलाई कानूनी कारबाहीको दायरामा ल्याउन निर्देशन दिएको पाइन्छ । तसर्थ, कुनै पनि विद्युत् परियोजना कुनै कम्पनी तथा कानूनले तोकेको निकायलाई दिँदा विद्युत् ऐन, २०४९ को दफा १२ र ३५, लगानी बोर्ड ऐन, २०६८ को दफा ९(झ) र १०, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा ४ का साथै सार्वजनिक खरिद ऐन, २०६३ र प्रतिस्पर्धा प्रबर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ ले तोकेको कार्यविधि, प्रक्रिया र मापदण्डको पनि पालना गरी खुल्ला प्रतिस्पर्धाबाट विद्युत् आयोजना सञ्चालन गर्ने अनुमति प्रदान गर्नु भनी नेपाल सरकार ऊर्जा मन्त्रालय तथा लगानी बोर्डका नाममा यो निर्देशनात्मक आदेश जारी गरिएको ।

इजलास अधिकृतः मुना अधिकारी ढकाल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७६ साल पौष ११ गते रोज ६ शुभम् ।

४

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री हरिप्रसाद फुयाल, ०७४-CR-००५२, कर्तव्य ज्यान, रूद्रबहादुर गुरूङ र नेपाल सरकार

प्रतिवादीको मृतकको ज्यान लिने इविलाग वा मनसाय नभए पनि प्रतिवादीकै भनाइमा मृतकको शरीरमा पटकपटक दाउराले प्रहार गर्दा मानिस नमर्ला भनी भन्न मिल्ने देखिँदैन । प्रतिवादीले गरेको कामबाट कुनै दुष्परिणाम आउन सक्ने अवस्था तथा सम्भावना देखिएको, त्यस्तो दुष्परिणामको पूर्वज्ञानसमेत भएको, निजले मृतकलाई प्रहार गर्दा पर्याप्त सावधानी अपनाइएको पनि नदेखिएको, निजले अन्य काम गर्दा मृतकलाई लागेको भन्नेसमेत नदेखिएको अवस्था हुँदा प्रतिवादीले जिकिर लिएबमोजिम मृतकको मृत्यु तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. बमोजिम भवितव्यबाट भएको भनी मान्न नमिल्ने ।

प्रतिवादीले अदालतमा बयान गर्दा श्रीमतीले पहिला पनि बुद्धिरामसँग यौन सम्बन्ध राखेको र यसपटक पनि यौन सम्बन्ध राखेको थाहा पाएपछि मैले रिसले नजिकै रहेको दाउरा उठाई श्रीमतीको दुवै तिघ्रा र हातको नाडीमा हानेको हुँ । पछि रड निकाली हान्न खोज्दा गाउँका मानिस आई छुट्याएका हुन् । उसैसँग जा भनी धकेल्दा थप चोटपटक लागी सोही चोटपीडाको कारण निजको मृत्यु भएको हो भनी बेहोरा लेखाएको पाइन्छ । मृतक श्रीमतीलाई शरीरका विभिन्न भागमा प्रहार गरेर पनि पुन: धकेली लडाएको थप चोट

लागेको भन्ने देखाएको अवस्थामा यी प्रतिवादीको कर्तव्यबाट नै निजको श्रीमतीको मृत्यु भएको पुष्टि हुन आउँछ। यसरी यिनै प्रतिवादीको कर्तव्यबाट मृतकको मृत्य भएको पुष्टि भएको देखिँदा यी प्रतिवादीलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १ नं. अन्तर्गतको कसुरमा सोही महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहऱ्याई भएको सुरू फैसला तथा सोलाई सदर गरेको उच्च अदालतको फैसलालाई अन्यथा मान्न नमिल्ने।

वारदातमा प्रतिवादीले मृतकलाई मार्ने योजना, मनसाय र मार्नुपर्नेसम्मको कारण नदेखिएको र निज प्रतिवादी घरमा नभएको समयमा आफ्नो ५० वर्षकी श्रीमती परपुरूषसँग ढोका बन्द गरी अर्धनग्न भई बसेको अवस्थामा देखी तत्काल उठेको रिस थाम्न नसकी ५९ वर्षका यी प्रतिवादीले तत्काल उपलब्ध भएको चिरपट दाउराले प्रहार गर्दा श्रीमतीको मृत्यु भएको देखिएको हुँदा तथा निज प्रतिवादीले अधिकारप्राप्त अधिकारी तथा अदालतमा समेत वारदातको सम्बन्धमा साबिती रहेको र मिसिल संलग्न प्रमाणहरू हेर्दा त्यस्तो साबितीलाई अन्यथा भन्नुपर्ने अवस्थासमेत नदेखिँदा यस्तो अवस्थामा प्रतिवादीलाई ठहरेबमोजिम सजाय गर्दा चर्को पर्ने देखिएको र ५ वर्ष कैद गर्दा पनि ऐनको मक्सद पूरा हुने नै देखिँदा निज प्रतिवादीलाई १० वर्ष कैद गर्न सुरूबाट पेस भएको रायलाई उच्च अदालतबाट सदर भएको १० वर्ष कैदको सट्टा ५ वर्ष कैद गर्न मनासिब देखिँदा तत्कालीन मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. तथा हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क बमोजिम प्रतिवादीलाई ५ वर्ष कैद हुने ठहर्ने।

इजलास अधिकृतः केदारप्रसाद गौतम

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७७ साल असार ११ गते रोज ५ शुभम्।

इजलास नं.११

१

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री डम्बरबहादुर शाही, ०६७-WO-०१५५, उत्प्रेषण / परमादेश, अर्जुनकुमार खड्का वि. राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगञ्ज, काठमाडौंसमेत

निवेदकले आफूलाई सफाइको मौका नदिई सेवाबाट बर्खास्त गरेको जिकिरका सम्बन्धमा हेर्दा, निजलाई कार्यालयमा हाजिर हुन आउनेबारे मिति २०६०।६।१३ मा गोरखापत्रमा सूचना प्रकाशित हुँदासमेत कार्यालयमा गैरहाजिर रही भविष्यमा सरकारी नोकरीबाट अयोग्य ठहरिने गरी बरखास्त गरेकोमा सो निर्णयउपरको पुनरावेदनमा गृह मन्त्रीबाट समेत सदर भएको देखिन्छ। यी निवेदकले पालना गर्नुपर्ने पदीय दायित्वसमेत बेवास्ता गरी कार्यालयमा गैरहाजिर रही अनुशासनको पालना नगरी प्रहरी नियमावली, २०४९ को नियम ८८(ङ) र (झ) नं. विपरीतको कार्य निवेदकबाट भए गरेको नै देखियो। निवेदकले प्रहरी नायब निरीक्षकको जिम्मेवार पदमा रहेर कानूनको परिधिभन्दा बाहिर गई पदीय जिम्मेवारी र मर्यादाको ख्याल नगरी लामो अवधिसम्म आफूखुसी कार्यालयमा हाजिर नभई कानूनबमोजिमको हाजिर हुन पठाएको म्यादमा हाजिर हुन नआई अनुशासनविपरीत कार्य गरेकाले निवेदकलाई प्रहरी नियमावली, २०४९ को नियम ८९(२)(ग) बमोजिम मिति २०६०।६।२३ मा पर्चा खडा गरी ऐ. नियम ८८ (ङ) (झ) को कसुरमा ऐ. नियम ८४(ज) बमोजिम भविष्यमा सरकारी नोकरीबाट अयोग्य ठहरिने गरी नोकरीबाट हटाउने भनी प्रहरी महानिरीक्षकबाट मिति २०६०।६।२३ मा भएको निर्णयलाई नै सदर गर्ने गरी गृह मन्त्रीबाट मिति २०६७।२।१० मा भएको निर्णय अन्यथा नदेखिने।

रिट निवेदकले आफ्नो पदीय दायित्वको इमान्दारीका साथ पालना नगरी बिदा नलिई गैरहाजिर भई बसेको र गोरखापत्रमा सूचना प्रकाशन गर्दासमेत हाजिर नभएको अवस्थामा कानूनबमोजिम पर्चासमेत खडा गरी अनुशासनहीन कार्य गरेकोले भविष्यमा सरकारी नोकरीबाट अयोग्य ठहरिने गरी नोकरीबाट हटाउने भनी भएको निर्णय पुनरावेदनको रोहमा गृह मन्त्रीबाट निर्णय भई अन्तिम भएपश्चात् मात्र सुनुवाइको समेत मौका नदिई नोकरीबाट हटाइएको भनी यस अदालतमा रिट क्षेत्राधिकारबाट उपचारको माग गरेकोमा सुनुवाइको मौका दिई कानूनबमोजिमको उचित प्रक्रिया पूरा गरी नोकरीबाट हटाउने निर्णय गरेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः नारायण सापकोटा

कम्प्युटर: चन्द्रावती तिमल्सेना

इति संवत् २०७६ साल माघ १९ गते रोज १ शुभम्।

२

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, ०७२-WO-०६७६, उत्प्रेषण, भगवान थापा क्षेत्री वि. सशस्त्र प्रहरी बल, प्रधान कार्यालय, हलचोकसमेत

सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम १२० को खण्ड (ख) मा **"भागी पत्ता नलागेको वा अरू कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको सशस्त्र प्रहरी कर्मचारीलाई विभागीय सजाय गर्नुपर्दा विभागीय जाँचबुझ गराउनु नपर्ने"** भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको पाइन्छ। प्रस्तुत निवेदनमा रिट निवेदकले अनुपस्थित रहनुपर्नाको कुनै सूचना जानकारी कोही कसैलाई दिएको मिसिल संलग्न कागजबाट समेत देखिएन। सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २१ को खण्ड (ग) बमोजिमसमेत त्यस्तो अवस्थामा सफाइको मौका दिइरहनु नपर्ने स्पष्ट कानूनी व्यवस्था भएको हुँदा निवेदन जिकिरसँग सहमत हुन नसकिने।

सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ११३ को उपनियम (१) को खण्ड (ज) बमोजिम बिदा स्वीकृत नगराई १५ दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेको अवस्थामा कुनै सशस्त्र प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिने भन्ने कानूनी व्यवस्था रहेको, रिट निवेदकले जम्मा चार दिनको क्या.वि. बिदा स्वीकृत गरी सम्पर्कविहीन भएको, बिना कुनै सूचना १५ दिनभन्दा बढी समय सेवामा गैरहाजिर रहेको, कुनै पनि माध्यमबाट निजसँग सम्पर्क हुन नसकेको विवरण सशस्त्र प्रहरी बल प्रधान कार्यालयबाट प्राप्त मिसिलबाट देखिएको कारणबाट सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम १२० को खण्ड (ख) तथा सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २१ को खण्ड (ग) को कानूनी व्यवस्थाबमोजिम निज रिट निवेदकलाई भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी गरेको कार्यलाई कानूनविपरीत भएको कार्य भन्न मिल्ने नदेखिने।

प्रस्तुत मुद्दामा वैकल्पिक उपचारको बाटो रहेकोमा सो नगरी रिट क्षेत्राधिकार प्रयोग गरी आएको देखिन्छ। साथै माथि उल्लिखित आधार र विवेचनाबाट रिट निवेदक भगवान थापा क्षेत्रीलाई सशस्त्र प्रहरी नियमावली, २०७२ को परिच्छेद १३ को नियम ११३ को उपनियम (१) को खण्ड (ज) अनुसारको कसुरमा ऐ. नियमावलीको नियम ११५ ले दिएको अधिकार प्रयोग गरी ऐ. नियमावलीको नियम ११० को खण्ड (ख) (१) बमोजिम अख्तियारप्राप्त सशस्त्र प्रहरी उपरीक्षक गणपतिबाट मिति २०७२/०२/२४ गतेबाटै लागु हुने गरी भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी मिति २०७२/०३/२५ मा भएको निर्णय निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गरी बदर गर्न

मिल्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ ।
फैसला तयार गर्ने अधिकृतः तारादेवी महर्जन
इजलास अधिकृतः मतिना शाक्य
कम्प्युटर: चन्द्रावती तिमल्सेना
इति संवत् २०७६ साल फागुन २० गते रोज १ शुभम् ।

इजलास नं. १३

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या. श्री सुष्मालता माथेमा, *०७६-WH-०२५६, बन्दीप्रत्यक्षीकरण, चन्द्रबहादुर बुढासमेत वि. इलाका प्रहरी कार्यालय, मोतिपुर बर्दियासमेत*

निवेदकहरू चन्द्रबहादुर बुढा र दलबहादुर खत्रीलाई २०७६।६।३० मा पक्राउ गरी निजहरूसमेत २१ जनाउपर दाङ देउखुरी जिल्ला अदालतमा सङ्गठित अपराध र हातहतियार खरखजानासमेत मुद्दा चली यी निवेदकहरूले जनही रू.१५,०००/- (पन्ध्र हजार) धरौटी बुझाई थुनामुक्त भएको देखिन्छ । तत्पश्चात् निवेदकहरू मिति २०७६।१०।२१ मा पक्राउ परी जिल्ला प्रशासन कार्यालय, बर्दियाबाट म्याद थप अनुमति लिई पहिलो पटक दिन ६ र दोस्रो पटक दिन १२ म्याद थप गरी सार्वजनिक हित र नैतिकता विरूद्धको कसुरमा कारबाही चलाएको भन्ने देखिएको छ । निवेदकहरूउपर शारीरिक मानसिक यातना दिएको वा मानवोचित व्यवहार नगरिएको भन्ने नदेखिने ।

बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनको लागि कुनै व्यक्तिलाई गैरकानूनी किसिमले थुनामा राखेको अवस्था हुनुपर्छ । निवेदकहरूलाई जिल्ला बर्दिया बाँसगढी नगरपालिका वडा नं. ५ स्थित सडक खण्डमा शंकास्पद तरिकाले हिँडिरहेको अवस्थामा डिउटीमा खटिएका प्रहरी गस्ती टोलीले सोधपुछ गर्दा निजहरूले एक्कासी प्रहरी टोलीलाई अश्लील शब्द प्रयोग गरी अभद्र व्यवहार गरिरहेका अवस्थामा निजहरूलाई नियन्त्रणमा लिई तत्काल जरूरी पक्राउ पुर्जी जारी गरी आवश्यक कारबाहीको लागि कानूनबमोजिम जिल्ला प्रशासन कार्यालय, बर्दियाबाट म्याद थप गरी अनुसन्धान कार्य भइरहेको देखिन्छ । यसरी निवेदकहरूलाई सार्वजनिक हित र नैतिकता विरूद्धको कसुर शीर्षकमा अनुसन्धान गर्ने क्रममा प्रचलित कानूनबमोजिम अनुमति लिई पक्राउ गरेको देखिएको र पक्राउ गरिसकेपछि अनुसन्धानको लागि तालुक जिल्ला प्रशासन कार्यालयबाट जरूरी पक्राउ पुर्जीसमेत स्वीकृत गराई पक्राउ मिति २०७६।१०।२१ गतेदेखि नै लागु हुने गरी पहिलोपटक दिन ६ र मिति २०७६।१०।२७ गतेदेखि लागु हुने गरी दोस्रोपटक दिन १२ को म्याद थप म्याद गरी हिरासतमा राखेको देखिँदा गैरकानूनी थुना भन्न सकिने अवस्था नहुँदा निजलाई गैरकानूनी रूपमा पक्राउ गरिएको र थुनामा राखिएको नदेखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन नपर्ने ।

अतः निवेदकहरूलाई गैरकानूनी थुनामा राखी शारीरिक तथा मानसिक यातना दिएको नदेखिएको अवस्थामा मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपरेन । निवेदन खारेज हुने ।
इजलास अधिकृत: बिना गौतम
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७६ साल फाल्गुन १४ गते रोज ४ शुभम् ।